ऐतिहासिक मकवानपुरगढी चिनारी

मकवानपुरगढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मक्रान्चुली, मकवानपुर

बागमती प्रदेश, नेपाल

ऐतिहासिक मकवानपुरगढी चिनारी

मकवानपुरगढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मक्रान्चुली, मकवानपुर

बागमती प्रदेश, नेपाल

संरक्षक

बिदुर हँमागाईँ

अध्यक्ष

सल्लाहकार

हर्कमाया रुम्बा-उपाध्यक्ष

उपाध्यक्ष

खोजकर्ता :

केदार प्रसाद न्यौपाने

हेटौँडा

सम्पादन :

रामकुमार पुडासैनी, प्रमुख प्रशासकीय अधिकृत

बखान सिं पाख्रिन, वडा नं. २ का वडा अध्यक्ष

सुरज पौडेल, सूचना प्रविधि अधिकृत

कृष्ण प्रसाद पोखरेल, वडा नं. ३, स्थानीय जानकार

प्रकाशकः

मकवानपुरगढी गाउँपालिका

गाउँपालिकाको कार्यालय

मक्रान्चुली, मकवानपुर

बागमती प्रदेश, नेपाल

इमेलः info@makawanpurgadhimun.gov.np

makawanpurgadhi.rmc@gmail.com

वेभसाईटः www.makawanpurgadhimun.gov.np

प्रकाशन वर्षः २०७८

प्रकाशन प्रति : २००

प्रकाशन मिति : २०७८ माघ

© मकवानपुरगढी गाउँपालिका

मुद्रण : एम.एस. प्रिन्टिङ्ग सोलुशन, काठमाडौं ।

फोनः ०१-४१०८११०, msprintingsolution@gmail.com

अध्यक्षको भनाइ

विज्ञ, खोजकर्ता, तथ्याकं संकलक तथा ऐतिहासिक मकवानपुरगढीको विषयमा जानकार लेखक श्री केदार प्रसाद न्यौपाने तथा अन्य व्यक्तिहरुको सहयोग तथा समन्वयमा ऐतिहासिक मकवानपुरगढी केन्द्रित रही गढीको ऐतिहासिक विषयवस्तुहरुको विस्तृत अध्ययन गरी तयार गरिएको यस "ऐतिहासिक मकवानपुरगढी चिनारी" पुस्तक मकवानपुरगढी गाउँपालिकामा जनप्रतिनिधि निर्वाचित भए पश्चात प्रथम पटक प्रकाशन हुन गईरहेकोमा अन्यन्त खुशी व्यक्त गर्दछु।

मुलुक संघीयतामा प्रवेश गरेसँगै ऐतिहासिक मकवानपुरगढीको संमृद्धिको लागि नीति निर्माताहरुलाई यस्ता पुस्तकहरुले मार्ग प्रदर्शन गर्ने गर्दछन् । ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरु, धार्मिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न यस्ता पुस्तकहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । ऐतिहासिक मकवानपुरगढीमा विरताको इतिहास, सेनवशींय राजाहरुको वंशावलिको चित्रण तथा हालको मकवानपुरगढीमा गाभिएका साविक गाउँ विकास समितिहरुको परिचय समेत सवाविष्ट भएको यस पुस्तकले ऐतिहासिक मकवानपुरगढीको अध्ययनको लागि महत्वपूर्ण सन्दर्भ सामग्रीको रुपमा अत्यन्त उपयोगी सिद्ध हुनेछ भन्ने विश्वास लिएको छु।

अन्तमा यस ऐतिहासिक मकवानपुरगढी तथा नेपालका विभिन्न ऐतिहासिक क्षेत्रकाका विषयमा जानकार सामाजिक व्यक्तित्व धार्मिक, ऐतिहासिक, सांस्कृतिक क्षेत्रका चिरपरिचित, मिहिनेती, उत्साही व्यक्तित्व, जोश जाँगरका साथ ऐतिहासिक मकवानपुरगढीको विषयमा खोजी गर्ने श्री केदार प्रसाद न्यौपाने, मकवानपुरगढी गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरु, गढी संरक्षण समिति तथा पर्यटन विकास समितिका पदाधिकारीहरु लगायत यस पुस्तक तयारीमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्ने सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु।

बिदुर हुमागाँई
अध्यक्ष
मकवानपुरगढी गाउँपालिका
मकवानपुर

प्रमुख प्रशासकीय अधिकृतको भनाई

ऐतिहासिक मकवानपुरगढी चिनारी पुस्तक तयारीका क्रममा सम्पादनको जिम्मेवारी समेत लिएको थिए। प्रस्तुत पुस्तक ऐतिहासिक मकवानपुर जिल्लाका प्राचीन मकवानपुर राज्य तथा सो राज्यसँग सम्बन्धित अन्य राज्यहरु उत्पति, नेपाल एकिकरणमा समावेश भएको सेन राजाहरुको वंशावलि चित्रण गर्ने तथा सोही ऐतिहासिक मकवानपुरगढी गाउँपालिकाको नामबाट हाल नामाकरण भएको मकवानपुरगढी गाउँपालिकामा गाभिएका साविकका स्थानीय निकायहरुको सम्बन्धमा चित्र सहित संक्षिप्त वर्णन भएको पुस्तक हो। यस अवस्थामा गढीको पुरातात्विक इतिहासको अध्ययन गर्न चाहनेका लागि यो पुस्तक सान्दर्भिक हुने ठानेको छु।

मकवानपुरगढी गाउँपालिकाले भौतिक पूर्वाधार विकासमा मात्र नभएर सामाजिक रुपान्तरण, ऐतिहासिक, पुरातात्विक खोजमुलक कार्यमा पनि प्राथमिकताका साथ काम गरिरहेको प्रमाणको ज्वलन्त उदाहरण यस पुस्तक बन्न गएकोमा अत्यन्तै खुशि लागेको छ। खोजकर्ता आदरणीय केदार प्रसाद न्यौपानेज्यूको विशेष सहयोगमा लेखिएको यस पुस्तक अहिलेको आवश्यकता अनुसार अध्ययन एवं इतिहासको विषयवस्तुको सम्बन्धमा ज्ञान आर्जन गर्न उपयोगी सिद्ध हुनेछ भन्ने मेरो विश्वास छ। पाठक वर्ग तथा विद्यार्थीको आवश्यकता अनुसारका यस्ता पूस्तकको न्युनता एवं अभावलाई पूर्णता दिन सरल भाषामा लेखिएको यस पुस्तक फलदायी हुने ठानेको छु। प्रकाशित पुस्तक वर्तमान तथा भावी पुस्तका लागि समेत पठनीय, ज्ञानवर्द्धक, सूचनामुलक र सङ्ग्रहणीयको साथसाथै समग्र मकवानपुर राज्य तथा सो राज्य सँग अन्तरसम्बन्ध हुने राज्यहरुको समेत ऐतिहासिक वस्तुस्थिती झल्किने एक कोसेढुङ्गा सावित हुने मेरो विश्वास छ।

अन्तमा यस पुस्तक तयार गर्न सहयोग गर्नुहुने खोजकर्ता केदार प्रसाद न्यौपानेज्यूलाई हार्दिक आभार व्यक्त गर्दछु। साथै यस पुस्तक तयारीका क्रममा साथ सहयोग समन्वय गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, कर्मचारीहरु, मकवानपुरगढी गाउँपालिका पर्यटन विकास समितिका पदाधिकारीहरु, पुरानो गोरखगण, सुपारेटार ब्यारेकका नेपाली सेनाहरु तथा पुस्तक तयारीका क्रममा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने सबै प्रति हार्दिक आभार व्यक्त गर्दछु।

रामकुमार पुडासैनी
प्रमुख प्रशासकीय अधिकृत
मकवानपुरगढी गाउँपालिका

लेखक एवं खोजकर्ता
केदार प्रसाद न्यौपानेको भनाई

प्रमाण जम्मा गरेर इतिहास तयार पार्नु कठिन कार्य हो । त्यसमा पनि खोज-अनुसन्धान गरी लेख्नु त झन् कठिन हो । चिसापानी ईलाका प्रगण्डा सेती पञ्जार भालुटारको न्यौपाने बिर्ताबाट बि.सं. २०१२ साल चैत्रमा मकवानपुरगढी आएको थिएँ ।

मलाई त यहाँ आउँदा ढुङ्गा खोज्दा देउता मिलेको जस्तो भयो । उत्तरतर्फको प्रवेशद्वारबाट प्रवेश गरे । पूर्व-पश्चिम लम्बाई २५.७ र चौडाइ ९.१० मिटर क्षेत्रफलमा किल्ला दरबार बनेको रहेछ । २ तल्लाको दुवै दरवारको छाना भिँगटी र माटोको खपटा क्षतिग्रस्त अवस्थामा थियो । दरवार किल्ला मन्दिर आँखीझ्याल आदि कुदेको चाक्लो पत्थरद्वारा निर्माण भएको रहेछ । पश्चिम दरवारको पश्चिम पानी सञ्चय गर्ने चपरीद्वार रहेछ । यसलाई चपचा भनिएको थियो । पूर्वदरवारको पूर्वका चपचामा राणाकालको प्रारम्भ मै वायरलेस मेसिन राखिएको रहेछ । त्यसको अगाडि किल्लासंगै एक कोठाको भवन सुर्जाका रुपमा पनि प्रयोग भएको र कोठाबाट भऱ्याङ हुँदै तल झरेर खाईसम्म पुगेको र त्यहाँबाट हात-हतियार राख्ने सुरुङग, गुफा स्थानसम्म पुगेको भनिन्छ । त्यहाँ भएका हातहतियार जसलाई तिलस्मी भनिंदो रहेछ । गुफास्थानमा गएर हेर्दा चुनसुर्कीको जोडाइ भएको सुरुङ हो कि भने अड्कल गरिन्छ । पश्चिम भवनको पूर्व-दक्षिणमा वंशगोपाल भनिने बाँसुरी बजाई रहेकोले वंशी गोपालको पौने पाँच फुटको धातुको मूर्ति रहेछ । एकतल्ले पश्चिम मोहडाको राजा माणिक सेनको पालामा राखेको घण्टा प्रमाणको रुपमा पाएँ ।

पश्चिम भवनको दक्षिणतर्फ एकतल्ले पश्चिम मोहडाको कालो पत्थरको शिवलिङग सोमाथि तामाको चदुवा-जलरी राखिएको थियो । पश्चिमतर्फको चपचामा पानी सञ्चय भैरहेको थियो । यसको नाप ८.९०३ मिटर गोलो आकारको थियो । पानी बोकेर ल्याउने कुवाहरुलाई धर्मपानी, राजपानी, कञ्चनपानी, भत्तेरपानी, अमृतपानी भनिन्थ्यो । वंशी गोपालमा भाद्र कृष्ण अष्टमीमा र महादेव मन्दिर कात्तिक शुक्ल हरिवोधिनी एकादशीमा ठूलो मेला लाग्दछ । दुवै मन्दिरको नित्य पुजा जात्रा प्रसादी भोज गर्न वंशी गोपालको खतिवडा पुजारीका लागि पर्सा जिल्लामा र महादेव मन्दिरको पुजारी बृद्ध गौतमलाई बारा जिल्लामा बिर्ता जग्गा दिईएको थियो । आज पनि खतिवडा र गौतम परिवारले जग्गाको हकभोग गरिरहेका छन् ।

यस किल्लाको नाप ११५ मिटर पूर्व पश्चिम र उत्तर-दक्षिण ३५ मिटर भनी सेनाले लेखेको रहेछ । किल्लाको बीच-बीचमा बक्राकारको पर्खाल र १३ वटा चर (प्वाल) मा १३ वटा नै तोप राखिएको थियो । किल्ला बाहिर चारैतर्फ जमिनमा २ मिटर चौडाई र गहिराईमा खाई (खाल्टो) थियो । वर्षाद्को पानी उत्तरतर्फ जाने साना प्वालहरु थिए । दक्षिणतर्फ किल्ला उत्तर गोला, बारुद र बन्दुकका गोलीहरु थिए । वंशी गोपालको मूर्ति भूकम्प आउँदा ढलेकोले उठाएर सिक्रीले बाँधेर राखेकोमा राती श्रीकृष्ण चितवनसम्मको तोरीबारीमा जाने गरेकोले बाँधेर राखेको भनिदो रहेछ । इतिहासका कुरा स्थानीय पाठशालाका पण्डित ताराप्रसाद उपाध्याय कहाँ पुर्गें । उहाँले पनि यहाँको इतिहास पाईएको छ भने । पाल्पाको इतिहासमा पाल्पाली मुकुन्द सेन द्वितीयको कान्छा छोरा लोहाङ सेन ई.सं. १५५३ वि.सं. १६१० मा अंश भाग लिएर यहाँ आएको भन्ने भनाई छ । कतिजना राजा भए । मकवानपुर नाम कसरी भयो ? कहिलेदेखि भन्ने प्रमाण मैले पनि पाएको छैन् । यो दरवार स्थानीयहरु मुकुन्द सेनको भन्दा रहेछन । उनी यहाँ आएका प्रमाण छैन भन्नुभयो । लोहाङ सेनले दरवार प्रशासनिक भवनहरु निर्माण गरेको भन्ने वंशावलीमा उल्लेख छ । किल्ला अभय सेनले निर्माण गर्न लगाए भनिएको छ ।

तत्कालसम्म मकवानपुरको इतिहास लेखिएको थिएन । जनकपुरमा चतुभुर्ज गिरिलाई मकवानी राजा इन्द्र विधाता सेनले श्री सीताराम, श्री लक्ष्मीनारायणप्रति कुश बिर्ता सम्वत् १११४ साल श्रावण सुदि ३ रोजका दिन दिएको प्रमाण भेटिन्छ । त्यसकारण पाल्पाली मुकुन्द सेनभन्दा अगाडि नै मकवानपुर भएको हो । यस डाँडाको शिरो भागमा आएर रुपनगरका राजाले अस्थाई मुकाम बनाएर सेना भर्ना गरी तालिमसमेत दिएको र तत्काल खाजा/खाना खुवाउनेहरु पनि छाप्रो हालेर नजिकै बसेछन् । त्यसकारण मुकाम र वस्तीलाई संस्कृत भाषामा पुर भनिदा मुकाम हुँदै मकवानपुर भनिएको हो । पूर्वबाट सेन राजाहरु राजापुर-विनायकपुर हुँदै पाल्पा राजधानी गर्ने रुद्रसेन हुन् । उनका छोरा मुकुन्द सेन द्वितीय १५१८-देखि १५५३ सम्म थिए । पूर्वबाट पश्चिम गएर पश्चिमबाट पूर्व आएका हुन् ।

इतिहास खोजि गर्दा ईं.सं. १६८२ वि.सं. १६३९ मार्ग १४ गते ललितपुर, कान्तिपुर, लमजुङ गोरखाका राजाहरु मिलेर मकवानपुरगढीमा आक्रमण गर्न आएको भनि चन्द्रमान जोशीले ठ्यासफु लेखेका रहेछन् । तत्काल राजा शुभसेन मकवानपुरगढीको राजा थिए । त्यसैले मकवानपुरगढी युद्धमोर्चाको रुपमा पनि प्रयोग भएको थियो । मकवानपुरगगढीको पूर्व-दक्षिणको भीरलाई गंगाभीर भनिन्छ । राजा हेमकर्ण सेनको प्यारो एक दन्ते सेतो हात्तीको स्मरणमा मकवानपुरगगढी गाउँपालिकाले सोको स्मृती पार्क निर्माण गरी स्थापना गरिसकेको छ । राजा हेम कर्ण सेन ई.सं. १७३०-१६५९ सम्मका राजा थिए । उनले गोरखाका युवराज पृथ्वी नारायण शाहलाई छोरी इन्द्र कुमारीको ई.सं. १७३८ को फेब्रुअरीमा विवाह गरिदिएका थिए । तर, द्विरागमन नगरी डोला (दुलही) पठाइएनन् । पुनः एक वर्षपछि आउँदा पनि जेठान दिग्वन्धन सेनसम्म वाद-विवाद भएर छोरीलाई विवाहका दिएको गजमोतीको हार र एकदन्त हात्ती गौनासंगै पठाइ दिन ससुरा तयार थिए । तर, जेठानले रोके । तब पृथ्वी नारायणले भने एकदन्ते हात्ती र नवलाखी हिराको दान दिन्छौ भन्या डोला पनि लैजाला दिन्नौ भन्या काढी तरवारसित पनि लैजाला भनेर माढीबाट प्रातःकाल ससुरालीसंग बिदा नभई गोर्खा फर्केका थिए ।

वि.सं १७९९ चैत २५ गते पृथ्वीनारायण शाह राजा भए । वि.सं. १८१९ भाद्र ९ गते ससुराली राज्य मकवानपुर विजय भयो र अस्थायी सैनिकहरुलाई ऐ. असोज ५ गते श्रीनाथ र कालीबक्स र ऐ. ९ गते बर्दवाना र सबुज कम्पनी खडा गरे । तर, मगधका मिरकासिमका मुगल सेना आएर आक्रमण गर्दा गोर्खालीहरुले प्रतिकार गरी उनीहरुलाई लखेटे । तवत पहिलो पटक विदेशी सेनासंगको लडाईमा गोर्खालीले विजय गरे । ऐ फाल्गुण १० गते गोरख कम्पनी मकवानपुरमै गठन भयो । राजा पृथ्वीनारायण शाहको पहिलो विजित राज्य मकवानपुर थियो । विदेशी सेनालाई पराजित गरेर विजय गरेको स्थान पनि मकवानपुर नै हो । यसको इतिहास खोजि गरी सर्वप्रथम विजय जुलुस मनाउने हेटौंडा सन्देश दैनिक परिवारबाट २०६५ माघ १० गतेबाट सुरु भएको हो । मकवानपुरगढी पर्यटन विकास समन्वय समिति गठन गरि २०६८ माघ १० गते मनाएको शिलालेख राखिएको छ ।

२०७४ सालको स्थानीय तहको निर्वाचनपश्चात् मकवानपुरगढी गाउँपालिकाले वार्षिक रुपमा मनाउने गरिएको छ । नाप नक्सा भएको जिल्लाभित्र र बाहिरको सबै जग्गा मकवानपुरगढीकै नाममा जग्गा धनी प्रमाण पूर्जा लिन अत्यावश्यक छ । तत्काल माननीय सांसद इन्द्रवहादुर बानियाको सांसद कोषबाट र मेरो व्यक्तिगत प्रयासबाट पुरातत्व विभागको निर्देशनमा गुरु योजना मूख्य गढी, ढुंङगेगढी र सानोगढीको नक्सा तयार भएकोले सो अनुसारको सम्पदा पुनःनिर्माण र नयाँ निर्माण होस् । प्रदेश सरकारबाट सूचना केन्द्र निर्माण सम्पन्न भैसकेकोले पुरातात्विक ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थान बनोस् भन्ने आशा गरेको छु । यो पुस्तक तयार गर्न गाउँपालिका अध्यक्ष बिदुर हुँमागाई, प्रमुख प्रशासकीय अधिकृत रामकुमार पुडौसनी र सूचना प्रविधि अधिकृत सुरज पौडेल र स्थानीय कृष्णप्रसाद पोखरेलसहित सबैलाई यथोचित धन्यवाद ।।

केदारप्रसाद न्यौपाने
प्रकाशक हेटौंडा सन्देश दैनिक
खोजकर्ता तथा लेखक

विषयसूची

१. मकवानपुरगढी गाउँपालिकाको परिचय १

२. साविक गाउँ विकास समितिहरु ४

  १. साविक मकवानपुरगढी गाउँ विकास समिति ४

  २. साविक आमभञ्जयाङ गाउँ विकास समिति ६

  ३. साविक सुकौरा गाउँ विकास समिति ८

  ४. बुढीचौर गाउँ विकास समिति ९

३. मकवानपुरगढीका सेन राजाहरु ११

  १. लोहाङ्ग सेनः १२

  २. राघव नरेन्द्रसेन १३

  ३. राजा हरिहरसेन १५

  ४. राजा शुभ सेन १६

  ५. माणीक सेन १८

  ६. हेमकर्णसेन २०

  ७. ईन्द्रकुमारीको विवाह घर २१

  ८. दिगबन्दनसेन २३

४. मकवानी सेन राजाहरुका वंशावली २६

५. नेपालमा सेनवंशी राजाहरु २९

६. गोर्खालीहरुबाट मकवानपुर विजय ३२

७. बंगाली सेनासँग मकवानपुरमा लडाई ३५

८. मकवानपुरगढीमा पहिलो सैनिक संगठन ३६

९. ऐतहासिक मकवानपुरगढी क्षेत्र ३७
१०. नेपालको किल्ला गढ,गढी,कोट ३९
११. चिसापानी इलाका र मकवानपुर माल अड्डा (प्रशासनीक निकाय गढी, किल्ला र गोश्वारा) ४१
१२. मकवानपुरगढीमा वार्षिक विजयोत्सव कार्यक्रम ४२
१३. मकवानपुरगढी गाउँपालिकाको पार्यटकिय स्थलहरु ४६
    १. मकवानपुरगढी दरवार ४६
    २. ढुंगे गढी ४८
    ३. रानीबास कृषि पर्यटन पार्क ४९
    ४. पशुमैत्री पार्क ५०
    ५. मनकामना मन्दिर ५२
    ६. सहिद रुद्रबहादुर पाख्रिन स्मृति वाटिका ५४
    ७. एकीकरण बिजयी पार्क ५५
    ८. ऋषेश्वोर गुफा ५७
    ९. खुँडेधार ऐतिहासिक पदमार्ग ५८
    १०. पल उग्रेन देछेन छोईलिङ गुम्बा १०
१४. पर्यटकीय क्षेत्रहरु झल्कने नक्साः ६०

मकवानपुरगढी गाउँपालिकाको परिचय

पूर्व ठिंगन र छतिवन हाल वकैया गाउँपालिका, पश्चिम हेटौंडा नगरपालिका हाल उपमहानगरपालिका र साविक भैसी दोभान गाउँ विकास समिति हाल भिमफेदी गाउँपालिका उत्तर सामरी जलाधार क्षेत्र आम भञ्ज्याङ र सुकौरा गाउँ विकास समिति बाट हाल मकवानपुरगढी गाउँपालिका दक्षिण वडा २,५,६,७ हेटौंडा नगरपालिका वडा नं. २,५,७,६, हटिया, हर्नामाडी, छतिवन गा.वि.स.बाट हाल हेटौंडा उपमहानगर पालिकाको २,५,७,६, १६, १७ वडा र वकैया गाउँपालिका सिमानामा थियो । यो गाउँपालिका इलाका १३ मध्य ४ नं. इलाकामा पर्दछ। मकवानपुर राज्यको राजधानी मकवानपुरगढीको रुपमा परिचित राहेको थियो । त्यसै बाट जिल्लाको नामाकरण हुदै २०७३ साल फागुन २७ गते राज्य र स्थानीय तहका राजधानीको नाम कायम गर्दा मकवानपुरगढी गाउँपालिका नामाकरण भएको छ। ४३ गाउँ विकास समिति मध्ये एक मकवानपुरगढी गा.विस. थियो भने मकवानपुर जिल्लाको १० वटा स्थानिय तहको रुपमा घोषणा हुदा मकवानपुरगढी गाउँपालिका कायम भएको हो ।



Copyright@MoFALD

मकवानपुरगढी गाउँपालिका बागमती प्रदेश अन्तर्गत मकवानपुर जिल्लामा अवस्थित चुरे र पहाडी विशेषता बोकेको गाउँपालिका हो। साविक मकवानपुरगढी, बुढीचौर, सुकौरा तथा आमभञ्ज्याङ गाविसहरु मिलेर बनेको यो गाउँपालिका १४८.७३ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ। यस परिच्छेदमा यस क्षेत्रको भौगोलिक अवस्थिति ऐतिहासिक चिनारी तथा नामाकरण, राजनीतिक अवस्थिति, प्राकृतिक तथा

साँस्कृतिक उत्कृष्टता, विकासका संभावनाहरुलाइ समेटिएको छ। भौगोलिक अवस्थिति समुन्द्री सतहबाट करिब १३०४ मिटर सम्मको उचाईमा रहेको मकवानपुरगढी गाउँपालिका भौगोलिक अवस्थितिका हिसाबले २७ डिग्री २१ मिनेट ३९ सेकेण्डदेखि २७ डिग्री ३० मिनेट ४१ सेकेण्ड उत्तरी अक्षांश र ८५ डिग्री २ मिनेट ३७ सेकेण्डदेखि ८५ डिग्री १३ मिनेट ८ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएको छ। यस गाउँपालिका मकवानपुर जिल्लाको जिल्ला सदरमुकाम हेटौंडासँग सिमाना जोडिएर पूर्व तथा उत्तर भागमा रहेको छ। साथै यस गाउँपालिकाको पूर्वमा बकैया गाउँपालिका, पश्चिममा हेटौंडा उपमहानगरपालिका भीमफेदी गाउँपालिका, उतरमा भीमफेदी गाउँपालिका दक्षिणमा हेटौंडा उपमहानगरपालिका र बकैया गाउँपालिकासँग सिमाना जोडिएको छ।

जिल्लाको कुल क्षेत्रफलको ६.५२ प्रतिशतु भू-भाग ओगटेको छ। गाउँपालिकाको वडागत क्षेत्रफलसम्बन्धी विवरण देहायको तालिका नं. १ मा प्रस्तुत गरिएको छ।

भौगोलिक अवस्थिति

वडा नं.	समावेश साविक गाविस र वडा	क्षेत्रफल (वर्ग कि.मी.)	प्रतिशत
१	मकवानपुरगढी (साविक वडा नं. १,२)	२३.३४	१५.६९
२	मकवानपुरगढी (साविक वडा नं. ४)	१७.११	११.५०
३	मकवानपुरगढी (साविक वडा नं. ६,७)	७.१९	४.८३
४	मकवानपुरगढी (साविक वडा नं. ८,९)	८.४९	५.७०
५	आमभञ्ज्याङ्ग (साविक वडा नं. १-४)	२१.२३	१४.२७
६	आमभञ्ज्याङ्ग (साविक वडा नं. ५-९)	१८.९७	१२.७५
७	सुकौरा (साविक वडा नं. १-९)	२५.१२	१६.८८
८	बुढीचौर (साविक वडा नं. १-९)	२७.२८	१८.२३
	जम्मा	१४८.७३	१००

स्रोतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७४

मकवानपुरगढी गाउँपालिका को विविध तथ्यांक

साविक गा.बि.स.	भौगोलिक क्षेत्रफल हे.	खेतीयोग्य क्षेत्रफल	धान खेति	पाखोबारी	सिंचाई भुमि	मौसमी सिंचित	जम्मा सिंचित क्षेत्रफल
म. गढी	५१५६	५२५	२३०	२९५	१३.५	११६.५	१३०
आमभन्ज्याङ	४०००	१४३८	१००३	४३५	३०२	४२३	७२५
सुकौरा	२५१३	११०४	११४	९९०	५	२५	४०
बुडिचौर	२७३२	१४०४	९९	१३०५	५	२०	३५

साविक गाउँ विकास समितिहरू

१. साविक मकवानपुरगढी गाउँ विकास समिति

मकवापनुरगढी गाउँ विकास समिति अन्तरगत २५७६ घर परिवार थियो । गाउँ विकास समितिको जनसङ्ख्य ११५९० मध्ये ७९४१ अर्थात ६८।५२ प्रतिशत साक्षर थिए। मातृभाषा तामाङ बोल्ने ७३९९ जाना, नेपाली भाषा बोल्ने ४९८१, मैथिली भाषा ११, गुरुङ २४ जना थिए र अन्य जातका २३ जना थिए। ग्रामपञ्चायत हुदा यस ग्रामपञ्चायतको सिमाना वडा न. १ र २ नं. भएर गएको थियो। जाहाँ १ नं. क्षेत्रमा १५ गाउँहरु पर्दथ्यो। मकवानपुरगढी गाउँ विकास समिति को क्षेत्रफल ५१.५६ वर्ग कि.मी. रहेको थियो। वि.स. २०३७ साल पूव हेटौडा गाउँ पञ्चायत हालको मकवानपुरगढी गाउँपालिकाकको सिमाना सामरि खोलासम्म रहेको थियो र मकवानपुरगढि र त्यस भन्दा माथि पट्टिको भाग हटिया पञ्चायतमा पर्दथ्यो । ऐतिहासिक मकवानपुरगढीमा सेनकालिन राजधानिको रुपमा वि.स.१६१० देखि दरवार निर्माण गरिएको थियो। वि.स. १८१९ भाद्र ९ गते सेन राज्य समाप्त भए सँगै २०१८ सालमा जिल्लाको नाम मकवानपुर रहन गयो।

त्यसबखत अस्थाई बसोवास भएको ठाँउलाई मुकाम भन्ने गरिन्थयो त्यहि मुकामको नजिक केहि बस्ति वसेपछि त्यसलाई पुर (संकृत शब्द) भनियो यसै गरि मुकामपुरबाट अपभ्रंस भइ मकवानपुर नामाकरण भयो

र गाउँ विकास समितिमा गढी किल्ला अवस्थित भएकोले मकवानपुरगढी नामाकरण भयो । सेनकालिन राज्य समाप्त पश्चात बानियाँ मंत्रीहरुको बसोबास फुलवारी, डाँडागाउँ, रत्नदेवीसम्म थियो । प्रधानमन्त्री चन्द्रशंमशेरले बेलायत भ्रमण तर्फ जानुपूर्व वि.सं. १९७२ मा मकवानपुरगढीको छाप भन्ने ठाउँमा व्यारेक सहित जुगे दरवार निर्माण गरेका थिय । वि.सं. १९६४ मा त्यहाँ सेनाहरुको अफिस र हात हतियारहरु राखिएको सन्दर्भ रुद्रप्रसाद रिजालले वि.स. २०२५ सालमा बताएका थिए । वि.स.१९९६ सालको मंसिर महिनामा प्रधानमंत्री जुद्ध शमशेरको टोली सुपारेटार व्यारेकमा शिकार खेल्न आएका छन् भन्ने थाहा पाएर विद्यालय पाउँ भनि मकवानपुरगढि र आसपासबाट पं. सुवेदी, विष्णु हरि रिजाल, केदार नाथ खतिवडा, खडानन्द बाँसकोटा, रुद्रप्रसाद रिजाल, रामजी बाँसकोटा भक्तबहादुर श्रेष्ठ रामबहादुर श्रेष्ठ सहित ५० जना किशोर युवा र बृद्धाको टोली पाठशाला निर्माणको माग लिएर सुपरेटार ब्यारेक गएका थिए ।

उहाँहरुलाई सामरीखोला छेउमै सुरक्षा कर्मीले रोकि सोधपुछ गर्ने क्रममा पाठशालाको लागि अनुरोध गर्न आएको कुरो बताएपछि सेनाले प्रवेश दिए र पाठशालको लागि जुद्धशमशेरलाई विन्ती गरे । जुद्धशमशेरले पढाउने गुरु हुनुहुन्छ भनि सोध्दा गुरुको व्यवस्था भैसकेको कुरा बताए र पाठशाला स्वीकृत गरि मासिक रु १५ गुरुको लागि र परिचरलाई मासिक रु. ५ माल अड्डाबाट दिनु भन्ने आदेश भयो, यसरी वंशीगोपाल भाषा पाठशाला स्थापना भएको थियो । प्रधानमन्त्री चन्द्रशंमसेरलाइ स्वः टंक नाथ पराजुली, स्वः ताराप्रसाद सुवेदी, स्वः बखत बहादुर बानियाँ समतेको अनुरोधमा तत्कालिन अञ्चलधीश दामोदर शमशेर राणाले वि.सं. २००८ साल माघ २३ गते बाल वोध विद्यालय हेटौंडाबाट १३ कि.मी.पुर्व दोभान चौरमा स्वकृती पाएका थियो । मकवानपुरगढीको बंशगोपाल पाठशाला वि.सं. १९९६ मा स्वीकृती पाएर मकवानपुरगढीको पहिलो विद्यालय, वि.स. २००४ सालमा भीमफेदी आधारभूत विद्यालय हाल महेन्द्र माध्यामिक विद्यालय भएर दोस्रो र वि.स. २००८ सालमा पाठशाला बाल बोध जिल्ला कै तेस्रो विद्यालयको रुपमा स्थपना भएको थियो ।

वि.स.२०२४ देखि २०२६ सम्म गढीमै जन्मिएका बासुदेव रिजाल हेटौंडा गाउँ परिषद र हेटौंडा नगर पञ्चायतको प्रधानपञ्च भएर हेटौंडाका नयाँ सडकहरु निर्माण गरेका थिए । हेटौंडाको प्रगति, उन्नति र विकासका लागि आज पनि बासुदेव रिजाललाइ सम्झने गरिन्छ । मकवानपुरगढीमै जनिमएका कुवेर शर्मा पनि नेपालकै प्रमुख चार्टडएकाउन्टेनका रुपमा ख्याति कमाएका थिए । दरवारका सरदार रुद्र राज पाण्डेले वि.सं. २००० साल तिर कुर्ले, मोहरे, सामरी खोलाका दायाँ, बायाँ खयरमारा, झल्ला, अजिंगरे, धमिले, बागदली, खोलेखेत, करिब ३०० विगाहा जग्गा कुतमा दिएका थिए । प्रधानमंत्री भएको एक हप्ताभित्र मातृका प्रसाद कोईराला वि.स. २००८ साल मंसिरमा मकवानपुर गढीमा मालअड्डा, आयुर्वेद औषधालय, पाठशाला प्रहरी चौकी, वन कार्यालय आदि निरिक्षण गर्न आएका थिए । त्यसै बखत शिखरबासका लागि २०० विगाह र सुकुम्बासीका लागि २०० विगाहा जग्गा माग भएको थियो । मकवानपुरगढी, हर्नामाडी, हटिया, हेटौंडामा राजा त्रिभुवनबाट शिखरबासका लागि ७५ विगाहा र सुकुम्बासीका लागि ७५ विगाहा गरि जम्मा १५० विगाहा आदेश भई आवादी भएको थियो । वि.स. २०१२ साल देखि औलो उन्मूल हुँदै गएकोले योजना सहितको जग्गा विक्री वितरण सुरुवात भयो ।

२. साविक आमभञ्जयाङ गाउँ विकास समिति

वि.स. २०१८ साल देखि २०३८ सालसम्म साविक आमभञ्जयाङ गाउँ विकास समितिको प्रधानपञ्चमा भवनाथ धिताल थिए । उपप्रधानपञ्चमा ईश्वरीप्रसाद न्यौपान वि.स. २०१८ साल देखि वि.स. २०२८

सालसम्म र अन्तिम प्रधानपञ्चमा २०३९ देखि ०४६ सालसम्म कृष्णप्रसाद संजेल थिए। करिब ४० वर्ग कि.मी मा फैलिएको गाउँ विकास समितिको १ नं. वडा को, गाउहरुमा बुङ्दल, खैरेनी र जोगी डाँडा, २ नं वडामा लिंगे डाँडा, नया गाउ, ३ नं. वडामा धादिङ, भालु खोला, चेपाङ डाँडा, काली वन गाउँहरु ,४ नं. वडामा सोलिथुम, पेटीटोल, ज्यामिरे, चुवार, बाघथली, ८ नं. वडामा शरनपुर, अदालत बसेको डाँडा, फगेटे गाउँ ,वडा नं. ९ मा माथिल्लो घोप्टे, बाबियो डाडा, घोप्टे बेसी गाउँहरु थिए। साविक आमभञ्जयाङ गाउँ विकास समितिको ८० प्रतिशत भु-भाग भिरालो छ, २० प्रतिशत मात्र मैदानी भाग छ। धेरै जसो माटो ग्राभेल मिश्रण, कालो, बलौटे समेत छ। सामरी खोलाको अधिकाशं भाग कुर्लेतर्फ पर्दछ। सामरी पूर्वतर्फ मकवानपुरगढी गाउँ विकास समिति पर्दथ्यो। बलराम खतिवडा संस्थापक शिक्षकमा थिए , राप्रसाद दाहाल विद्यार्थीमा पहिलो थिए। वि.स.२०६८ को साक्षरता हेर्दा पुरुष ७७.९३ प्रतिशत र महिला ६३.५५ प्रतिशत रहेको छ। यस गाँउ विकास समितिको क्षेत्रमा धानखेत १००३ हेक्टर, पाखो बारी ४३५ हेक्टर रहेको छ।

हेलिग्राफ, तारोहान्ने ठाँउ ९ नं. वडाको थुम्कोमा छ हाल सम्म पनि यसको नाम प्रख्यात छ तर खोजि गर्दा कुनै तथ्य भने पाइएको छैन। तत्कालिन मकवानपुर राज्यको उत्तर तर्फको डाँडाको पाखोमा हेलिकप्टर अवतरण गर्नको लागि हेलिप्याड निर्माण गरि हेलिग्राफ नामाकरण गरिएको थियो।हाल यसलाई गाउँपालिकाले संरक्षण गर्ने निती लिएको छ। हेलिग्राफ नजिकै मकवानपुर राज्यका राजाहरुले सरणपुर भन्ने ठाँउमा न्याय सेवा र अदालत सम्बन्धि कामको लागि अड्डा राखिएको थियो। हाल यसलाई अदालत डाँडा भनेर चिनिन्छ। अदालत डाँडा नजिकै सेन राजाहरुको कुल देवताको पूजा समेत गर्ने गरीन्छ।

अदालत डाँडा, सेन राजाहरुको कुलायन पुजा गर्ने स्थान

आमभञ्ज्याङको पश्चिम सिमाना बुङ्दल खोला हो। यो खोलाको पानी हेटौडामा खानेपानी संस्थान मार्फत विधिसम्मत रुपमा वितरण हुदै आएको छ। दक्षिण सिमाना सामरी जलाधार हो। उत्तर-पूर्व तर्फ बुङ्दल खोला र महाभारत लेक पर्दछ। राणाकालमा सरकारी गोठहरु यही लेकमा थियो। वि.स २००७ सालको प्रजातन्त्र प्राप्ति पछि नामटारका बर्तौला र भिमफेदीका केशीहरुको गोठ यही स्थान थियो।

पूर्वतर्फ समरावती खोलालाई हाल सामरी भनिन्छ। सामरी नामको जलाधारले पूर्वोत्तरबाट आएर पश्चिम रही सामरीको पुलपछि उत्तरबाट आएकी रत्नावती, जसलाई राप्ती भनिन्छ। राप्तीमा मिश्रण भएपश्चात सामरीको नाम अस्तित्वमा छैन। बुङ्दल खोलाको पश्चिम पट्टि भै+से दोभानमा भैंसे गाउँ विकास समिति

पर्दथ्यो जुन हाल भिमफेदी गाउपालिका अन्तरगत पर्दछ । यहाँ मौसमि र बेमौसमि आलु र तरकारीहरु प्रसस्त मात्रामा हुन्छ । मानिसहरु हाल पहाडतर्फको आवधी छोडेर बेसीतर्फ झरिरहेका पाइन्छ ।

हेटौडा सिमेन्ट उद्योग, शिवम् सिमेन्ट उद्योगले आभञ्ज्याङ, सुकौरा, बुढीचौरको चुनढुङ्गा खानीहरु प्रयोग गर्दै आएको छ । जसले गर्दा बाढी-पहिरोको जोखिम अत्याधिक मात्रामा छ । खोला, खहरेका ढुङ्गा-बालुवा मेशिनद्वारा उत्खनन् भइरहेकोले यसबाट पनि बस्ती जोखिममा पर्ने गरेको छ । वि.स २०३०-०३१ सालमा आमभञ्ज्याङमा भएको सर्वे नापीमा आमभञ्ज्याङमा पनि नापी भएको थियो । तत्कालिन नापी हुँदा २३५५ कित्ता नापी भएर क्षेत्रफल २२३२ विगाहा १० कठ्ठा २ धुर भएको थियो । पछि नापी समस्या समाधान समिति, आयोगहरु गठन भएर पर्ति तथा नदी कटान जग्गाहरु दर्ता भएको थियो । बि.स. २०३५ पौष ९ गतेको गोरखापत्र दैनिकमा दिएको ९ इलाकामा १ नं. इलाका भिमफेदी, मच्छेडाँडा, आमभञ्ज्याङ र मकवानपुर गढी गाउँपञ्चायत पर्दथ्यो ।

३. साविक सुकौरा गाउँ विकास समिति

करिब २५.१३ वर्ग कि.मी मा फैलिएको साविक सुकौरा गाउँ विकास समिति र हाल मकवानपुरगढी गाउँपालिका वडा न.७ सुकौराको अध्यक्ष सँर्यबहादुर रुम्बाका अनुसार वडा नं. १ मा फुडदल, माथिल्लो जिम्बर, तल्लो जिम्बर र आँपडाँडा गाउँ, वडा नं. २ मा नरसिंह डाँडा सात कन्या दमार, चौकी डाँडा, ३ नं. वडामा तारु बास,४ नं. वडामा जरुवा, भुडे दमार,ज्ञाविन डाँडा, ५ नं. वडामा किटीनी बतासे गाँउ , भण्डारे, आम्बोटे, ६ नं. वडामा मच्छे डाँडा, वडा नं. ७ मा ढुङ्गे पानी, भिमडाँडा, सुकौर, वडा नं. ८ मा न्यौपानेटार, खोर, आल डाँडा, वडा नं. ९ मा कार्की डाँडा,तल्लो कार्की डाँडा, धुरुसुलघारी, खाली डाँडा, कार्की खोला , गाउँहरु पर्दछ । वडा नं. १ मा पर्ने जिम्बरको अर्थ जमिन्दार वा जिरायत भएको ठँउ हुन्छ, वडा नं. २ को हुलाकि दमारमा सेनकालिन समयमा सेन राजाहरुको हुलाकी अड्डा रहेकोले हुलाकि दमार नामाकरण भयो साथै देवि सात कन्या स्थापना गरेको हुनाले सात कन्या दमार,हालको चौकि डाँडामा सुरक्षाको निम्ति सुरक्षा चौकि बसेकोल चौकी डाँडा नाम रहन गयो ।वडा न. ३ मा पर्ने तारुवासको अर्थ तामा बास ,तारु बास, निगालो बास हुन्छ ,४ नं. वडामा पर्ने जरुवाको अर्थ पानिको जरुवा वा मुल भन्ने हुन्छ, ५ नं. वडामा पर्ने किटीनीको अर्थ किटको खानि,भण्डारेको अर्थ भण्डार गर्ने र अम्बोटेको हर्थ अम्बाको बोट भन्ने हुन्छ । वडा नं. ७ मा पर्ने ढुङ्गे पानीको अर्थ ढुङ्गा भएको स्थानमा पानी भएको भन्ने हुन्छ,त्यसै गरि जङ्गलि जनावरहरु खोर थापेर राख्ने हुदा खोर, डामा पोखरि भएकोले आँलडाँडा, वडा नं. ९ मा पर्ने कार्की डाँडाको अर्थ कार्किहरुको बसोबास गर्ने डाँडाँ, भन्ने हुन्छ ।

साविक सुकौरा गाउँ विकास समितिको जलस्रोत सामरी खोला र सुकौरा खोला हो । सँर्य बहादुर रुम्बा वि.स २०३९ साल देखि वि.स २०४६ सालसम्म सुकौरा गाउँ पञ्चायतका प्रधानपञ्च थिए । उपप्रधानपञ्चमा सुनराज स्याङ्तान थिए । राज्यको पुन संरचना हुदा ७ नं. वडा अध्यक्षमा सँर्य बहादुर रुम्बा नै निर्वाचित भएका छन् । यातायात सम्बन्धमा आमभञ्ज्याङ भएर सामरी जलाधार किनारैकिनार यहाँ पुगेर बुढी चौरसम्म पुग्ने बस सेवा सञ्चालनमा छ। साक्षरता प्रतिशत हेर्दा ६९.१५ मध्ये पुरुष ७५.४४ र महिला ६३.१५ मध्ये पुरुष ७५.४४ र महिला ६३.१२ प्रतिशत भएको पाइन्छ । जातिगत मातृ भाष जम्मा ३२२ । नेपाली भाषा बोल्ने २६१ जम्मा जनसंख्या ३५२५ । यहाँका बोटविरुवा, वनस्पतीहरुमा लिच्ची, निबुवा, कागती दक्षिण क्षेत्रमा पाइन्छ । उच्च भेगमा फरक फलफुलहरु पाइन्छ । उच्च टावर राख्न मिल्ने महादेव डाँडा उच्च स्थानमा राख्न सकिन्छ । बुढीचौर गाउँपञ्चायत भए पश्चात घोप्टे आमभञ्ज्याङ

र मच्छे डाँडामा सुकौराको सबै भू-भाग पर्दथ्यो । मच्छे डाँडा पछि बुढीचौर नै कायम भयो । ततः पश्चात सुकौरा गाउँपञ्चायत भएको थियो ।

४. बुढीचौर गाउँ विकास समिति

साविक बुढिचौर गाउँ विकास समिति समुद्र सतहदेखि १००० देखि २२१० मिटरसम्मको उचाइमा अवस्थित करिब २७३२ वर्ग हेक्टरमा फैलिएको छ जहाँ कृषि, बाली योग्य जमिन १४०४ हेक्टर, धानखेत १ हेक्टर, पाखा जग्गा १४०३ हेक्टर, मौसमी बाली हुने जग्गा १ हेक्टर भूमि भएको तथ्यांक छ। भूधरातलमा भिरालो जग्गा धेरै भएको गाविस हो । माटोमा बलौटो, दोमट, केहि रातो र केहि कालो भएको पाइन्छ । जैविक विविधतामा धनि रहेको गाउँ विकास समिति हो । करिब २७.३२ वर्ग कि.मी. मा फैलिएको बुढीचौर ग्राम पञ्चायतको सुरुवात वि.स २००९ सालमा भएको थियो । जगन्नाथ देवकोटा वि.स २००९ सालदेखि लगातार ८ वष सम्म प्रधानपञ्च भए । सो पछि भेषनाथ लम्साल वि.स २०२९ सालतिर निर्वाचनमा करिब १ वर्षको म्याद बाँकी हुँदा बाँकी अवधिको लागि शेरबहादुर घिसिङ निर्वाचित प्रधापञ्च भए । त्यस समयमा बुढीचौर गाउँपञ्चायत हटाएर मच्छेडाँडा नाम राखियो तर वि.स २०४२ साल पछि मच्छेडाँडा नाम हटाएर बूढचिौर नै कायम भयो । वि.स २०७३ साल फागुन २७ गते मन्त्री परिषदको निर्णयानुसार बुढीचौर गाउँ विकास समिति मकवानपुरगढी गाउँपालिको वडा नम्बर ८ मा कायम भएको छ ।

बुढिचौर गाउँ विकास समिति केहि भुभाग चुरे श्रृङ्खलामा र अधिकाशं भुभाग महाभारत पर्वतीय श्रृङखलामा अवस्थित छ । मध्यपहाडि भु-भाग मध्य पहुँचको हिसाबले कमजोर भएको बुढिचौर पनि एक थियो भनि जिल्ला विकास योजना मकवानपुरको वि.स २०७१/०७२ को योजनामा उल्लेख गरिएको छ, चुनढुङ्गा खानिले भरिपूर्ण भएको बुढिचौर अन्य विभिन्न जैविक विविधताको लागि कुराहरुमा प्रख्यात रहेको पाईन्छ । पान्द्राङ-बुढिचौर सडक, भिमफेदी-सुपिङ बुढिचौर सडक र सुकौरा बुढिचौर सडकबाट सार्वजनिक यातायात वा निजि सवारिको प्रयोगबाट बुढिचौरसम्मको यात्रा गन सकिन्छ । बुढिचौर देखि ईपा तर्फ जानको लागि पनि सडक रेखाङ्कन भएको छ । बुढिचौर गाउँ विकास समिति अन्तरगतका विद्यालय मध्य पहिलो पटक वि.स २०१४ सालमा रुप नारायण माध्यामिक विद्यालयको स्थापना भएको हो । यस पूर्व हैसियत भएकाहरुले गुरु ल्याए गुरुकुलमा पढाउने गरेका थिए । बुढिचौरको धार्मिक धरोहरको रुपमा रुपनारायण, महेश्वरी मन्दिर, ऋृखेश्वर महादेव, बाघभैरव, चकरी भैरव, देवि मन्दिर, कालिका देविका मन्दिरहरु प्रख्यात छन् । सडक रेखाकंन भने दम्की माथिको सुपिङ देखि बुढीचौर सम्म १० किलोमिटर कच्ची सडक छ । त्यस्तै सामरी पुल, डुम्रे कुना, सुकौरा भएर बुढीचौर पुगिन्छ । तेम्रो सडकमा हेटौंडा पिप्ले, मक्रान्चुली, शिखर कटेरी, सुकौरा भएर बुढीचौर पुग्न सकिन्छ भने अर्को सडक पान्द्राङ, इचुङ भएर बुढीचौर सम्म पुगिन्छ । साक्षरता प्रतिशत ६८.४४ प्रतिशत थियो । यो तथ्यांक वि.स २०७१ को हो । बुढीचौरको जनसंख्या २०८५ मध्ये नेपाली भाषा बोल्ने २४४ जना, तामाङ भाषा बोल्ने १८३३ जाना भएको तथ्यांक छ । जातजातीको तथ्याङ्क हेर्दा विश्वकर्मा २४ जना, क्षेत्री ११० जना, ब्रामण ८० जना, मगर १९ जना, तामाङ १८३९ जना भएको पाइयो ।

मकवानपुरगढीका सेन राजाहरू

सेन वंशको पहिलो राजा तेर्हौं सताब्दि तिर मुकुन्द सेनलाई मानिएको छ भने पाल्पा राज्य स्थापना गर्ने पहिलो राजा रुद्र सेनलाई मानिएको छ। वि.सं. १४९३ साल देखि १५१८ साल सम्म रुद्र सेनकै राज्यकाल थियो। रुद्र सेनका पिताको नाम चन्द्र सेन थियो।चन्द सेनलइ चन्द्रकेतु पनि भन्ने गरिन्थयो। वि.स२०१८ साल पछि नेपाललाई ७५ जिल्लामा विभाजन गर्दा सप्तरी जिल्लाको उत्तरपूर्व भागको पूर्व-पश्चिम राजमार्गबाट उत्तर तर्फ धर्मपुर भन्ने गाउँ छ जाँहाबाट ५ किमी उत्तर तफर्को चुरिया पहाडि श्रृङ्खलामा स्थापना गरिएको चन्द्रभाग भगवती देवी स्थान आज पनि अवस्थित रहेको छ। यो स्थानलाई मुकुन्द सेन द्वितीयका बाजे चन्द्र सेनका पिताले स्थापना गरिएका थिए र सेनहरु यहाँबाट पाल्पा तर्फ गएका थिए भन्ने प्रमाण पाइन्छ।

रुद्र सेनल राज्य विस्तार गर्ने क्रममो पाल्पासम्म आफ्नो राज्य विस्तार गरेका थिए। पाल्पामा रुद्रपुर नामको शहर बसालेको तराई जाने बाटोमा एक गढी किल्ला निर्माण गराएका थिए। माडीमा रुद्रेश्वर महादेवको मन्दिर निर्माण गराए जाहाँ एक शिलापत्र राखिएको थियो जुन शिलापत्रमा "रुद्रमहि" भनि लेखिएको छ। रुद्र सेनले प्युठानकी राजकुमारीसंग विवाह गरेर पश्चिमतर्फ आफ्नो अवस्था मजबुत बनाएका थिए। रुद्र सेनले पाल्पालाई राजधानि बनाएको प्रमाण पश्चिमी पाल्पा सरदेवाका नेपाल ब्राह्मणलाई आफ्नो पदाधिकारीलाई साक्षी राखेर भूमिदान दिईएको कुराबाट लिन सकिन्छ । रुद्र सेनपछि उनका छोरा मुकुन्द सेन द्वितीय पाल्पाका राजा भए। पाल्पाको इतिहास लेख्नेले मुकुन्द सेन प्रथम भनिएको छ। तर, प्रथम मुकुन्द सेन सप्तरी र सुनसरी क्षेत्रमा थिए। बाह्रौं, तेह्रौं शताब्दी मै हुँदा दोम्रो नै भन्नु पर्दछ। यिनले श्रीकृष्ण गण्डकी नदी किनारामा रुरु क्षेत्र, मुस्ताङमा मुक्तिनाथको मन्दिर, देवघाटमा मुकुन्देश्वर महादेवको मन्दिर, पटनादेखि ठोरी हुँदै नारायणगढसम्म ११ वटा रुद्रेश्वर मन्दिर, ११ वटा चौतारा बिसौंनीहरु निर्माण गराए । व्यापारीहरुले नारायणगढबाट गोरुगाढा र रांगागाढा चलाएर पटनासम्मको निकासी पैठारीको व्यापार व्यवस्था मिलाएका थिए। आफ्नो राज्यकालमा पाल्पा, तनहुँ, बुटवल र मकवानपुरका राज्यहरु छोराहरुलाई अंशवण्डा गरिदिएर आफु देवघाटको मुकुन्देश्वर महादेव स्थानमा गरि तपस्यामा लिन भए। अंशवण्डा गर्दा पाल्पामा माणिक सेन, तनहुँमा भृंगी सेन, बुटवलमा विनायक सेन र मकवानपुरमा लोहाङ सेनलाई राज्य विभाजन गरिदिएका थिए।

१. लोहाङ्ग सेन:

ई.स. १५५३-१५९१ सम्म लोहङसेनको राज्यकाल थियो । राज्य विभाजन गर्दा मकवानपुर लोहाङ सेनको भागमा परेको थियो। लोहाङ्ग अर्थ फलामको जस्तो शरीर भएको हुन्छ। उनलाई लवङ्ग प्रताप सेन पनि भनिएको छ। मकवानपुरगढीको दरवार लोहङसेनले निर्माण गरि राज्य संचालन गरेका थिए। उनले आफ्नो पुर्खाद्वारा निर्माण गरिएको मकवानपुरगढी किल्लाभित्र आएर राजदरबार निर्माण गराए। राजधानी पनि मकवानपुरगढीमा नै बनाएका थिए। अन्य भारद्धार, मन्त्री, सुरक्षाकर्मीहरुको लागि अड्डा तथा व्यारेक निर्माण गराएर आफ्नो राज्यको काम प्रारम्भ गरका थिऐ। तत्कालीन सामन्तमा मगरहरु नै थिए। मगरहरु

साना क्षेत्रको अधिनता लिँदै लोहङ सेन संग युद्दमा हार्दै जनकपुरको अदबारा नदी पार गरे । यसरि लोहङ सेनको राज्य विस्तार भएको थियो । आफ्नो पुर्खाले राज्य छोडेको धेरै वर्ष भएको हुँदा, सामन्तहरुसंग कुटनीतिक तबरले र कति ठाउँमा युद्ध नै गरेर आफ्नो राज्य फिर्ता लिन सफल भए । युद्ध गर्न आएका मोहन ठाकुरलाई परास्त गरे र विजयी भएको स्थान हाल महोत्तरी जिल्ला अन्तरगत पर्दछ । लोहाङ सेनले स-साना सामन्त राजाहरुलाई कुटनीतिक माध्यम र युद्धसमेत गर्दै त्यस समयमा रोजाका झमुना क्षेत्रका राजा थिए , उदयगिरी जोगोदामाका राजा थिए । धापरमा राजा कर्णदेव थिए । राज्य विस्तार गर्ने क्रममा कजैनमा राजा दुलबदेवले राजा लोहाङ सेनलाई निमन्त्रणामा लिएका थिए ।

कजैनमा राजाहरु सबै सामन्त थिए । हातहतियार सहितको सेना देखेपछि सबैले तपाईको राज्य स्वीकार्छौं, हामी सामन्त भएर तपाईलाई सहयोग गर्दछौं भनि अनुरोध गरेपश्चात राजाले पनि सहमति जनाए । उक्त कजैन क्षेत्रको राज्य वर्तमान सिराहा, सप्तरी र पूणिर्यासम्म पर्दथ्यो । लोहाङसेनलाई आफ्नो राज्य कोशि सम्म विस्तार गर्न ३० बर्ष लागेको थियो । कोशी तरेर विजयपुर पुगे त्यस समयमा विजयपुरमा राजा विजयनारायण थिए । उनले मोरङ क्षेत्रको सानो भू-भाग लिएर राज्य गरेका थिए । विजयनारायणले खेवाङ नामका किराँतका छोरा सिंह रायलाई आफ्नो दरबारमा नियुक्त गरेका थिए । किराँतका खेवाङ हाङ वंशका मुखिया थिए । सिंहरायसंग सर्वप्रथम मैत्री भाव राखे । सिंहरायको सहयोगपछि मोरङ उत्तरका चुरे पहाड र सो माथिका क्षेत्रहरुमा पुगेर ससाना राज्यहरु आफ्नो अधिनमा लिए । एकदिन सिंहरायले राजाको छोरिलाई बलात्कार गरेको, राजाको नामसमेत जोडिएको र गाईको मासु खुल्ला स्थानमा बसेर खाएको भन्ने आरोपमा उनलाई राजाले मृत्युदण्ड दिए । पिताको हत्यारालाई त्यसै छाड्दैनौं भनि सिंहरायका छोरा बाजुराय त्यहाँबाट पलायन भए । त्यसै बखत मकवानपुरे राजा लोहाङ सेनसंग पनि भेट भयो र सो कुराको जानकारी गराए । मेरो पिताको हत्या गर्नेलाई सर्वस्व गरी पाऊँ । हामीसँग भएका सबै किराँत सेना तपाईलाई सहयोग गर्न तयार छौं भन्दा ''के खोज्छस् कानो आँखा'' भन्ने उखान चरितार्थ गर्न राजा तयार भए तर, राजा समक्ष "हाम्रो हाङ वंशलाई पूर्ण चौतारीया पद वैधानिकरुपमा दिनुपर्छ भन्ने माग राखे । सेन राजाले पनि शर्त स्वीकारे तत्पश्चात विजयपुरको चौतारीया पद दिइयो । यसरी किराँत क्षेत्रमा पनि शान्तपूर्वक आफ्नो मकवानपुर राज्यमा बिजयपुरलाई समाबेस गरे यसको केहि समय पश्चातत बिजयपुरका राजा विजय नारायणको मृत्यु भयो ।

१६ औं शताब्दीका पाल्पाली मुकुन्द सेन द्वितीय नै मानिन्छ । पूर्वतफर्को सेन राजाहरुको उपस्थिति नेपालमा नभएर हिन्दुस्थानको उत्तर पश्चिम भागमा रहेर शासन गरेको झण्डै तीन शताब्दीपछि मुकुन्द सेन नेपालमा आएका हुन् । यस बीचमा मकवानी राज्य सामन्तहरुले नै चलाएका थिए । सामन्तहरु दक्षिण मुगल साम्राज्यबाट राजा आएर वाषिर्क कर लिएर जाने गर्दथे । लोहाङ सेनले पनि सामन्तहरुलाई कर उठाएर दिन अनुरोध गर्दथे तर नदिए जबरजस्ती सेना प्रयोग गरेर युद्ध नै गर्दथे । लोहाङ सेनको पालामा सेन राज्य पूर्वमा महानन्दा नदीसम्म पुऱ्याएका थिए । उत्तरमा महाभारत पहाडी श्रृङ्खला, दक्षिणमा तिरहुतर पुणिर्या क्षेत्रसम्म पुऱ्याएर विशाल राज्य कायम गरे । राजा लोहाङ सनेले हालको पूर्व-पश्चिम राजमार्गमा पर्ने स्थानमा बजार बसालेका थिए त्यस सहरैलाई लोहाङ भन्दै अपभ्रंस हुदै लाहान हुन गयो । विजयपुरदेखि पश्चिम आफ्नो पुर्खा मुकुन्द सेन प्रथमले औलिया बाबाद्वारा स्थापित बराह क्षेत्रमा बराह भगवानको सुन्दर मूर्ति स्थापना गराए । चतरा मठमा पनि मूर्ति राखेका थिए । लोहाङ सेनको धेरै समय राज्य विस्तारका लागि धन र समय खर्च गर्नु परेकोले आफ्नो देशमा सोचेजति धेरै विकास निर्माणका कामहरु गर्न सकेनन् । लोहाङ सेनले ई.सं. १५४३ अगाडिदेखि अर्थात् १० वर्षदेखि उक्त क्षेत्रहरुको सानो राज्यमा

शासन गरेका थिए। उत्तर तफर्को मल्ल राजाका सामन्तहरु सेन राज्य पनि दाबि गर्न आए। कुटनैतिक प्रयास गरि वि.स १६१६ मा मल्लहरुसंग सम्झौता गरि महाभारत पर्वत देउरालि उत्तर मल्ल राज्य र दक्षिण तर्फ सेन राज्य कायम भयो र भिमफेदि चिसापानिगढीमा सुरक्षा चौकि राखियो।

२. राघव नरेन्द्रसेन

लोहाङ सेनको राज्यकाल पछि इ.स. १५९१ देखि १६२३ सम्म राघव सेन मकवापुरका राजा भए। यिनले मकवानपुर, मोरङ र बिजयपुरको राजा भएर प्रशासनको कामकारबाहि संचालन गराए। राघव सेनलाई राघव नरेन्द्र सेन पनि भनिन्थयो। राघव सेनले उनका पिताद्वारा आर्जित राज्यलाई रचनात्मक काम गर्दै जनताको समस्याहरुमा ध्यान दिन साथै आफ्नो श्रोत साधनले सम्पन्न गर्न सकिने बिकास निर्माणको कामहरु गर्नको लागि आदेश दिन्थे र सोहि अनुसार कामहरु सम्पन्न गराउथे। राजा राघव सेनको राज्यकालमा राज्यको दक्षिण सिमाना बढाएर गोण्डा वारासम्म पुऱ्याएका थिए। गुण्डावारसम्म विजय गरेको राघव सेन कै पालामा हो भनि इतिहासकारहरुको भनाई छ। राजाले कुनै नराम्रो काम नगर्ने, काम सम्पन्नताको जिम्बेवारी सामन्तहरुलाई नै हुने हुँदा गल्ति भए पनि सामन्तहरुबाट नै सामना गर्नुपर्दथ्यो। राघव सेनले आफ्नी आमा अनुवमावतीको राय सल्लाह लिने र सोहि अनुसार काम गर्ने भएको हुदा सफलताको अधिक्तम सम्भावना हुन्थयो यसै क्रममा आमाको राय सल्लाह अनुसार मन्दिरका पुजारी धार्मिक व्यक्तिहरु, पण्डितहरु, पुरोहितहरु र दिन दुस्खीहरुलाई समेत जग्गा बिर्ता दिएका थिए। यस विषयमा खोजी गर्दा इ.स. १५९४ अर्थात वि.स. १६५१ मा दुमजा बिर्ता (भूमिदान) दिएका थिए ,त्यसै गरि वि.स.१६०१ र वि.स. १६५८ मा घोकसला बिर्ता भूमिदान गरेका थिए भने बि.सं १६५५ मा हैवर बिर्ता दिइएको प्रमाण छ। यसबाट राजले सबै प्रजाहरुको साथ पाएका थिए। राजा सनातन हिन्दु धर्ममा विशेषरुपमै लाग्दथे। नीति निर्माण कार्यमा संलग्न भएर भारदार तथा सामन्तहरुलाई अगाडि सार्दै जनताको कामको जसअपजस समान्तहरुले नै लिनुपर्ने व्यवस्था मिलाएको हुदा छिटो र राम्रो काम गर्दा उनिहरुनै नै प्रख्यात र प्रसिद्ध हुने कुरा बताउदै, जनताको सेवामा लाग्न अदेश दिने र राजाले नीति निर्माण गरिदिने गर्दथे। उनको काम, कुरा गराईबाट उनि अत्यन्तै लोकप्रिय राजा थिए। अभिलेखहरु हेर्दा हिन्दुपति उपाधि धारणा गरेको शिलालेख तथा लालमोहरबाट थाहा पाइन्छ।

राघव सेनले लेखेको गीतहरु नेपालको राष्ट्रिय अभिलेखालयमा संरक्षित गरिएको पाईएको छ। “रघु पति राघव राजाराम पतित पावन सिताराम” राघव सेनको समयमानै स्वयम उनलेनै रचना गरेको भनिन्छ। यिनले युद्ध गर्दा पनि धर्म, परम्पराका नीतिनियमहरु पालन गर्दै युद्ध गर्दथे। भुक्याएर कसैलाई नमार्ने, आफुले मान्नु पर्नेहरुसँग आदरभाव राखी उनीहरुको अर्ति उपदेश अक्षरश पालन गर्दथे। धरानको विजयपुरको पञ्चकन्या मन्दिर र सेती खोला नजिकको दन्तकाली मन्दिर यिनको पालमा स्थापना गरेको मानिन्छ। धरानको बुढासुब्बा मन्दिर किराँतहरुको प्राचीन मन्दिर हो। पिण्डेश्वर, चन्द्रेश्वर, वेदव्यास, उत्तरकालिन, कबाल भैरब, कोटी देवता, सरस्वती मन्दिर, धन्वत्तरी मन्दिर धरानका प्राचीन स्थलहरु हुन्। उनकै पालामा स्थापना भएको पुर्खाले स्थापना गरेको मठ-मन्दिर पुनस् निर्माण गराएका थिए। बराह क्षेत्रदेखि चतरा मठसम्म ऋषि-महर्षिहरुको तपोभूमि थियो , श्री गणेश, हनुमान, शिवालय औलिया बाबा (रघुनाथ) भिमसेनधाम, कालिकाधाम आदि तत्कालिनको धार्मिक क्षेत्रहरुको पुन निर्माण र संरक्षणको लागि व्यवस्था मिलाएका थिय। जनकपुर मिथिला क्षेत्रमा पनि सेन राजाहरुको धार्मिक कार्यमा विशेष रुची भएकोले जनकपुरमा धेरै मठ-मन्दिर पुनस् निर्माण गराए।

उत्तर सिन्धुली गढी समेतको महाभारत पहाड दक्षिण नेपालको कान्छो पहाड पुर्व-पश्चिम लमतन्न परेको चुरिया श्रृंखला पर्दछ। मकवानपुरे सेन वंश राघव सेनको शासमकालमा दुस्मनलाई चियाएर हेर्ने कोठाहरु प्नि बनेको र च्याउँ र कोट मिलाउदा त्यो डाँडालाई च्याउँकोट भनिएको भन्ने किम्बदन्त पाईन्छ। उनको पालामा निर्माण भएको भग्नावशेष अहिले पनि छ। इनार कहिलेको हो भन्ने पुरातात्विक उत्खनन् भएको छैन। च्याउँकोटमा वि.सं. १८१२ मा निर्माण गरिएको को घण्ट छ। उक्त घण्ट मकवानपुरे राजा राघव सेनका सन्तति हेमकर्ण सेनले चढाएका थिए। राघव नरेन्द्र सेन कठोर तपस्या गरेकोले च्याउँकोटलाइ सिद्ध बाबा पनि भनियो। राजाको उपनाम सिन्धुल पनि भएकोले उनकै उपनामबाट सिन्धुली जिल्लाकै नाम रहन गएको छ। मकवानपुरे राजा राघव नरेन्द्र सेन (सिद्धबाबा धन्यवादका पात्र बने र हालपनि उनका योगदानहरुर् अमर छन।

३. राजा हरिहरसेन

राजा हरिहरसेन राघव नरेन्द्र सेनका छोरा थिए। हरिहरसेनको राज्यकाल इ.स. १६३१-१६७२ सम्म रह्यो। हरिहर सेन लाई हरिश्चन्द्र सेन ,हरिहर इन्द्रसेन र हरभजन सेनको रुपामा चिनिन्छ। उनको पिता राघव सेनको स्वर्गारोहणपश्चात उनी राजा भए। यिनले पनि धार्मिक युद्ध गरेर हिन्दुपति पिता सरह नै उपाधी पाएका थिए। यिनको राज्य गोण्डाबारा क्षेत्रसम्म थियो। इष्ट इण्डीया कम्पनीको गोण्डाबारा क्षेत्र मुख्यालय र प्रमुख व्यापारिक केन्द्र रहेको थियो।

विहारको पूर्बीय जिल्ला पूणिर्मा शहरदेखि २० कि.मी. दुरी गोणडावारा नाम भएको प्रख्यात स्थान छ , त्यहाँसम्म सेन राज्यले सासन गरेका थिए। राजा हरिहरसेन र कान्तिपुरका प्रताप मल्ल समकालिन राजा थिए। हरिहर सेनको विवाह कुच विहारका राजा लक्ष्मीनारायणकी बहिनी महादेवी र महेश्वरीसंग भएको थियो। प्रताप मल्लले कुच विहारका राजाको बहिनीहरु रुपमति र अनन्त प्रियासंग विवाह गरेका थिए। प्रताप मल्लका जेठी रानीबाट तीन छोरा र कान्छी रानीबाट एक छोरासमेत गरि चार छोराहरु भए। छोराहरु बढेपछि पिताको काममा सहयोग गर्दै आए। उनको राज्य ठोरी-माडी देखि पूर्व टिष्टासम्म थियो। हरिहर सेनले आफ्नो राजगद्दीको सामरिक उद्देश्यबाट मोरङमा बसेर राज्य गरे। मकवानपुर राज्य राजा प्रताप मल्लले आफ्नो भतिजा शुभ सेनलाई छट्टै राज्यको माग राख्न उक्साए। साढबाबुको उक्साहटमा लागेर राजदरबार विवाद मात्र होईन, रणभूमि नै बन्न पुग्यो। सेन दरबारबाट किचलो मिलाईदिनको लागि साडुभाई प्रताप मल्ललाई नै अनुरोध गरियो। प्रताप मल्ल सेन दरबार आएर शुभ सेनलाई मकवानपुर राज्य दिने, कोशी नदी पूर्वको भागको राज्यको राजा नाति इन्दु विधाता सेनलाइ बनाई दिने सर्तमा हरिहरसंग जवर जस्ती मिलापत्र गराए। एउटै राज्य २ वटा बनाईदिएकोले हरिहर सेनलाई चित्त बुझेको थिएन त्यसैकारण इन्दु विधाता सेनको राजधानी विजयपुरलाइ बनाईयो। सेन दरबारमा भएको किचोला देखेर पूणिर्याका नवाव इस्कन्दर खाँले दरबारीया सबैलाई भ्रमजालमा पारी जबरजस्ती लगे र आफ्नो पूणिर्या राज्यमा कैद गरी राखे। मकवानपुर र मोरङको केही भाग हस्तक्षेप गरे शुभ सेनका नायव प्रवोधदास र उनका छोराहरु महिपति सेन, माणिक सेन, भागेर उत्तर किराँत राज्यतर्फ गए। किराँत नेता विद्याचन्द्र राईलाई अनुरोध गर्दा महिपतिलाई राजा बनाउने व्यवस्था मिलाए। प्रताप मल्लले काठमाडौं उपत्यकाको राजाहरु समेते मिलाई शुभ सेनको पक्षमा गराए।

४. राजा शुभ सेन

शुभसेनको राज्यकाल ई.स. १६७२ - १७०६ सम्म रह्यो । ई.स. १७६३ मार्ग १४ गतेका दिन लमजुङ, गोरखा, भक्तपुर, काठमाण्डौ र ललितपुरका राजाहरु मिलेर मकवानपुर राज्य बिजय गर्न गएको भन्ने कुरा चन्द्रमान जोशीसंग भएको ठ्यासफु, चिना र भोजपत्रमा उल्लेख छ। उक्त राज्यको तफर्बाट खटिएर आएका सेनाहरुले मकवानपुरगढीमा आक्रमण गरे । तल्काल मकवानपुरगढी दरबारमा शुभसेन र उनका सहायक जगय बानियाँसमेतले बिमति राखेको हुनाले शुभसेनका विरुद्धमा आक्रमणमा आएका थिए । यसअघि ई. सं. १६८२ मा मकवानपुरमा आक्रमण गर्न आउने ललितपुरका राजा श्री निवास मल्लका विश्वासी मन्त्री जसलाई भगिरथ भैयाको नामबाट चिनिन्थ्यो । काठमाण्डौ सिन्धुलीगढीमा शुभसेनके। राजश्व संकलन भन्सार र संगै सुरक्षा चौकी पनि थियो । उपत्यकाका तीनै राजाहरुलाई मुग्लान जाने र सिन्धुली भञ्ज्याङ्ग पारगरेर भन्सार तिरेर सामानहरु निकासि पैठारि गर्नु पर्दथ्यो । मुग्लानबाट निकासी भएर आएका सामानहरु चौकीमा भन्सार बुझाएर ल्याउँदा महंगो हुन्थ्यो । साथै मकवानपुरका जंगलमा प्रशस्त हात्तीहरुको बस्ने हुनाले काठमाण्डौ उपत्यकाका मल्ल राजाहरुलाई असुविधा भैरहेको थियो । पहाडी राज्य गोरखा, लमजुङ र काठमाण्डौका मल्ल राजाहरुसमेत सेन राजाहरुलाइ सुरक्षा चौकी र भन्सार हटाउन राय सल्लाह दिदै आएका थिए तर, पनि हटाउन सकेनन् । तत्काल ललितपुरका मन्त्री भगिरथ भैयाको पक्षमा लमजुङका राजा केहारी नारायण शाह र गोरखाका राजा पृथ्वीपति शाह थिए । साथै जितामित्र मल्ल भक्तपुरका राजा र कान्तिपुरे राजा पार्थिवेन्द्र मल्लसमेत भेला भएर मकवानपुरमा आक्रमण गर्ने योजना बनाए । राजाहरु सैनिक र मन्त्रीहरु जम्मा भई ई.सं १६८२ को नोभेम्वरको पहिलो हप्ता आक्रमण गर्न मकवानपुरतर्फ लागे ।

त्यो आक्रमणकारी फौजमा कान्तिपुरे चौतारा मन्त्री देवीदास पनि थिए । यस आक्रमणमा राजाहरु गएकाले ललितपुरका चौतारा भगीरथ भैया, भक्तपुर राज्यका दुखिनु चौतारा, कान्तिपुरका वंशीधर मन्त्रीहरु आ-आफ्नै राजधानीमै थिए । मकवानपुरे राजा शुभ सेनले तनहुँ राज्यका राजा बन्धु दिग्विजय सेनसंग सहयोग मागे र दलबल सहित मकवानपुरमा आक्रमण गर्न आउनेहरुलाई रोकेका थिए ।

१६८३ फेब्रुअरीको दोस्रो हप्तामा आक्रमण हुँदा ललितपुरका राजा श्री निवास मल्ललाई मकवानपुरे र तनहुँका फौजले पक्रिएका थिए । तत्कालिन समयमा मकवानपुरे मन्त्री जगसिंह बानियाँ थिए । यसै समयमा तनहुँका राजा दिग्विजय सेन र मकवानपुरे राजा शुभ सेनको शक्तिलाई रोक्ने प्रयास भएको थियो । तत्काल कान्तिपुरका देवीदास, भक्तपुरका दुखिजु ललितपुरका भगिरथ भैया, समेत मन्त्रिहरुको रायसल्लाह बमोजिम रिसिङ, घिरिङ, भीरकोट, लमजुङ, पाल्पा, भक्तपुर, कान्तिपुर र ललितपुरका राजाहरु भएर एक संघ बनाएका थिए । त्यसबाट मकवानपुरे मन्त्री जगसिंह बानियाँलाई पक्रे र मकवानपुरमाथि आक्रमण गरेका थिए । मकवानपुरमा आक्रमण गर्दा झन् चिढिएकाले जगसिंह बानियाँलाई छोडिदिए । यसका कारण विरोध घटाउन लमजुङ, पाल्पा, भक्तपुर, कान्तिपुर र ललितपुरका राजाहरुबाट मद्दत पुगेको थियो । यसअघि बनेको कुनै पनि गुटबन्दीमा गोरखाका राजाहरु बस्दैन थिए तर, पहिलो पटक गोरखाका राजा पृथ्वीपति शाह प्रवेश गरेकाले जगसिंह बानियाँले पश्चाताप मानेका थिए । ललितपुरका मन्त्री भगिरथ भैयाको चलन चल्तीमा राजाको भन्दा बढी भएकोले श्री निवास मल्लका छोरा योगनरेन्द्र मल्ल, जितामित्र मल्लसंग भक्तपुरे राजाहरु चिढिएका थिए । भक्तपुरका राजा र कान्तिपुरका राजाहरुलाई बोलाएर श्री निवास मल्लले ललितपुरका राजाबाट हटाएर उनको छोरा योगनरेन्द्र मल्ललाई राजा बनाइ दिए । ई.स. १६८५ देखि १७०६ सम्म श्री निवास मल्ल वानप्रास्थी जीवन बिताउन राजधानि बाहिर

बस्ने गरि राज्य त्यागेको देखिन्छ। राजा शुभ सेनले आफ्नो राज्यमा मन्त्री बन्ने मानिस नपाउदा तनहुँका दिग्विजय सेन राजासंग योग्य मन्त्रीको जिम्मेवारी पुरा गर्न सक्ने मानिस दुईजना पठाई दिनु भनि माग गर्दा मन्त्री लायक परशुराम थापा, प्रद्युम्न उपाध्यायलाई तनहुँबाट पठाइएको थियो । दुवै जाना मन्त्री मकवानपुरमा आएर मन्त्री भएका थिए । तत्पश्चात दुवै मन्त्री मकवानपुर राज्य र राजा शुभ सेनका विरुद्धमा गएको थिए। जसको नुन खायो त्यसैका विरुद्ध राजा शुभ सेन र उनैका भतिजा विघाता इन्द्रसेन दुवैलाई जाल झेल गरी पक्रेर पूर्नियामा भएका मुगल नायव ईन्फन्दिर खाँ नवावलाई बुझाए । उनीहरुले षड्यन्त्रमा सहयोग गर्दा शुभ सेन र विघाता इन्द्रलाई पक्रेर थुनिएको थियो। षड्यन्त्रको पोल खुल्ला भनेर प्रद्युम्न उपाध्ययले आफ्नो छोरी परशुराम थापालाई दिएका थिए। ब्राहमणले क्षेत्रीलाई तत्काल छोरी दिने चलन थिएन। यो कार्य गरेर पाँच वर्ष मुग्लान मै बसे। सोपछि विजयपुरका राजा इन्द्रसेन भएको समयमा शुभ सेनलाई जनकपुर नज्दिक घेरे । उनले आफ्नो दलबलसहित आएर शुभ सेनलाई छुटाएर लगे । छुटेको खुसी मनाई रहेको समयमा पुनस् प्रद्युम्न उपाध्याय कै नातेदार कालु उपाध्यायबाट ई. स. १७०६ सेप्टेम्बरको अन्तिम समयमा काका भतिजालाई नै पक्रेर इस्फुन्दियार खानले दिल्ली चलान गरेका थिए। यसै समयमा मकवानपुर र विजयपुरका तराई भुभाग मुगलहरुले कब्जा गर्न पुगे । दिल्लीका बादशाह औरङवेज दक्षिणतर्फ थिए। उनका छोरा आजमले शुभसेन र विघाता इन्द्रसेन दुवैलाई जबर्जस्ती मुसलमान बनाई धर्म परिवर्तन गरिदिए। काठमाण्डौ उपत्यकाका राजाहरु र तनहुँका राजा दिग्विजय सेनले तत्काल तलहट्टीतर्फ भएका सहयोगहरु पाएनन् । विजयपुरका विधाता इन्द्रसेनकी रानीले हारगुहार गरेर लिम्बु भारदारहरुको सहयोग लिएर मकवानपुरे नमकहराम मन्त्री प्रद्युम्न उपाध्याय र परशुराम थापाको षड्यन्त्रबाट रानी अमरावतीका छोराहरु मान्धाता सेन र माणिकसेनलाई बचाएर सिन्धुलीको पहाडतर्फ लगेर लुकाएर राखेका थिए। औरङवेज दक्षिणबाट दिल्लीतर्फ फर्कँदै गर्दा ई. सं. १७०७ को फेब्रअरीमा बाटो मै मृत्यु भयो । दिल्लीमा औरङवेजको उत्तराधिकारीको लागि लडाई भएर आजम शाह मारिएका थिए। मुगल सरकार नरम भयो। सेन ठकुराईको दक्षिणमा रहेको अधिकार मुगल सरकारले छोडिदिए।

५. माणीक सेन

शुभसेनका छोरा माणीक सेनको राज्यकाल ईसा १७०७ साल देखि १७३० सम्म रहेको थियो। मकवानपुरे मंत्री प्रवोध दास र किँरात देवान वीच अब आइन्दा कुनै खरखिचोला गर्ने छैनौ भनी माणिकसेन संग संम्झौता भएको थियो। राज्यबाडफाँडमा मकवानपुर राज्यको पूर्वी सिमाना कमला नदी थियो। राजाहरु शासन गर्न कमजोर हुँदै गएको र भारदरहरु प्रभावशाली भएकोले मकवानपुरको पूर्वी सिमाना समय-समयमा खुम्चिने र बढ्ने भैरहयो। राजा माणिक सेनको समयमा भाइ-भारदारहरुमा वानियाँ परिवार प्रमुख भारदार थिए। माणिकसेन राजा भएको एक महिना नपुगदै उनी देश दौडाहामा निस्केका थिए। देश दौडाहाको क्रममा हाल तराईको पर्सामा पर्ने पारमनाथ महादेव स्थानमा पुगेछन् जाहाँ गोसाई भीम गिरि त्यस महादेव स्थानका महन्त थिए। उनले समाज सेवा गरेको देखेर राजा आश्चर्यमा परे। पशुपतिनाथ जान तिर्थ भ्रमण गर्न दक्षिण हिन्दुस्थानबाट समेत योगी, सन्त, महन्त सैयौं व्यक्ति अस्थाई टहरामा बसेर खिचडी (खिचौं) भोजन गरि बस्दा रहेछन्। लमाईमा करिब २५० फिट चौडाई करिब ११ फिट जति भएको माहादेवस्थानमा मध्यान्हको १२ बजे गोसाई भीम गिरिले पूजा गरि रहेका थिए। एक जना चेला गएर राजा आएका र हजुरलाई उहाँको अगाडि आउन अनुरोध गर्नु भएको छ भनि जानकारी गराए। पूजा सम्पन्न पश्चात राजा भएका स्थानमा पुगेर वार्तालाभ भयो। राजाले पुजारीसँग विस्तृत विवरण दिन अनुरोध गरे र भने यो काम गर्न तपाईले चेलाहरुलाई पठाएर भिक्षा माग्नेको भरमा भएको रहेछ। मागेर पनि परोपकारी काम गर्न सकिने रहेछ भन्ने कुरा बुझिएको जानकारी राजाले पुजारीसँग गरे।

राजाले पुजारीलाई ज्ञ हजार सवा ४४ विगाहा विर्तादान दिने,जसमध्य ज्ञ हजार विगाहामा धान, ४० विगाहा तेलहन, दलहन र ४ विगाहामा फलफुल लगाउने भनि आदेश दिनुभयो ।

विर्तादानको आयस्थाबाट मन्दिर निर्माण गरियो । गुम्वज मन्दिरको टुप्पामा गजुर राखियो । गजुर तान्त्रिक विधि अनुसार हुँदा विहान गजुर पूर्व तफर् मध्यान्हमा सिदा सायम्काल पश्चिम तफर् ढल्कने गर्दथ्यो । त्यो विर्ता राजा गिर्वाण युद्ध विक्रम शाहको समयमा मकवानीराजाले दिएको विर्ता जग्गा पुजारिलाई दिएको विर्ता कागजको जाँच बुझ गर्दा सहि ठहरियो ।विर्ता कागजमा वारा, पर्सा प्रगन्नाटोकनि मध्ये मौजे नोतना बहुअरि ससीम मौजे एक १ औं प्रगन्ना सिधमास मध्ये मौजे वैरिया ससीम मौजे एक १ ज्मादाषिली ससीम मौजे तिन ३ अधि मकवानीराजालले विर्ता गरि दिएको हाम्रा अम्बल भएपछि श्री जिज्यू बुवा ज्यूबाट पुरा विर्ता श्री शिव प्रति वेतलव गरिवक्सनु भएका भनि लेखिएको रहेछ ।

माणिक सेनले सिन्धुलीमा गढी किल्ला निर्माण गर्न लगाए । माणिक सेनको आफ्नो राज्यकालमा मन्दिर हरुलाई दान दिन धेरै समय खर्च गरेका थिए ।राजा मानिक सेनले वशंगोपाल भनिने वंशीगोपालका पुजारी गोविन्द खतिवडाकालाई पर्सा जिल्लाको गोडप्रसा गाउँमा समेत विर्ता जग्गा दिएका थिए,उक्त विर्ता जग्गा गोरखालीले अधिनमा लिए पश्चात वि.सं. १८२० फागुनमा राजा पृथ्वी नारायण शाहले विर्ताको लालमोहहर लगाईदिएका थिए । वि।स। २०१६ सालमा नेपाल सरकारबाट विर्ता उन्मुलन पश्चात विर्ता कमाउने कै नाउँमा नामसारी भयो । प्रमाणहरुको खोजि गर्दा सन् १७६८ मा केशवलाई कुश विर्ता दिएको, सन् १७७२ मा भुमा रायलाई जागिर दिएको पाईन्छ । माणिक सेनले ई.सं. १७०७ मा नै सिन्धुली किल्ला गढीमा बसी विर्ता दिन सुरु गरेको देखिन्छ । सिन्धुलीकै हिम्जा देखि झाङ्गा-झोलीको जग्गा लिएर पनि विर्ता दिएका थिए । माणिक सेन दानी धर्मात्मा, जनताको सुख दुस्खमा साथ दिने गर्दथे । यिनको शासनकाल करिब २३ वर्षसम्म कायम थियो । माणिक सेनले चिसापानीगढी, पर्सागढी, बारागढी, मकवानपुरगढी पुन निर्माण हरिहरपुर गढी पूननिर्माण र अम्वासगढी निर्माण गराए ।

मकवानपुर र विजयपुरका मन्त्रीहरु आपसमा सरसल्लाह गरी मकवापुरमा माणिक सेनलाई र विजयपुरमा मान्धाता सेनलाई राजा बनाइएका थिए । माणिक सेन मकवानपुरका राजा भए पश्चात शान्ति सुरक्षामा विशेष जोड दिएका थिए । त्यसमध्ये भीमफेदी, चिसापानी चौकीलाई ईट्टाद्वारा गढी किल्ला निर्माण गराए । मकवानपुरगढीमा बाल गोपालको एकतल्ले पश्चिम मोहडाको मन्दिर निर्माण गराई अष्टधातुको मूर्ति राखेका थिए । त्यसको पश्चिम दक्षिणमा पश्चिम मोहडाकै एक तले शिद्धेश्वर महादेव मन्दिर निर्माण गराएर कालो प्लाष्टरको शिव लिंगलाई तामाले मोरि त्यसको माथि चदुवा टाँगि जलहरी लगाएका थिए । मकवानपुरगढी किल्लाको उत्तरतफर्को प्रवेश ढोकाको नाप १.१० मिटर लम्बाई र ७५ से. मिटर चौडाइको छ । पूर्व-पश्चिम दुवैघरको कुनामा पानी ल्याएर सञ्चय गर्ने इनार थियो । लम्बवत्रुपमा किल्लाको बीच बीचमा चर खण्ड छोडिएको छ । यो किल्लो वास्तुकला शिल्पको आदर्शलाई प्रस्तुत गर्दछ । गढी किल्लाको जमिन बाहिर २ मिटर चौडाई २ मिटर गहिराईको खाइ (खाडल) छ । यो किल्लाको पूर्व पर्खाल मै टाँसिएको एउटा सानो भवन थियो तर, हाल त्यो ध्वस्त नै भएको छ । यो भवनको मुनिपट्टिको खाई नजिकै ओर्लने बाटो थियो । लोहडसेनले निर्माण गरेको मकवानपुरगढि दरवार माणीक सेनले पुन निर्माण गरेका थिए,पछि फेरि क्षतिग्रस्त अवस्थामा रहेको किल्ला हाल पुरातत्व बिभागबाट पुननिर्माण भैरहेको छ । संभवत, सामरी खोलाको पूर्व दक्षिण पहाडको शिरो भागमा गढीको बुजा अवस्थित थियो जसलाइ दरबारको रुपमा प्रयोग भएता पनि युद्ध मोर्चाको रुपमा पनि महत्वपूर्ण भएको कुरा ऐतिहासिक विवरणबाट थाहा पाउन सकिने अवस्था छ ।

६. हेमकर्णसेन

राजा हेमकर्ण सेनले ई.स. १७३० देखि १७५९ सम्म मकवानपुरमा शासन गरे । हेमकर्णसेन राजा माणीक सेनका छोरा थिए । उनको शिक्षा दिक्षा जनकपुरमै भएको थियो । उनि धार्मिक स्वभावका भएकाले जनकपुरमा भएको धेरै मठ मन्दिरहरुको संरक्षण र सदुपयोगमा लागि पर्दथे । हेमकर्ण सेन पिता माणिक सेनको प्रशासनिक कार्यमापनि संलग्न हुदै आएका थिय ,त्यस बेला सम्म मकवानपुरमा ठुलो जंगल थियो । हेमकर्णसेन जंगल भित्र हात्ति खेदा गर्ने कार्यमा समेत सामेल हुन्थे । चुरिया र स साना पाहाडि क्षेत्रमा दार जातका रुखहरु प्रसस्त हुने भएकोले यसमा उनको खास रुचि थियो । उक्त रुख काटेर काठको भाडाहरु ठेकी,दुध दुने गवुवा , घ्यु राख्ने सिङमाङ अचार राख्ने आरि,तेल राख्ने गरिया तयार हुन्थे । त्यसबेला देखिनै काठको भाँडाहरु तयार हुने क्षेत्रको रुपमा मकवानपुर परिचित हुन थलेको हो । हेमकर्ण सेनकै पालामा धेरै ठाँउमा बरपिपल लगाएर चौतारो बानएका थिए र सो चौताराको नाम रानि चौतारा राख्ने गर्दथै । उनका एक छोरा एक छोरि थिय । सुन्दर र सालिन स्वभाका छोरि ईन्द्रकुमारि सेन र छोरा दिगवन्धन सेन । राजा हेमकर्ण सेनके वि.स १८०१ गते मागसुक्ल पुणिर्माको दिन वर्तमान सिन्धुलि जिल्लामा पर्ने घण्टे भन्ने ठाउमा शिवालय निर्माण गरि छोरि ईन्द्रकुमारि समेत लगेर प्राण प्रतिस्ठा गरेका थिए । त्यहाँ घण्टहरु पानि चढाईएको थियो, घण्ट हेर्दा हेमकर्णेश्वर, ईच्छापुरेश्वर र सन्तानेश्वर भन्ने घण्टमा लेखिएको देखिन्छ, शिलापत्रमा भने हेमकर्ण सेन उल्लेख गरिएको छ ।

७. ईन्द्रकुमारीको विवाह घर

मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी ईन्द्रकुमारीको विवाह गोरखाको युवराज पृथ्वीनारायण शाह संग हुने कुरा चल्यो । लमीहरुपनि विवाहको लागि योग्य भएका दुलहीहरुको खोजी गरिरहेका थिए । खोजीको क्रममा लामिहरु विवाहको कुरा लिएर मकवानपुरका राजा हेमकर्ण सेन समक्ष पुगे । गोर्खामा युवराजको आमाहरुसंग राय सल्लाह हुँदा ठूलीआमा चन्द्रप्रभा र आमा कौशल्यावतिले रजौटा ,रैतीकी छोरीसंग विवाह गर्न मञ्जुर गरिनन् । पछी लमीहरुले हेमकर्ण सेनकी छोरीको विषयमा सबै बुझेर पुन प्रस्ताव राखे । राजाले पनि माघे सङ्क्रान्तीको दिन देवघाटको मेलामा युवराज पृथ्वी-नारायण शाहलाई भेटेर वार्तालाप गरेका थिए । छोरीको विवाह गर्ने कुरा गोरखा दरबारमा पुऱ्याउन अनुरोध गरेका थिए । छोरीको विवाह मुग्लानतफर् गर्दा तिलक महङ्गो भएर कन्याका पितालाई ठुलै भार पर्दथ्यो । पहाडमा विवाह गरि दिँदा दाइजो मात्र दिए हुने र मकवानपुरमा धनहर जमिन, तलहट्टी प्रसस्त थियो । त्यो जमिनबाट आयस्ता प्रसस्तै आउँदथ्यो । भूमिकर र भावर बाहिरसमेत जङ्गलमा हात्ती प्रसस्त पाइने हुँदा जङ्गली काठ खासै बिक्री नभएता पनि हात्ती खेदाबाट, हात्ती बिक्री गरेर आम्दानी हुने गर्दथ्यो । काठमाण्डौ उपत्यकाका राजाहरु र साहु महाजनलाई हात्ती खेदा गर्न दिएर कर लिने गर्दथे । आफुहरुले पनि उम्दा-राम्रा, अग्ला हात्तीहरु आफनो हात्ती सारमा राख्ने र बिक्री पनि गर्दथे । मुगल बादशाहले तराईको जंगलमा वादविवाद गर्ने हुँदा वाषिर्क १४ हातको एक अग्लो हात्ती कोसेलीस्वरुप दिइन्थ्यो । यसबाट पनि लाभ हुने देखेर गोरखाका राजकुमारसंग विवाह गरिदिन ठिक सम्झे । त्यसपछी तुरुन्तै लमीले गोरखा दरबारमा खबर पुऱ्याए र रानी चन्द्रप्रभाले र रानी कौशल्यावतिसँग राय-सल्लाह गरि राज दरबारको बैठकमा प्रस्ताव राखे । प्रस्ताव स्विकृति भयो । मकवानीसँग कन्यार्थी पुरोहित र खजाञ्ची, धाईहरु, डोलामैंयाको शील-स्वभाव, रंग-रुप, बोली जाँच गर्दा दुलहि लक्षिणकै भएको पाए, विवाहको समय निधो गर्न बाँकी राखियो राजाले डोलाका रुपमा इन्द्रकुमारीलाई गोरखा नपठाउने गोरखा बाट दुलाहा बरियातसहित लिएर आउन निमन्त्रणा गर्न पठाईयो । विवाहका लागि ज्योतिषी, पुरोहित, खजाञ्ची भारदारहरु सहित जन्ति लिएर सन् १७३८

फ्रेबुवरीमा धुमधाम विवाह भयो । त्यसबखत पृथ्वीनारायण शाह १४ वर्षका थिए । दुलही अनमाई दिन जन्ति पक्षबाट अनुरोध गर्दा राजा हेमकर्ण सेनल आफ्नी छोरी सानै भएकोले गौना गरेर तेम्रो वर्ष लैजान दुलाहा पक्षलाई अनुरोध गरे । यो सुनेर दुलाहा पक्ष अक्क न बक्क भए । पहाडतफर् विवाह गर्दा विवाह कै दिन कन्या अन्माएर पठाइने तर, तराइको चलनमा दुलहीसंगै पठाइँदैन, गौना गरेपछि मात्र पठाइने चलन रहेको बताईयो, तब दुलाहा र जन्ती फर्किए । गोरखा दरबारमा पनि हल्ला भयो । विवाह गर्ने दुलही नपठाउने विषयमा सबैलाई जिज्ञासा भयो । वर्षात् पछि गौना हुन्छ होला भनि माघ महिनामा दुलही पनि ल्याउने मकवानपुरबाट फर्कदा काठमाण्डौं उपत्यका पनि हेर्ने भनि पृथ्वीनारायण शाह मकवानपुर आए । मकवानपुरको गुरुजु डाँडामा आएर बसि, हेमकर्ण सेनलाई आफु आएको समाचार पठाए । तर, हेमकर्ण सेनले छोरि सानै भएकोले ३ वर्ष नपठाउने कुरा पृथ्वी नारायण शाहलाई बताए । छोरी कहिले पठाउने भन्ने ठेगान थिएन, तर पनि ई.सं. १७३९ को जनवरीको दोस्रो हप्ता माघे सङ्क्रान्तीको दिन बागमती नदी किनार खुँडाघाटको जात्राको दिन परेकोले सोहि दिन राजा हेमकर्ण सेनको स-परिवार मेलामा थिए । दुलाहा पक्षलाई पनि मेलामा आउन निमन्त्रणा पठाईयो । मेलामा पुगि ससुरालीको परिवारसँगै फर्कदा बाटोमा दुर्घटना भयो । गोर्खालीहरुले लगाएको पोशाक सामान्य खाडीको कपडा, काँचो छालाको जुत्ता, घरेलु बनावटको थियो । मकवानपुरेहरु तराई तिर मुगलहरुको प्रभाव परेर रेसमी भेषभुषा, चमक धमक थियो । ज्वाइँ तफर्को भेषभुषा देखेर जेठान दिवबन्धन सेन, दिवान, कनकसिहं बाँनियाहरु भएर खिसि गरे । पाखे गोर्खाली भनि अपमान पनि गरे । गोर्खालीको अपमान सम्झेर मारपिट भयो । गोर्खालीले पनि मकवानपुरे सेनालाई घचेडेर लडाँइ दिए । ज्वाँइ जेठान बिच झगडा हुन लागेको देखेर राजा हेमकर्ण सेनले बल्लतल्ल झगडा मिलाए । छोरी पठाउने गजमोती हार लगाएर दुलाहासहित इन्द्रकुमारीले चढेको एक दन्ते सेतो हात्तीमा अन्माएता पनि यि दुवै वस्तु पठाउन दिवबन्धन सेनले मन्जुर गरेनन् र राजाले पनि गौना गरेका दिन यी सबै सामानहरु पठाउने भनिदिए । पृथ्वीनारायण शाहलाईपनि यस्तो व्यवहार ठिक लागेन र ?

“मेरो विवाहा मकवानपुरमा भएको थियो, डोला सुम्पेको थिएन र डोला पनि लैयाउ । नेपाल पनि देखि आउ भनि मकवानपुर गयौं र पुगेपछि दिकबन्द सेनलाई यावद कुराको करेउलि लिएर भने यकदन्ता हात्ति र नवलाखि हिराकोहारे दिन्छौ भने डोला पनि लैजाला दिन्न भन्या कोढि तरवार सित पनि लैजाला” भनि हाँक परि हिँडे । ज्वाइँ पृथ्वीनारायण शाहले डेरामा रात बिताइ बिहानै ससुरालीसँग बिदा नभई गोरखा फर्किए । बिदा नभइ ज्वाई हिडेको सुनेर हेमकर्ण सेनलाई नमज्जा लाग्यो । बरियातहरुले गोरखा पुगेर रानी चन्द्रप्राभा र कौशल्यावतिलाई मकवानपुरको घटना सबै सुनाए । समय बित्दै गयो पृथ्वीनारायण शाह काठमाडौं हेर्दै, गोरखा पुग्दा दोस्रो विवाह गर्ने निश्चय भयो । ई।स। २१ जनवरी १७४० मा गोरखपुरका ठाकुर दयाराम सिहंका छोरी गोरखामा लगेर पृथ्वी नारायण शाहसंग दोस्रो विवाह भयो । नवविवाहित रानीको नाम नरेन्द्र राज्य लक्ष्मी थियो ।

सन् ३ अप्रिल १७४३ मा राजा नरभुपाल शाहको देहान्त भयो । जेठी रानी चन्द्र प्रवाहको सन्तान थिएन । छोराको लालनपालनमा लाग्न बहिनी कौशल्यावतिले आग्रह गरेकीले चन्द्रप्रभा पतिसाथ सहगमण (सती) गइनन् । साइली रानी बुद्धीमतिले पनि सति गइनन् । “दाजु दिग्बन्धन सेनसंग वादविवाद भएको भएता पनि मैले केही भनेको छैन । मेरा बाबा आमाले पनि नराम्रो केही भन्नु भएको छैन । दाइको बोली व्यवहारले मलाई त्याग्न हुन्न भनी आशा गरेकी छु । कहिले लिन आउनुहुन्छ म एक्लै आउन पनि भएन । मेरो मनको विरहको व्यथा बुझि दिनुहुन्छ भन्ने आशा गरेको छु” भनि विरह व्यथाको पत्र लेखेर इन्द्र कुमारीले गोरखा पठाइन् । मकवानपुर आउने जाने क्रममा कनक सिहं बानियाँका मधेशका सिपाहीहरुले जुत्ता लगाएर

पृथ्वीनारायणलाइ सलाम गरेकोले आफ्नो गोर्खाली सिपाहीलाई इशारा गरि औँला काटिदिएका थिए । त्यसकारण मकवानपुरमा बस्दा पृथ्वीनारायण शाहलाई सिपाहीहरु लस्करै पठाएर जेठानले मार्न लगाए । यो कुरा हेमकर्ण सेनले थाहा पाए । ज्वाइँलाई मारे बहिनी विधुवा हुन्छे भनेर समझाइ बुझाई गरे ।

जेठान दिवबन्धन सेनसंग बेमेल भएकोले जेठी रानी इन्द्र कुमारीको बिरह व्यथाको पत्रहरु प्रशस्तै आए । लामिडाँडा बिजयपछि ससुरा हेमकर्ण सेनसंग सल्लाह गरि दुवै पक्षबाट कुरा हुँदा गौनाको समय निश्चित भयो । पृथ्वी नारायण शाह बिजयी राजा भइसकेकोले मकवानपुरमा नगएर धादिङ गढी नजिक मैदीको मन्दिरमा दुवै पक्ष जम्मा भए । रानीसहित राजा हेमकर्ण सेन छोरी र हात्ती गरगहना आशा गुर्जा, दाइजो प्रशस्त लिएर गौना गरियो । ज्वाइँ छोरीलाई नगद पनि दिएर खुशी पारियो । ई.स. १७४८ अर्थात १८०५ मा जेठी रानीलाई गोरखा दरवार भित्र्ईयो । सेनकालिन समयमा पनि दाजुले हेला र करकस गरेकोले इन्द्रकुमारीको बिलौन बिरहको व्यथाको चर्चा गरेको पाईन्छ ।

८. दिगबन्दनसेन

मकवानपुरका राजा हेमकर्ण सेनको देहान्त पश्चात् ई.सं. १७५९ मा उनका छोरा दिग्बन्धन सेन राजा भए । दिगबन्दनसेनले पृथ्वीनारायण शाहलाई बहिनी इन्द्रकुमारी दिए पनि पृथ्वीनारायण शाहको विरुद्ध लागि रहन्थे । उनको बहिनीलाई ई.सं. १७३८ फेब्रुअरीमा विवाह गरे पनि विवाहमा दिएका सामानहरु दाइजोमा दिन अस्वीकार गरेपछि पिता हेमकर्ण सेन र बहिनी इन्द्रकुमारी दुवै चिन्तित थिए । गजमोती हार र एकदन्त सेतो हात्ती हार आदि विवाहमा दाइजो स्वरुप दिएको थियो । गोर्खालीहरु हट्टा-कट्टा, बहादुर भएता पनि उनिहरु सामान्य भेषभूषा, कोराको कपडा काँचो छालाको जुत्ता लगाउने गर्थे । मकवानपुरे राजकुमार दिग्बन्धन सेन, मुख्यमन्त्री कनकसिंह बानियाँ र भारदारहरुले माघे संक्रान्ति मेला सम्पन्न गरी बाग्मती नदीबाट फर्केर मकवानपुर जाने क्रममा गोर्खालीहरुलाइ खिसि गरेका थिए । त्यो देखेर तुरुन्तै पृथ्वीनारायण शाहले पनि आफ्नो अंगरक्षकलाई इशारा गरे । खिस्याउने युवराज दिग्बन्धन सेनको हुटहुटीलाई समर्थन गर्ने सिपाहीलाई ढालिदिए । मकवानपुरेहरु तराईसम्म भएकोले मुगलहरुसँगको संगतले गर्दा रेशमी भेषभुषाको चमक धमक थियो । दिग्बन्धन सेनलाई उक्साउनेमा दिवान कनकसिंह बानियाँ पनि थिए ।त्यहाँ युद्ध नै हुन लागेकोले राजा हेमकर्ण सेनले दुवै पक्षलाई साम्य पारेका थिए । ज्वाई पृथ्वीनारायण शाहले पनि “मलाई दिएको एकदन्ते हात्ती र नवलाख हिराको हार दिन्छौ भने, डोला पनि लैजाउँला दिन्नौ भने काँडे तरबारसित पनि लैजाला” भनी सुनाई दिए । पृथ्वीनारायण शाहले बरियातहरुलाई गोरखा पठाएर आफु भानु जोशी, कुलानन्द जोशीहरुका साथमा पालुङ, टिष्टुङ, चित्लाङ, चन्द्रागिरी पुगेर काठमाडौं उपत्यका निरीक्षण गरे । तीनै शहरमा पशुपति, चाँगुनारायण, स्वयम्भु, बौद्धनाथको मन्दिरहरु देखे । नदीहरुमा बागमति, विष्णुमति, मनोहराका दायाँबायाँ हरियाली पनि देखे । सेन राजाहरुले मकवानपुर मात्र नभएर पाल्पामा पनि ठूलै राज्य थियो । प्रायस् सेन राजाहरुको शिक्षा-दिक्षा आदि कार्य जनकपुरबाटै हुन्थ्यो । त्यस्तै दिग्बन्धन सेनको पनि जनकपुरमै शिक्षा दिक्षा भएको थियो ।

जनकपुरमा नै शिक्षा आर्जन गर्न बसेको थाहा पाएर दिगवन्धन सेन ज्वाईको विरुद्धमा डटेर लाग्न कान्तिपुरे राजा जयप्रकाश मल्ललाई हरतरहको सहयोग गर्न पुगे । दिग्बन्धन सेन इन्द्र जात्राको मेला हेर्न पुगेका थिए । गोर्खाली शक्ति बल्लभ जोशी लामिडाँडा विजय भएपश्चात महाभारतको देउरालीमा थाना बनाएर बसेका थिए । देउराली उत्तर तर्फ मल्ल राज्य भएता पनि दक्षिण तर्फ चिसापानी गढीमा सेन राजाका सुरक्षाकर्मी थिए । पालुङ, टिस्टुङ, कुन्छाल, चित्लाङ, बिजय गरेपछि सेन राज्य र गोरखा राज्य सीमानामा

पुगे । टिस्टुङ, कुन्छाल, चित्लाङमा, ग्वालाहरु लिच्छविकाल अगाडि नै हिन्दुस्थानबाट बसाई सरि आएर काठमाडौं उपत्यकाभित्र नबसी त्यहाँ बस्न आएका थिए । गोर्खाली तुलाराम पांडेको अगुवाईमा उक्त गाउँहरु विजय गरे पश्चात दिग्बन्धन सेन झन उग्र भए र गोरखा विरुद्ध लाग्ने सबैलाई भड्काई रहेका थिए। दिग्बन्धन सेनले हातहतियारहरु कैची, रण्जा, टंक (छिनो) घन, मुग्रो, तीन खुट्टा भएको किला, खन्ती, सिक्री, चिम्टा, धनुवाण, ठोक्रो, ढाल, तरबार, खुँडा, छुरी, खुकुरी, फर्सा, कटारी, बर्छा, त्रिशुल, भाला, बन्दुक, तोप, गोला आदि युद्धका लागि संग्रह गर्न थाले । आधुनिक हात हतियार मुगलहरुबाट बन्दुक, पेस्तोल, तोपहरु तयार गर्न लगाए । उनलाइ अब गोर्खालीले छाड्दैनन् भन्ने मनमा भइरहन्थ्यो । उनले युद्धका लागि मुगलहरु र काठमाडौंका मल्ल राजाहरुलाई हरतरहको सहयोग गर्न अनुरोध गरे सामान्यतया तालिम प्राप्त स्थलमा युद्ध गर्ने पैदल फौजहरुलाई तिलंग भनिने गरिएको छ। मकवानपुरमा खासै स्थायी सेना थिएनन । साधारण काम चलाउ गर्न ४००-५०० मात्र स्थायी सेना थिए। आवश्यक पर्दा झारा फौज जम्मा गर्ने गरिएको थियो । गोर्खालीसंगको युद्धमा पनि झारा फौज जम्मा गरिएको थियो । युद्धको कार्य समाप्त पछि इटाचपलिलाइ झारा फौजको नाम, ठेगाना, मौजा र जिमिदारहरुको नाम ठेगाना लेखाइ जान भनिएको हुन्थ्यो । मकवानपुरे सेनहरुसंग हात हतियार बन्दुक बनाउने मानिसहरु थिएनन् । पृथ्वीनारायण संग गोरखामा सेख जोराबर, महमद् अलि र बेखासिं नामका तीन कालिगढ सेना थिए । यिनीहरुले बन्दुक, कबायद्, तारोहान्ने तालिम प्राप्त गरेका थिए। बन्दुक,गोला आदी हात हतियार पनि बनाउंदथे । मकवानपुरको राजाले आवश्यक पर्दा हातहतियार खरिद गरि ल्याउथे । गोर्खालीहरुले युद्दको लागि तीन तफर् थाना बार्ने क्रममा दिग्बन्धन सेनले सुँइको पाए । गोर्खालीहरुले युद्धको लागि थाना बारेका छन् भन्ने सूचनाको आधारमा उनले पनि आफनो तयारी गरे । भोलिपल्ट वि।स। ज्ञडज्ञढ भाद्र ९ गते बिहानैदेखि मकवानपुरगढीबाट ४० कि.मी. पूर्व हरिहरपुर गढीमा आफुले सुरक्षा गर्नुपर्ने सुन, चाँदी गहनाहरु र परिवार सबैलाई पठाइदिए । थाना बारेको ठाउँ ताप्लाखर्क, ढुङ्गेगढी र आमभञ्याङको अदालतडाँडा भन्ने डाँडामा थियो । शनिबारका दिन दिनको २१ घडी जाँदा गोर्खाली र मकवानपुरे फौज बिच घमासान युद्ध भयो । युद्धको रुपरेखा हेरि बिजय गर्न कठिन हुने अवस्था आइपरेकोले कनकसिहं बानियाँ र राजा दिग्बर्न्धन सेन केही सुरक्षाकर्मी लिएर हरिहरपुर गढीतफर् लागे । मकवानपुरे सेनाले राजा मन्त्री भाईभारदारहरु भागेको देखेर निरास भए । दिनभर युद्ध गर्दा पनि जित्न नसकिने अवस्था भएकोले थाकेर सेनाहरु पछि हटे र गढी किल्ला छाडिदिए । युद्धभुमि छोड्दा गोर्खालीहरुलाई चापवाला बन्दुक, गोली अन्य खरखजानाहरु छोडेर गएकाले गोर्खालीहरुलाइ निकै नै लाभ भयो । मकवानपुरे युद्धमा गोर्खाली राजा पृथ्वीनारायण शाह आएका थिएनन् । उनका भाइहरु भारदारहरु सेनापतिहरु मात्र पठाएका थिए । गोर्खाली फौजको ५०, ६० सेना रणभूमिमै ढलेका थिए । मकवानपुरतर्फ ५००, ६०० सेनाहरु रणभूमिमै ढलेका थिए ।

मकवानी सेन राजाहरूका वंशावली

सेनवंशीहरु बंगालबाट नेपाल भित्रीएका थिए। यो कुरा ढाका जिल्लामा पर्ने भोवल प्रगl।बाट प्राप्त राजा लक्ष्मण सेनको जग्गा दान दिएको प्रमाणबाट पाइएको छ। राजा लक्ष्मण सेनको केशव सेन र विश्वरुप सेन नामका दुई छोराहरु थिए। एक विश्वरुप सेन र केशव सेन भनि अभिलेखमा उल्लेख गरिएको छ। सेनवंशले सर्वप्रथम नेपाल प्रवेश गर्दा मिथिला, मोरंग, झापा र हिन्दुस्थानतफर् प्रयाग, काशी, गाया, कामाक्ष, मगध क्षेत्रमा राज गर्न सुरु गरेका थिए भने सूर्य सेन, लक्ष्मण सेनका नाति र विश्वरुप सेनका छोरा हालको हिन्दुस्थानको इलाहावाद तर्फ साथै इलाहावाद बाट पनि पश्चिम हिमाली क्षेत्रमा गएर राजधानी कायम गरि राज्य सञ्चालन गरेका थिए। हालको हिमाञ्चल प्रदेशको सिम्ला, जम्भु काश्मीर र डोडासमेत गरेर राज्य स्थापना गरेका थिए। त्यसबखत नेपालतर्फ भने सप्तरी र सुनसरीसम्म सिमाना कायम गरेका थिए। राजधानी भने सप्तरीकै रुपनगर (रुपनी) पूर्व-पश्चिम राजमार्ग नज्दिक कायम गरिएको थियो। रुपनगरको नज्दिक शम्भूनाथ मन्दिर चतरा मठवराह क्षेत्र, हनुमानगढी, हनुमान स्थान आदि निर्माण भएका थिए। यहाँबाट सेनहरुले उत्तरी बिहार मिथिला कामरुप गौड, कलिङ्गका राजाहरु र कर्णाटवंशीय राजा सिम्रौनगढका नान्यदेव राजालाई पनि भयभित पारेका थिए। रुपनगरको शिला लेखको अभिलेख हेर्दा राजा विजय सेनको नाम छ। सुर्य सेनपछी औलिया बाबाले राजपाठ सम्हाले। उनले विवाहनै नगरेकोले चतरा- मठमा नै बस्न थाले। सुर्य सेनको चार छोरा मध्ये एकलाई औलिया बाबाले राजा बनाए र उनको नाम मुकुन्द सेन राखेका थिए। उनलाई राजपाठहरुद्वारा प्रशिक्षण दिईयो उनले आफ्नो राज्यको सिमाना बढाउन सेनाको आवश्यकता ठाने। सेना गठन गरि तालिम प्राप्त बनाउन हालको मकवानपुर आएर मुकाम (अस्थाइ बसोवास) गरे। मकवानपुरमा त्यसबेला मगरहरुको ठूलै बस्ती रहेछ। मकवानपुरमा लक्ष्मण सिंहमगर प्रमुख प्रशासक जस्तै भएर काम गरिरहेका रहेछन। उनलाई बोलाएर मुकुन्द सेनले मकवानपुरका सन्तती यूवाहरु आफुलाइ सेना बनाउने प्रस्ताव लक्ष्मणमगरसँग राखि आवश्यक यूवाहरु भर्ना गरेर रुपनगरतर्फ लगेका रहेछन्। मुकामको नज्दिकको बस्तीलाई तत्काल पुर भनिदो रहेछ। मुकाम र पुर एकै चोटीभन्दा मुकामपुर भन्दै कालान्तरमा मकवानपुर भएको प्रमाण मानिन्छ।

पाल्पाका मुकुन्द सेनले ई.सं. १५१८-१५५३ अर्थात् वि.सं.१५७५ देखि १६१० सम्म राज्य सञ्चालन गरेका थिए। रुपनगरका मुकुन्द सेनको विषय ई.सं.१२५८ भन्दा पहिलाकै हुँदा तत्काल पाल्पा राज्य नै थिएन। त्यसकारण पाल्पाका मुकुन्द सेन दोश्रो मुकुन्द सेन हुन। प्रथम मुकुन्द सेनको मुकाम र पुर बाट नै मकवानपुर भएको हो भन्ने मान्नु पर्छ। वर्तमान बारा जिल्लाको सिम्रौनगढमा राजधानी गरि शासन गरेका राजा नान्य देवको प्रपौत्र-(नाति) राजा सिंह देवको शासन काल ई.सं.१२२७ बाट १२८५ सम्म थियो, वंशावलीमा मुकुन्द सेन उपत्यका आक्रमण गर्न गएका थिए भनिएको छ। हुन त ई.सं. १२५८ पहिलेनै मकवानी मुकामपुर भl थियो। राजधानी मकवानपुरगढी नै हुन सक्दछ। मकवानपुरगढी दरवार पुनस्निर्माण प्रारम्भ भएता पनि उत्खl भएकै छैन। अभयदेव सेनले मकवानपुरे गजलक्ष्मण सिंह मगरकी छोरीसंग विवाह गरेका थिए। तत्पश्चात् मुकाम गरेर सेना भर्ना गरेका थिए। मुकुन्दसेन कै सन्ततीहरु पश्चिमतफर् गएर राजपुर चुरिया श्रृंखला निजक राजधानी गरेका थिए। राजपुर चुरिया श्रृंखलाको पहिलो राजा तुलाराव

सेन थिए। राजा तुलाराव सेन ई.सं. १२४९ मै त्यहाँका राजा भए। तत्पश्चात् ई.सं.१२८९ सम्म राज्य गरेपछी उनका सन्तती उदयराव सेन ई.सं. १२८९ मा राजा भए। त्यसपछि उनका सन्तती क्रमशः जगब्रहन सेन, धर्मपाल सेन, अनेक सिंह सेनले लगातार पहाडतर्फ पाल्पाबाट ११ कि.मि पश्चिम उत्तर तफर्को रिदिकोटमा शासन गरे। अनेकसिंह सेन पछि राजाराम ई.सं.१४०८ मा राजा भएर अस्थाई राजधानी बुटवल बनाएका थिए। ई.सं.१४५३ सम्म उनले राजपुर, बुटवल र रिब्दीकोट तीनै ठाउँमा राजाधानी सरहको भौतिक पूर्वाधार निर्माण गरेका थिए।

उनीपछि ई.सं. १४५३ मा चन्द्रसेन राजा भए। उनले भौतिक पूर्वाधार धार्मिक क्षेत्रमा विशेष ध्यान दिएका थिए। उनका छोरा रुद्र सेन, ई.सं. १४९३ अर्थात् वि.सं. १५५० देखि वि.सं. १५७५ सम्म राजा भएका थिए उनले राजधानी पाल्पालाई शहरको रुपमा विकास गरेका थिए । पाल्पा नामाकरण सन्दर्भमा, पुर्वकालमा पालहरुले हालको पाल्पामा शासन गर्दथे,मगर भषामा पाल भन्नाले छोडेको भन्ने अर्थ लाग्दछ। मगरहरुले आफ्नो समयमा उक्त स्थानलाइ चिँनाउदा पालहरुले छोडेको भन्दा भन्दै कालान्तरमा पाल्पा हुन गएको मानिन्छ।

हिमवत् खण्ड पुराणमा सेनहरुलाइ पाल्पाको सेन वंश भनिएको छ। राजा रुद्र सेनले पाल्पामा राजधानी स्थापना गरे पश्चात उक्त राजधानि ई.सं. १४९३-१५१८ सम्म कायम थियो। राजा रुद्र सेनले ई.सं. १५१४ मा सरदेवाका नेपाल ब्रँम्हणलाई दानपत्रमार्फत जग्गादान दिएका थिए। सो दानपत्रमा रुद्र सेनले हामी मकवानी हौ भनेका छन्। सेन वंशावली खोजि गर्दा चार प्रकारको पाइन्छ। सन् १७६८ मा तनहुँका राजा कामरिदत्त सेनको बारेमा लेखिएको कुरा वीर पुस्तकालयमा भेटिएको छ। अर्को भवदत्तमा गुल्मी विनायकपुरको सेन राजाहरुको विवरण छ। यसलाई मकवानी नभनेर चितौडका सेन वंशहरु भनिएको छ। तेस्रो आचार्य दीपक भन्ने धर्मशास्त्र छ। यसमा तनहुँका सेन राजा हरुको नाम र वर्णन छ। तनहुँका राजा त्रिविक्रम सेनको समय सन् १७५२ मा थियो। चौथोमा गुप्तबहादुर सेन हुन। चितौडका चुडाराज देखि पुप्तबहादुर सेनसम्म को विषयमा लिखिएको पाइन्छ । यो पुस्तावली मकवानी, पाल्पा, तनहुँ र राजपुरका हुन्। मकवानपुरगढीमा राजदरवार निर्माण गरि लोहाङ्ग सेनद्वारा मकवानी राज्य शासन गरेका थिए। लोहाङ्ग सेनले धेरै ठाउँमा स्थानीय टुक्रे राजाहरुसंग युद्धगर्दै, विजय हुदै आफ्नो राज्यको सिमाना बढाएका थिए। लाहानमा पुगेर वस्ती बसाले जसलाई लोहाङ्ग बस्ती भनियो। कालान्तरमा हालको लाहान नामाकरण भयो। मल्ल राजाहरुको प्रतिनिधिहरु आएर दक्षैणतफर् बढ्दै आएकाले आफै गएर सम्झौता गरि महाभारत देउराली सिमभञ्ज्याङग, दर्पनको लेक कैलाश-बैकुण्ठ, ठिंगनको माथि महादेवडाँडा लाइनै साध सिमाना कायम गरेर भिमफेदि चिसापानी गढी भएको ठाउँमा सुरक्षा चौकी राखेको थिए। उनको शासन ई.सं. १६९१ सम्म थियो। लोहाङ्ग सेनका छोरा राघव सेनले इ.स. १५९१ देखि १६२३ सम्म राज्य गरे भने राघवसेनका छोरा हरिहर सेनले ई.सं.१६३१ बाट १६७२ सम्म राजा भएर शासन गरे। उनले हरिहरपुरगढी मनहीमा मनकामना देवी स्थान स्थापना गरे। हरिहर सेनको समयमा दुईरानीका छोराहरु बीच राज्य सञ्चालनमा वादविवाद चलिरहन्थो। यसैको फाईदा उठाइ मकवानपुर राज्य सञ्चालन गर्न प्रारम्भ भएपश्चात गोरखा, ललितपुर, भक्तपुर र कान्तिपुरका राजाहरु मिलेर मकवानपुर माथि आक्रमण गरेका थिए।

त्यसपछि हरिहर सेनका छोरा माणिक सेन ई.सं. १७०७-१७३० सम्म राजा भए। उनले मकवानपुरगढी किल्ला पुनस्निमार्ण गराए, उनको छोरा हेमकर्ण सेन ई.सं. १७३०-१७५९ सम्म राजा भए। तत्पश्चात दिग्वन्धन सेन ई.सं.१७५९ देखि १७६२ सम्म राजा भए र ई.स १७६२ अगष्ट २१ मा गोर्खाली राजाको फौजले मकवानपुरको राजधानी आक्रमण गरि विजय प्राप्त गरेका थिए।

नेपालमा सेनवंशी राजाहरू

सेन शब्दको उत्पत्ती श्रेणीबाट भएको हो र सेनहरु प्राचीन नेपालमा बंगालबाट आएका हुन् । यिनीहरु ब्राम्हण जातिका थिए । श्रेणीकहरु दक्षिण चोल राजाका भारदारहरु र यिनका आदी पुरुष सामन्त सेन थिए । वि.स. ११९९ तिर बंगालमा मुसलमानहरुले आक्रमण गरेबाट सुरक्षित स्थान खोज्दै एक समूह हिमाली राज्यतर्फ आएका हुन् । हिमवत् खण्ड पुराणमा उल्लेख भएअनुसार सेनहरुलाई मकवानी सेन नै भनिएकोले सर्वप्रथम मकवानपुरबाट पाल्पा गएको भनि किटानी गरिएको छ। ११९९ तिर सर्वप्रथमे लक्षण सेनका उत्तराधिकारी सूर्य सेन रहेछन । सूर्य सेनको देहावसानपछि उनका छोरा रुप सेन त्यहाँबाट उत्तर पश्चिम हिमालयको शिवालीक क्षेत्रको समुन्द्र नदीको किनारमा पुगे । रुप सेनले चण्डीगड पञ्जाबको रोपड सदरमुकाम गरेको जिल्लाको प्रशासन चलाउने मुस्लिम सरदारमाथि आक्रमण गरि विजय प्राप्त गरे र त्यहीं एक किल्ला निर्माण गराए । त्यस स्थानको नाम आफ्नो नामबाट रुप सेन राखि त्यही नै राजधानी निर्माण गराए ।पछि युद्धमा रुप सेन मारिए । त्यसपछि उनको जेठा छोरा बिरसेन सुकेतले राज्य स्थापना गरे । दोस्रो गिरी सेनले सिम्लाको कोओनथल माथि अधिकार जमाए र तेस्रो हमिरसेनले जम्बु क्षेत्रको चन्द्रभागा नदी उपत्यकामा बिस्तार गर्दै राज्य कायम गरेका थिए । सेनहरुको ठुलो समुह मिथिला क्षेत्रमा प्रत्यक्ष शासनमा संलग्नता नभएता पनि सेनहरुको प्रभाव मिथिला क्षेत्र कोशीदेखि नारायणी नदीसम्म थियो । त्यसपछी बललाल सेनले गंगाको दक्षिण भाग भागलपुरको सनोखरसम्म अधिकार स्थापित गरेको पाइन्छ । बिहार प्रान्तमा सेनहरु सनोखरको पुर्वी सिमानासम्म र मोरङ क्षेत्रका भू-भागमा कब्जा जमाएका थिए भने उत्तर-पूर्व तफर्को सिमाना पूणिर्या क्षेत्रसम्मनै थियो । मोरङको वर्तमान सदरमुकाम विराटनगरबाट पूर्वोत्तर दिशातर्फ आज पनि भग्नावसेस पाइन्छ । त्यो भग्नावशेषलाई प्राचीन धर्मपालको किल्ला भनिन्छ । त्यो किल्ला बंगालका सेनहरु भन्दा पहिले भएको मानिन्छ । बंगालको सिमाना भने जलपाईगुढीसम्म नै थियो । बंगालका सेनहरुले मिथिला कर्णाटकको बीचमा बिरबाँधलाई सिमाना बनाएका थिए । त्यसबखत बंगालको मिथिला प्रान्त अन्तर्गत मोरङ भनिने सम्पूर्ण प्रदेश थियो । हाल मोरङ कोशी अञ्चलको एउटा जिल्लाको नाम भएता पनि तत्कालिन अवस्थामा जिल्ला नामाकरण भएको थिएन । मोरङको सिमाना पश्चिम तर्फ कोशी नदी सम्म थियो र पछि यसको नाम सप्तरी रहेको हो । सप्तरीय शब्दबाट सप्तरी भएको भनाइ छ । यस क्षेत्रमा हिन्दुधर्मावलम्बीहरु बसोबास भएको प्रमाणको लागि धनुषा जिल्लाको पूर्वीर् भागमा पर्ने दुहबी भन्ने ठाउँमा अवस्थित एक थुम्कोलाई लिन सकिन्छ छ । त्यो थुम्को स्थानीयबासीहरुले ई.स. १९६० मा उत्खननू गर्दा इट्टाको वृत्ताकारमा आधारशिला, तान्त्रिकका प्रतीक युद्धसंग सम्बन्धित धेरै वस्तुहरु, गणेशको मुर्तिमा अक्षर भएको अभिलेख पनि पाईएको थियो । सेन राजाहरु ११ औं शताब्दीमा उडीसा, बिहार, बंगालमा शासन गर्दथे । त्यसको साँस्कृतिक प्रभाव यहाँ पनि परेको थियो । माँ को अर्थ आमा, देवी हुन्छ । त्यही नज्दिक जोगीखारा गाउँबाट त्यो अभिलेख पाईएको थियो । सेन राजाहरुको तत्कालीन शासन भएको क्षेत्रमा बसोबास गर्ने माझी जातिहरु बंगाल, बिहार नेपालमा बस्ने सेन जातिको भाषासंग मिल्दोजुल्दो पाइएको छ ।

प्राचीनकालमा कोशी नदी अहिलेको भन्दा पूर्वतर्फ प्रबाहित भएर टिष्टा र महानन्दामा मिलेर ब्रम्हपुत्रमा समाहित हुन्थ्यो । ११ औं शताब्दीको समयसम्म पनि सेनवंशीय शासकहरुले आफु बंगालाकानै हौं भन्ने गरेका थिए । १२ औं शताब्दीको अन्त्यतिर मन्तर सेनको मृत्युपश्चात गद्दीका हकदार दुईजना भए । १३ औं शताब्दीका सेन राजाहरुले राजसिंह सेनलाई गद्दी दिने भन्ने गरेका थिए । आज पनि सुनसरीमा गाद्दिगणेश भन्ने स्थान पाइन्छ । यो विजयपुरमा पर्दछ । गाद्दिगणेश स्थान विजयपुरका सेन राजाहरुको राजगद्दी आरोहण गर्ने स्थान रहेछ । त्यहाँ भेटिको शिलालाइ श्री गणेश भनिन्छ । सुनसरी जिल्लाको पश्चिम कोशी नदी तटमा (किनारा) चतरा भन्ने स्थान छ। त्यसैलाई चतरागद्दी पनि भनिन्छ। त्यो गद्दीलाई प्राचीन औलिया बाबा (रघुनाथ सेन) को मठ भनिन्छ। त्यो मठमा हाल जगत्गुरु बालसन्त बस्नु हुन्छ। त्यो औलिया बाबाको स्थान र मठ मकवानपुरका सेन राजाको अधिकारमा थियो । चतरामठ कोशी नदी पश्चिम सरेपछि १३ औ, १४ औं शताब्दीमा निर्माण भएको मानिन्छ । सेन राजाले गद्दी निर्माण गरेको नामबाट चतरागद्दी भएको हो भन्ने भनाई छ। प्राचीन चतरा र २०१८ सालपछिको सप्तरी जिल्लाको रुप नगर एउटै क्षेत्रमा रहेको छ।

अर्को भनाइमा सेन वंशका एउटा निस्सन्तान राजा यो मठमा बस्दथे । त्यहीँ एउटा सन्त पनि बस्दथे । दुबै राजा र सन्तको वार्तालाप हुँदा सन्तले राजालाई तिमीले चार वटा छोरा प्राप्त गर्दछौं त्यसमध्ये पहिलो छोरा मलाई दिनुपर्छ बाँकि तीन छोरा यसै क्षेत्रमा शासन गर्दछन् भनि शर्त राखे । राजाले पनि सन्तको शर्त स्वीकार गरे । केही समयपछि छोरा जन्मिए, पहिलो छोरा सन्तलाई अर्पण गरे । त्यसै बखत राजाले सन्तलाई बस्न चतरागद्दीमा ठूलो सत्तल निर्माण गरी दिएको भन्ने किंवदन्ती सुन्न पाइन्छ । नेपाल क्षेत्रका सेन राजाहरुको प्रसस्तीमा “रुप नारायणेत्यादी” भन्ने शब्द प्रचलित छ । रुपनारायण भन्ने सेन राजाका पुर्खाको नाम हो वा उनीहरुको मुलस्थान हो । रुपनारायण र रुपसेन भन्ने राजा तत्कालिन सप्तरी क्षेत्रमा नै बस्दथे । त्यो स्थान हाल सप्तरी जिल्लामा नै पर्दछ । ई.स. १२२० मा पश्चिम हिमाल क्षेत्रतर्फ लाग्ने बंगालका सेन राजाहरुको वंशजको सूचीमा रुपसेनको पनि नाम छ।

नेपालको तराईमा भएका तत्कालीन राज्यमा मिथिला, जनकपुर, कपिलवस्तु, सिंहपुर, कञ्चनपुर, धनगढी, बारा सिम्रौनगढ र मकवानपुर राज्यहरु थिए । ती मध्ये मकवानपुर राज्य १३ औं शताब्दीको प्रारम्भमा रुपसेन औलियाबाबा, मुकुन्द सेनजस्ता राजा प्रख्यात भएको पाइन्छ । वर्तमान सप्तरी र सुनसरी जिल्लामा भौतिक पूर्वाधारको भग्नावशेष रहेको छ । रुपसेनको राजधानीलाई हालपनि रुपनगर भनिन्छ । रुपनगरमा राज्य गर्ने प्रथम राजा को थिए कति पुस्ता त्यहाँ राजा भए भन्ने प्रमाण पाइएको छैन । औलियाबाबा सेनवंशकीय निस्सन्तान राजा थिए । अर्को स्रोत माकन्दसेन वा मुकुन्दसेनलाई सेनवंशीय पूर्खा मात्र हाईन, मकवानपुरकै राजा भनिएको पाइन्छ । रुपनगरमा नै सर्वप्रथम सेन राजाहरु बसेका थिए । मुकुन्द, माकन्द, मोकाम हुदै कालान्तरमा मकवानपुर भएको हो । मकवानपुरको पहाडी थुम्काको शिरोभागमा किल्ला निर्माण तुलासेनले गराए भन्ने लेखिएको पाइन्छ तर मकवानपुरका राजाको नाम तुलासेन भन्ने कहिँ पनि पाईँदैन ।

सेन वंशावली विभिन्न समयमा विभिन्न व्यक्तिबाट संकलित वंशावली हो । यो वंशावलीमा एकरुपता देखिँदैन पछिल्लो समय पाल्पाबाट सेन राजा मकवानपुर आएको भन्ने इतिहासकारको धारणा छ । मकवानपुरबाट पाल्पातर्फ गएको भन्ने उल्लेख हुनैपर्ने हो, तर हालसम्म पनि भएको छैन । मकवानपुरबाट पश्चिम गएका र पश्चिमबाट मुकन्द सेन दोस्रोका छोराको अंश भाग लगाउँदा लोहाङ सेन मकवानपुर

आएर गढीमा राजधानी गरेका थिए। पाल्पाका सेन राजाहरुको वंशावलीमा श्री मकवानी भुप भनेर किटान गरिएको छ। पुस्तक हिमवत खण्ड पुराणमा पाल्पातफर्का सेन राजाहरुको विषयमा चर्चा हुँदा बानियाँ वंशोयम भनिएको छ। त्यसपछि हरिहर सेनले दुई भागमा अंश लगाएर कोसीपूर्व विजयपुरमा इन्द्र विद्याता सेन र कोशी पश्चिम मकवानपुरगढीमा शुभ सेनले १६७२-१७०६ सम्म शासन गरे। शुभसेनका छोरा माणिक सेन इ.सं. १७०७-१७३० सम्म राजा भए। त्यसपछि उनका छोरा हेमकर्ण सेन इ. १७३०-१७५९ सम्म र हेमकर्ण सेनका छोरा दिगवन्दन सेन ई १७५९-१७६२ अगस्ट २१ अर्थात वि.सं. १८१९ भाद्र ९ सम्म मकवानपुरगढी राज्यमा शासन गरे। हिन्दुस्थानको पश्चिम बंगाल राज्यमा हावडा र निदनापुर जिल्लाको बीचमा रुपनारायण नदी बगेको छ। प्राचीन समयमा यो नदी ताम्रलिपि तर्फ प्रभाहित भएकोले यसलाई तामलुक भनियो। यो स्थान कलकत्ता भन्दा ३३ माइल दक्षिण-पश्चिम जिल्ला निदानपुरमा पर्दछ। सेन राजाहरुको प्रशस्ती हेर्दा सप्तरी जिल्लाको रुपनगरसंग सम्बन्धित भएको भन्नेहरु पनि पाइन्छ। त्यस कारण सेन राजाहरुको नेपाल क्षेत्रको पहिलो बसोबास रुपनगरनै हो भन्ने पाइन्छ। रुपनगरमा सेन राजाहरुद्वारा स्थापित प्राचीन माटाका मूर्तिहरु, असाधारण आकारका इट्टाहरुले बनेको नारायण, विष्णु, उमामहेश्वर, नृत्य गणेश आदीका मूर्तिहरु पाइएको छ।

गोर्खालीहरूबाट मकवानपुर विजय

प्राचीन कालमा काठमाडौं उपत्यकाको दक्षिण द्वार सिन्धुली भञ्ज्याङ थियो । उक्त द्वारलाइ सिन्धुली भञ्ज्याङको दक्षिण तफर्को तिन पाटन भावर पार गरेर कमला नदी किनारै-किनार उत्तर बिहारमा निस्कने बाटोको रुपमा प्रयोग गरिन्थ्यो । उता हिन्दुस्थान गएका मकवानपुरे राजा लोहाङ्सेन काम सकेर फर्कदा विजयपुर आक्रमण गरेर राजधानीको रुपमा परिणत गरेपछि तीन पाटनमा चौकी राखेर जाँचबुझ गर्ने गरेकोले काठमाडौं उपत्यकाका बासिन्दालाई कठिन भइ रहेको थियो । राजा लोहाङ्सेनका नाती हरिहर सेनका अन्तिम समयमा बिजयपुर राज्य विजयपुर र मकवानपुरमा बिभाजन भइ दुई राज्य भएको थियो । विजयपुरमा विधाता इन्द्रसेन राजा भए भने मकवानपुर शुभसेनको भागमा पऱ्यो । यसै समयमा कान्तिपुर र ललितपुरका राजाहरु मिलेर तिन पाटनमा रहेको चौकी ध्वस्त पारियो । त्यसपछि यो तिन पाटन स्थानलाई सबैको साझा बनाए ।

यसको कारण शुभसेनका छोरा माणिक सेन राजा भएपश्चात सिन्धुलीमा गढी निर्माण गराए र चेकजाँचको व्यवस्थालाइ निरन्तर कायम राखे । गढीको उत्तरतर्फ पूर्व बाहिनी सुनकोशी नदीका दायाँ किनारमा मगर, खसको वस्ती थियो । माणिक सेनले दुम्जादेखि झाँगा-झोली-कुशेश्वर महादेवसम्मको भाग मकवानपुर राज्यमा मिलाएका थिए । मकवानपुर राजधानी भएको डाँडामा पनि नयाँ गढी बनाएर यो बाटोबाट उत्तर विहारतर्फ जाने नयाँ बाटो खोलेका थिए । दुम्जाबाट मकवानपुर आउने-जाने बाटोको सुरक्षाका निमित्त भावर दुन क्षेत्रबाट तलपट्टी उत्रन पर्सा गढी पनि निर्माण गराए । उनले मुगलहरुको आक्रमणबाट सुरक्षित हुन उपत्यकाका राजाहरुसंग सम्बन्ध जोडेका थिए । मकवानपुर राजधानीबाट उत्तर सामरी खोला खुँडेधारको बाटो बुढीचौर, कोगटे, टेकर, सिस्नेरीमा नयाँ बाटो खोली बाग्मती नदी तरेर ललितपुर पुग्ने बाटो (पैदल मार्ग) निर्माण गरेका थिए ।

गोर्खाबाट जोगीमारा, देउघाट जाने र आउने तीर्थालु हिड्ने पदमार्ग निर्माण गराए । उपरदाङ गढीबाट चितवन-माडी, ठोरी, भएर उत्तर बिहारका तलहट्टीतर्फ जाने पैदल मार्ग मर्मत गराए । यो बाटो पटना नारायणगढ एकादश रुद्र एघारौं स्थानमा स्थापना गरिएको थियो । वर्षात्मा खोला तथा झोराहरु बढेर आवत-जावत गर्न कठिन थियो । हिउँदमा भने सुचारु हुन्थ्यो ।

काठमाडौं उपत्यकादेखि ललितपुरका ठकुराईमा पर्ने चितलाङ- टिष्टुङ-पालुङ सिमभञ्ज्याङ, देउराली, चिसापानी भिमफेदी हुँदै रापती नदीको किनार सुपिङ्ग, बुढीचौर, सुकौरा हुँदै मकवानपुरगढी जाने पदमार्ग पनि प्रायस् वर्षात्मा बन्द रहन्थ्यो । मकवानपुरे राजा हेमकर्ण सेन की १२ वर्षीय छोरी इन्द्र कुमारी सेनलाई गोरखाका राजा नरभुपाल शाहका जेष्ठ छोरा युवराज पृथ्वी नारायण शाह बीच विवाह भएको थियो तर विवाहमा दिएको नौलखा हार र एक दन्ते सेतो हात्ती आदि उपहार नदिएको कारण दिगवन्धन सेनसंग वैरभाव चलेको थियो तर ससुरा हेमकर्ण सेनसँग भने पृथ्वीनारायणको सम्बन्ध राम्रै थियो । ई.सं. १७७५ को कीर्तिपुरको युद्धमा गोर्खालीको हार भएकोले लमजुङ र तनहुँका राजाहरु गाईघाट तफर्बाट त्रिशुली नदी तरेर लामीडाँडामा आक्रमण गर्न हेमकर्ण सेनसँग सहयोग मागेका थिए । यता राजा पृथ्वीनारायणले पनि ससुरा सँग सहयोगको आसा गरेका थिए । त्यसकारण हेमकर्ण सेन तटस्थ नै बसेर तटस्थ बसेर असहयोग

गरेको भनि युवराज पृथ्वीनारायण शाहाले काठमाडौं उपत्यकामा आर्थिक र व्यापारीक आवतजावत गर्न नपाउने गरी नाकाबन्दी गरिदिए । पृथ्वी नारायण शाहले युद्द गर्दै पलाञ्चोक र काभ्रे गढीहरु पनि कब्जा गरे । काजी दलजित शाहको कमाण्डमा फुलबारी दाप्चा हुँदै ठकुराईभित्र परेका पूर्वबाहिनी सुनकोशीको दायाँ किनारतर्फ दुम्जा, झाँगा-झोली सिन्धुली गढीसमेत मकवानपुर राज्यमा मिलाउनको लागि युद्द गर्न पठाए तर पछि गोरखाबाट सिन्धुली गढी आक्रमण नगर्नू भन्ने आदेश पठाए । ई.सं. १७५९ मा मकवानपुरे राजा हेमकर्ण सेनको मृत्यु भयो र उनका छोरा दिग्बन्धन सेन राजा भए । दिग्बन्धन सेनले उपत्यकाका मल्ल राज्यहरुको पक्ष लिएर ज्वाई पृथ्वीनारायण शाहको खेदो खन्न थाले । ज्वाइमाथि जथाभावी बोलेर हिडेको खबर गोरखामा पुगेपछि गोर्खाबाट आक्रमणको लागि हातहतियार तयार गरी मकवानपुर पठाए । गोरखाली सैन्य दहचोक गढीमै थियो । काजी दलजीत शाह दहचोक गढीमै भएता पनि कोही नुवाकोट कोही दोलखामा रहेकोले सबैलाई मकवानपुरमा हाजिर हुन उर्दी भयो । यो कामको निमित्त अनुभवी भारदार र अफिसरहरुलाई आज्ञापत्र बुझाउन पठाए । उनले जेठा महोदम कीर्ति शाहलाई र साइला भाई दलमर्दन शाहलाई चौताराको पद दिइसकेका थिए । मकवानपुर आक्रमण गर्न कान्छा चौतारालाई र काजी शुरप्रताप शालाई पठाउने निश्चय गरे, गोरखामा भएका काजी रणरुद्र शाह सरदार तन्दूशाहीलाई पनि मकवानपुर जान भनि आदेश दिए । मन्त्री कालु पाँडे कीर्तिपुरको युद्धमा बिरगति पाएकाले त्यो ठाउँमा मन्त्री पदे खाली थियो । त्यसमा उनकै जेठा छोरा २० वर्ष भइसकेकोले मन्त्रीमा नियुक्ति गरी मकवानपुर पठाए । शिव रामसिंह बस्न्यात साँगा चोक युद्धमा परि विरगति पाएकाले उनको ठाउँमा उनकै माइला छोरा सरदार केहर सिंह वस्न्यातलाई दहचोक गढी झिकाए र सरदारभन्दा माथिल्लो दर्जा बकशी भन्ने पद दिए । उनलाई प्रधान सेनापति बनाएर पाँडे र बस्न्यातको जोडी बनाए ।

केहरसिंह कै दाई नाहरसिंह बस्न्यातलाई र यिनका १८ वर्षका भाई अभिमानसिंह बस्न्यातलाई पनि वख्शी पद दिएर मकवानपुरको युद्धमा सहभागी गराए । मकवानपुर जाने पैदल मार्ग कठिन थियो । त्यसमा रसद पानी, हतियार लैजाने कार्य मिलाउन राजा पृथ्वीनारायण शाह दहचोक गढीमा आएर बस्ने व्यवस्था भयो । वर्षात्को समय भएकोले खोला छलेर डाँडाबाट हिड्नु पर्ने थियो ।

चित्लाङ, मार्खु खोलाको दायाँतर्फ तावाखानी (कुलेखानी) पनि विजय भइसकेकोले सो भुभाग पनि गोरखाकै थियो । खोलातर्फ नगएर डाँडा चढी टेकरनज्दिक पुगेर कोकटे, सुपिङ, बुढीचौर, खुँडेधार भएर गढीमाथिको उच्च स्थानमा पुगे त्यहाँ सर्वप्रथम थाना बार्ने,क्याम्प राखे काम भयो । उकालो-ओरालो कष्टकर पदमार्ग भएता पनि झरी पानी खप्न सक्ने गोर्खालीहरु थिए । हुलाक-हुलाकमा थर्पु, गाग्रो, घैटो भरेर पानी राखिन्थ्यो । मकवानपुरको लडाईमा पनि बन्दुक थोरै, धनुबाँण धेरै प्रयोग भएका थिए । दहचोकमा ११ सय जवान गोर्खाली सैनिक ४ बास बसेर २० अगस्त १७६२ मा थाना बारी सरे । मकवानपुरे राजा दिग्वन्धन सेन गोर्खालीहरु युद्ध गर्न आइरहेका छन् भन्ने सुचना पाएर आफ्नो परिवारलाई हात्तीमा राखेर ४० कि.मि. पुर्व हरिहरपुरगढी तर्फ पठाए ।

दिग्बन्धन सेन टाँढै बसेर गोर्खालीले आक्रमण गरेको हेरिरहे । २१ अगस्तका दिन किल्लामा आक्रमण गर्ने गोर्खालीको योजना थियो । गोर्खाली सैनिकले टाँढैबाट किल्ला घेरिसकेका थिए तर भाग्न चाहानेगरुलाई भने भाग्नको लागि अवसर दिईएको थियो । दिनको ११ बजेदेखि आक्रमण सशक्तरुपमा सुरु भयो युद्द करिब ८ घण्टा सम्म युद्ध भयो मकवानि सेनाहरुको हार निश्चित भयो र मकवानी सैन्यले हार मानी मकवानपुरगढी किल्ला छाडि दिए । हताहत हुनेमा गोर्खाली सेना १ सय जति र मकवानी सैनिक १ हजार जति भएको भनिएको छ । बचेका सैनिकहरु साथै लिएर दिवान कनकसिंह बाँनिया,राजित राजा दिग्वन्धन सेन पनि हरिहर गढीतर्फ लागे । यसरी मकवानीले किल्ला र राजदरबार छोडीदिएपछि मकवानपुर पनि गोरखालीकै भयो । वि.स १८१९ साल भाद्र ९ गते सरदार नन्दु शाहीलाई मकवानपुरगढी रक्षाको निमित्त आवश्यक सैन्य सहित राखियो ।

बंगाली सेनासँग मकवानपुरमा लडाई

मुगल सैनिकबाट गोरखाली माथी गरिएको आक्रमणको पथ प्रदर्शक पराजित सेन राजा दिग्वन्धन सेन थिए। मिरकासिमसँग वार्ता मिलेपछि युद्द गर्न वंगाली सेनाको फौज सहित दिगवन्दन सेन मकवानपुरगढि तफर् लागे। राजा दिग्वन्धन सेन चुरिया सम्म आएर पछि हटे। चुरिया डाँडा काटेर १८१९ पौष २७ गते मीरकासिमको फौजले हर्नामाडी चौकी आक्रमण गरे। उक्त आक्रमणमा करिब ३ हजार फौजिहरु खटाईएको थियो जासमा २५०० मध्ये २ हजार फौजि तालिम प्राप्त सेना थिए। यसरि आक्रमण गर्न आएको कुरा दहचोक गढीमा बसेका राजा पृथ्वीनारायण शाहलाई रातारात खबर पुग्यो त्यसबखत पृथ्वीनारायण शाह कटेरी गैरीगाउँबाट मकवानपुरगढी चढनको लागि सजिलो बाटो बनाई रहेका थिए। यसै बिच गोर्खाली सेनाहरु गएर मिरकासिमको फौज माथि ढुङ्गा मुढा बर्साए। कोहि क्याम्पमै र कोहि भारि बोकेर गढि तर्फ आइरहेको देखेर गोर्खालीका सेनापति नहर सिंह बस्न्यात, केहलर सिंह बस्न्यात, वंश राज पाँडे, जीव शाह, हर्कपन्त, रामकृष्ण, कुँवरको नेतृत्वमा गोरखालीहरुले शिखर कटेरीमाथिबाट ढुंङ्गा मुढा बर्साए युद्द हुँदै जादा वि.स १८१९ माघ १० गते भएको अन्तिम लडाईमा मिरकासिमका नायव नवाव सेनाको हार भयो। यस युद्धमा मीरकासिमका १७०० जवान र गोर्खाली तर्फका ३० जना रणभूमि मै मारिए। यो युद्धबाट गोर्खालीलाई ५०० सय बन्दुक, २ तोप, बारुद, गोला लाभ भएको थियो। गोरखालीहरुले बिदेशि सैनिक माथि विजय प्राप्त गरेकोले मनोबल उच्च भएको थियो। मुगललाई गोरखालिहरुबाट पराजित गरेपशचात राजा पृथ्वी नारायण शाहबाट मकवानपुरगढीमा पहिलो बिजय उत्सव मनाईएको थियो। सोहि दिनमा उक्त ऐतिहासिक दिनको सम्झनामा मकवानपुरगढी गाउँपालिकाद्वरा वाषिर्क रुपमा माघ १० गते विजयाउत्सव मनाउने गरिएको छ।

मकवानपुरगढीमा पहिलो सैनिक संगठन

पृथ्वी नारायण शाहको ससुराली राज्य मकवानपुरमा ससुरा हेमकर्ण सेनको मृत्यु भैसकेको र १८१९ भाद्र ९ मा राजा पृथ्वी नारायण शाहको फौजले मकवानपुरमा विजय हासिल गरि एकिकरणको प्रारम्भ गरे। मकवानपुर राज्य तत्काल ठूलो आथिृक श्रोत भएको राज्य थियो। वि.सं. १८१९ भदौ ९ गते मकवानपुर राज्य विजयपछि स्थायी सेनाको गठनको पहल भएको थियो। सर्वप्रथम १८१९ असोज ५ गते श्रीनाथ कम्पनी र कालीबक्स कम्पनी मकवानपुरगढी मै खडा गरियो। किनकी पहिलो विजय गरेको राज्य मकवानपुर नै थियो। त्यस्तै असोज ९ गते बर्दाबानी र सबुज कम्पनी मकवानपुरमै गठन गरियो। वि.सं. १८१९ फागुण १० गते गोरख कम्पनी स्थापना गरिएको थियो।

पराजित दिग्वन्धन सेन मकवानपुर राज्य अन्तर्गतको हरिहरपुर गढीमा गएर बसे, त्यहाँ पनि गार्खालीहरुको फौज वि.सं. १८१९ असोज २२ गते पुगेर हरिहरपुरगढीमा आक्रमण गरे। त्यहाँबाट पनि दिग्न्धन सेन र मन्त्री कनक सिह बानिया भागेर बंगालका नवावमीर कासिमसमक्ष आफ्नो कुरा पुऱ्याए। मकवानपुरे सेन राजाहरुको सम्बन्ध मुगलहरुसंग पुरानै थियो। मीरकासिम पनि इष्ट इण्डिया कम्पनीको अग्रेजसंग टाडिदै गएका थिए। उनीहरुले कुनै पहाडी राज्य लिन सके अग्रेजसंग युद्ध गर्नु पर्छ भनि ३ हजार फौजलाई तालिम दिइरहेका थिए। यसै समयमा पराजित सेन राजाहरु र मीरकासिम बिच छलफल भयो र दुवैतफर्को योजना मिलेपछि सेनापति गुरगील खाँको नेतृत्वमा आएको मिरकासिमको २५०० फौज गोरखालीमाथि आक्रमण गर्न आए। यो खबर थाहा पाएर गोरखालिहरु पनि युद्दको तयारि गर्नतिर लागे युद्द भयो , वि.स १८१९ माघ १० गते भएको अन्तिम लडाईमा बंगालका नायब मिरकासिम नवावको हार भयो। यसपछि १८१९ फागुन १० गते राजा पृथ्वी नारायाण शाहबाट गढी मै गोरख कम्पनी स्थापना भएको थियो। हाल त्यसलाई पुरानो गोरख गण भनिन्छ नेपालमा यसै समय देखि नै औपचारिक रुपमा सैनिक संगठन मकवानपुरगढी बाट पुरानो गोरख गणको नाममा सुरुवात भएको मानिन्छ।

ऐतिहासिक मकवानपुरगढी क्षेत्र

मुख्य गढी किल्ला अभयसेन द्वारा निर्माण गरिएको थियो । बि.स. १८६२ मा दिलाखाका नाराबिर महत र नाखी थरका बस्तुकला बिध द्वारा गढी किल्ला पूर्ण निर्माण भएको थियो सो बापत हटिया गाउँमा ३१ बिगा जग्गा बिर्ता पाएका थिय । आज पनि उनकै सन्तान हटियामा बसोबास छ । मकवानपुर गढी भित्रको दरबार राजा लोहंग सेनकै पालामा निर्माण भएको थियो । किल्लाको उत्तर तर्फ मुख्य ढोका छ ,यो ढोका गुम्बज सैलीमा छ ,यसको लम्बाई १.१० मि. र चौडाई ०.७५ मि. छ । किल्ला भित्रको दुवै दरबार पूर्व पश्चिम लम्बाई २५.७ र चौडाई उत्तर दक्षिण ९.१० इन्च छ । पछिल्लो दरबारको पश्चिम ८.९० गहिरो र ०.३०० मि. घेराको पनि भर्ने ईनार थियो । किल्लाको पूर्व पश्चिम ३२५ फुट र उत्तर दक्षिण चौडाई १२५ फुट त्रिभुज आकारमा बास्तुशास्त्रद्वारा निर्मित छ। राजा माणिक सेनको पालामा बनेको श्री कृष्णको किशोर अबस्थाको पूर्ण कदको ५.५ फुट लम्बाई र १९ इन्च गोलाई रहेको धातुको मुर्ति हाल पनि रहेको छ । जनमानसमा बंशगोपाल भन्ने गरिएको छ तर खासमा बाशुरी बजईरहेकोले बम्शी गोपाल भनिएको हो । यो मुर्ति खोक्रो भएको र भूकम्प आउदा ढलेको कारण पाऊमा संग्लाले बाधेर राखिएको छ । तत्कालिन समयमा पानिको आवश्यकतालाई पुरा गर्न विभिन्न कुवा तथा धाराहरु निर्माण गरि तिनका नामाकरण गरिएको थियो जसमा धरमपानि, कञ्चनपानि, अमृतपानि र रानि कुवा जस्ता स्थानहरुको अवसेसहरु हाल विध्यमान छन। कञ्चनपानि र अमृतपानि लाइ व्यवस्थित गरि हाल खानेपानिको रुपमा खानेपानि संस्थान हेटौडाले धाराहरुद्वारा वितरण गरिएको छ ।ऐतिहासिक मकवानपुरगढी दरवार परिसर अन्तरगत सेन कालिन समयमा विभिन्न संरचनाहरु निर्माण भएको तथ्य हाल सम्म पनि देखिन्छ । मकवानपुरगढी परिसरका ऐतिहासिक स्थान र संरचनाहरुको चर्चा गरौ ।

वंसिगोपाल (कृष्ण मन्दिर) ऐतिहासिक संरचनाको चर्चा गर्दा मकवानपुरगढी दरवारको प्राङ्गणमा रहेको वंसगोपालको मन्दिर अग्रस्थानमा आउदछ । सेनकालिन समयमा निर्माण गरिएको उक्त मन्दिरमा माणिक सेनको राज्यकाल देखि पुजा आजा गर्न पुरारिको व्यवस्था भएको हो जसमा गुणनिति खतिवडालाइ पुजा खर्च र विर्ता जग्गा दिने गरि पुजारिमा राखिएको थियो । पश्चिम मोहोडा भएको एकतले मन्दिरमा वंशगोपालको सिरोभागमा सुनको लेपन गरिएको धातुको मुर्ति थियो, सुनकै लेपनको कारण मुर्तिको सिरोभाग हराएको थियो तर पछि हिरालाल श्रेष्ठको परिवारबाट मुर्तिको हराएको भागको पुन निर्माण गरि स्थापना गरिएको मुर्ति हाल पनि सोहि मन्दिरमा देख्न सकिन्छ । त्यसैगरि सिद्देश्वर (शिव मन्दिर) दरबारको

पश्चिम दक्षिण तर्फ राजा मणिक सेनको पालामा स्थापना भएका एकतले शिद्धेश्वर महादेवको मन्दिर अवस्थित छ, यो शिब मन्दिर स्थापना पछि राजालाई सिद्दि प्राप्त भएको हुदा यस मन्दिरको नाम सिद्देश्वर रहन गयो। मुख्य गढीको पूर्व तर्फ एक ढिस्को जस्तो देखिन्छ जसलाई हाल गढिको गुफास्थानको रुपमा चिनिन्छ। त्यो ढिस्कोमा राजा हेमकर्ण सेन लाई मन परेको हात्ती मरेरे गाडेका थिए ,उक्त स्थानमा हाल हात्तिको सालिक निर्माण गरिएको छ।

मुख्य गढिबाट पूर्व उत्तरमा ३.५ कि.मी. सवारी मार्ग द्वारा जुंगे दरबार वा ब्यारेक पुग्न सकिन्छ, । २०३० साल सम्म यो स्थान हटिया गाउँ पंचायत ५ नं. वडामा पर्दथ्यो। यो ब्यारेग भिमशेन थापाको पालामा निर्माण भएको र पछिल्लो समयमा प्रधानमन्त्री चन्द्र समशेर बेलायत भ्रमण जाँदा सम्म यहि ब्यारेकमा सेनाहरु राखि गएक थिय। २०१६ साल तिर यो ब्यारेक तथा दरबारको काठहरु तात्कालिन अन्चालधिसको आदेशबाट दोभान चौरमा रहेको विद्यालय निर्माण गर्नको लागि दिईएको थियो हाल सो विद्यालय कर्रा पारी भुलभुलेम अवस्थित छ। गोर्खाको युबराज पृथ्वी नारायण शाह बि.स. १७९९ चैत्र २५ गते राजा भएका थिए। राजा माणिक सेनले वि.सं. १७७५को अभिलेखमा चण्डिनीदेवी भनि लेखिएकोले राजा माणिक सेनका पालामा चण्डिनी देवी स्थापना भएको हो, जसको प्रमाण माणिक सेनले लेखेको शिलामा भेटियो जसको लम्बाई १० ई. ४ लाइन र चौडाई १ ई. १० लाइनको छ। तत्कालीन समयमा मुख्य गढीको नज्दिक पूर्वतर्फ बाँझो जग्गा छोडेको ठँउमा आजपनि काठको मैलो देख्न सकिन्छ। सडक निर्माण र विस्तार गर्दा हाल सो स्थानको साँघुरो टुप्पो मात्र बाँकी छ। राजदेवी मन्दिरबाट केही पूर्व उत्तरमा चण्डिनिदेवि स्थान पाइन्छ। राजदेवी,रत्नदेवि राजदेवी सेनकालिन स्टदेवि हुन। रत्नदेवी स्थान सेनकालिन समयमा सेन राजाको मन्त्रि बसोबास गर्ने स्थान हो। दशैको फुलपातिको (आश्विन शुक्ल दुर्गापक्ष सप्तमिको) दिन रत्नदेवि,कमलदेवि,राजदेविमा ल्याएर फुलपाति तयार गरिन्थयो र बाजा गाजा साथ मकवानपुर गढी किल्ला भित्र राजदरवारमा लगेर भित्रय्याईन्थयो। सेन राज्य पराजित पछि पनि स्थानिय पुजारिहरुबाट २०१६ साल सम्म फुलपाति भित्याउने कार्यक्रम गरिएको थियो।

नेपालको किल्ला गढ, गढी, कोट

किल्ला, गढ,गढी, कोट, दुर्ग, दरबार आदि निर्माण कार्य राज्य व्यवस्थाको प्रारम्भदेखि भएको पाइन्छ। राज्य व्यवस्थालाई सुचारुपले सञ्चालनको लागि मजबुत किल्ला, गढ गढी, कोटको आवश्यक हुने गर्दथ्यो। यसबाट राजपरिवार सुरक्षित हुने भएकोले यस्तो परिपाटीको प्रारम्भ भएको हो। किल्ला, गण, गढी, कोट, दुर्ग शब्दले सुरक्षित बासस्थान वा शहर वा नगरको सुरक्षित संरक्षात्मक वा रचना भन्ने संकेत गर्दछ। संस्कृति हिन्दी कोषमा दुरग शब्दको शब्दार्थ गढ, किल्ला, कोट, गढी आदि बामन शिवराम आप्टेद्वारा लिखित, सम्पादित संस्कृति हिन्दी कोषको पुस्तकमा लेखेका छन्। गढ शब्दलाई खाई (खाल्टो), नवावट, पर्दा पनि भनिएको छ। तर पनि गढ भन्नाले सबै किल्ला शब्दलाई खाई (खाल्टो), नवावट, पर्दा पनि भनिएको छ। तर पनि गढ भन्नाले सबै किल्ला शब्दलाई समेट्दैन। कोट शब्दतर्फ हेर्दा कुटति विपक्षोअस्मिन अन्न वा कुट अधिकरणेधञ (किल्ला गढ आदि) व्याख्या पाइन्छ। अमरकोषमा व्यूहलाई किल्ला पनि भनिएको छ। यस्तो व्यूहहरु दण्डव्यूह, चक्रव्यूह आदि नाम दिएको छ। राजा, राष्ट्र, अमात्य, मित्र, दुर्ग, कोष, सैन्य यी तत्वलाई राजाङ्ग भनि अमरकोशमै उल्लेख छ। वृहत पर्यायवाची शब्दकोषतर्फ हेर्दा किल्ला भन्नाले गढ, कोट, दुर्ग आदि छ। वृहत हिन्दी शब्दकोषमा उल्लेख भएअनुसार लम्बाइ चौडाई भवन, त्यसको भित्री भागमा रक्षात्मक युद्धसम्बन्धी प्वाल, आड निर्माण भएको हुन्छ, त्यसैलाई गढ, गढी, कोट, दुर्ग भनिएको छ। किल्लालाई बाहिनी, शिविर, मुख, स्थानीय संविद्ध दोङ्ग, कोलक, निगम स्कन्धावार शब्दमान सारमा उल्लेख भएको पाइन्छ। आधुनिक कालमा आएर आढहरुको निर्माण प्रारम्भ भएको हो। गढीहरु सुरक्षाका लागि आड निर्माण गरिने चलन छ ,आडबाट शत्रुहरुलाई प्रत्याक्रमण गर्न सुविधा पुऱ्याउँछ। आड अस्थायी खाल्टो खनेर ढिस्को उठाएर ठाउँअनुसार निर्माण गरिन्थ्यो। स्थायी आड निर्माण गर्न गढीहरुकै जस्तो ढुंगा, चुना, सुर्कीहरुद्वारा निर्माण गरिन्थ्यो। यसमध्ये मकवानपुर गढी, सिन्धुली गढी, चिसापानी गढी आडहरुकै कारण शत्रुहरुलाई हराएका थिए। मकवापनुर गढीमा बंगालका नवाव मीर कासिमका सेनापति गुरगीलखाँको नेतृत्वमा आएकाले मकववानपुरको गोरखाली सेनालाई हराउन वि.सुं १८१९ पौष २७ गते आक्रमण गर्न आउँदा पूर्वपश्चिमका आडबाटै वि.सं. १८१९ माघ १० गते प्रत्याक्रमण गर्दा शत्रु पक्षलाई हराएका थिए। त्यस्तै सिन्धुली गढीको आडबाट इष्ट इण्डिया कम्पनीका कप्तान किनलकको नेतृत्वमा गोरखाली सेनालाई हराउन अंग्रेज सेनाले वि.सं. १८२४ असोज ९ गते सिन्धुली कब्जा गरेका थिए।

शत्रुहरुबाट सुरक्षित हुन राज्यको किल्ला अपरिहार्य हुन पुग्यो, आडलाई प्रधावितिका भनि कौटिल्यले भनेका छन्। तिब्बती गुम्बा, जसलाई जोङ्गग भनिन्छ। जोङ्ग निर्माण गर्दा सुरक्षात्मक किल्लाको रुपमा

निर्माण गरेको थियए । राज्य व्यवस्थाको प्रारम्भिक चरणदेखि शासन गर्ने शासकको चयन हुने व्यवस्था प्रादुर्भाव भयो । आक्रमण प्रत्याक्रमणका घटनाहरु बारम्बार भइरहने हुँदा बासस्थान सुरक्षित, भरपर्दो बनाउने भावनाको विकास भयो । मानव विकासकै क्रममा राज्य, समुदाय, समाज जन्म भयो । शासकहरु, राजाहरु बस्ने दरसबार, भवनहरु सुरक्षात्मक विशेष सुविधासम्पन्न गराउने कार्य भयो पछि राजधानीलाइ एउटा किल्लाभित्र पर्ने गरी विकास गरियो । नेपालको कान्तिपुर, ललितपुर, भक्तपुर, कीर्तिपुर, सिम्रौनगढ, मकवानपुर, विजयपुर, आदिका राजधानीहरु पुरै किल्ला निर्माण गरी कायम गरियो । त्यसबाहेक राजधानीलाई सुरक्षा प्रदान गर्न अग्ला पर्खाल र सो बाहिर गहिरो खाई (खाडल) बनाइन्थ्यो । शत्रुहरुको आक्रमणबाट सुरक्षित हुन खाईमा पानी जमाएर विषाल सर्प, बिच्छी, खजुरो आदि राखिन्थ्यो ।

यसै समयमा पनि प्राकृतिक किल्लाहरु सुरक्षाका लागि दिएको हुन्थ्यो । प्राकृतिक, वस्तीहरुमा घना जंगल लगाउने, ठूलो पोखरी चारैतर्फ बनाउने, पहाडको टाकुराको शिरोभागलाई मुख्य आधार लिएर किल्लाको निर्माण गर्ने गरेको देखिन्छ । मकवानपुर गढी, कीर्तिपुर, हरिहरपुर गढी, पालुङको कोटथुम्की गढी नगरकोट गढी, उदयपुर गढी, रुपाकाट मभुवा गढी, चिशंखु, गढी, हतुवा गढी, साँधुरा गढी (धनकुटा), राइनास गढी (लमजुङ), अजिरकोट गढी (गोरखा), कास्कीकोट गढी, बयलकाँडा गढी (सुर्खेत), दिपायलकोट गढी डोटी) आदि छन् । सिन्धु सभ्यताकालमा तत्कालको नगर सभ्यताको भौतिक पूर्वाधारको संरचनामा सबै नगर नै किल्ला द्वारा निर्मित थिए । योजनावद्ध नगर निर्माण भएको र बिचबिचमा ठूला सडक र ढल निकासको सुप्रबन्ध गरिएको हुन्थ्यो । तत्काल नगरको चारैतर्फ अग्ला पर्खाल निर्माण गरिएको र नगरभित्र प्रवेश गर्न ठूला ठूला कलात्मक द्वारहरु निर्माण गरिने गरिएको थियो । यो कार्यकाल हरप्पाभन्दा अगाडि नै सुरक्षात्मक दृष्टिबाट निर्माण भएको पाइन्छ । यहाँ पाइएको काँचो माटोद्वारा निर्माण भएको प्रतिक्षालयको पर्खालले किल्लाको रुपलाई हेर्दा यो कुरातर्फ संकेत गर्दछ । अग्ला पर्खाल भएका र काँचो इट्टाहरुद्वारा उच्च डाँडाको शिरोभागको हरप्पामा निर्माण भएको किल्लाको स्वरुपे स्पष्ट देखिन्छ । सिन्धु नदिकै सभ्यतामा लोथर, नलीमुरद, कुल्ली आदि शहरहरुमा किल्ला निर्माण गरिएको थियो । अलिमुरदमा २७ फुट अग्लो ढुंगाको रक्षात्मक पर्खाल उत्खनन हुँदा प्रमाण पाइएकोले पुष्टि हुन आयो ।

चिसापानी इलाका र मकवानपुर माल अड्डा (प्रशासनीक निकाय गढी, किल्ला र गोश्वारा)

भिमसेन थापा प्रधानमन्त्री भएपश्चात पहिले प्रशासनिक निकाय कयम भएकाले केन्द्रले प्रशासनिक निकायमार्फत न्याय, अन्याय, राजश्व आदिका लागि बढीभन्दा बढी गढी, किल्ला र गोश्वाराहरु निर्माण गराए। पूर्व १ नं. मा बनेपा गोश्वरा चौतारामा थियो। पूर्व २ नं. रामेछाप गोश्वारा रामेछापमा राखियो पूर्व सिन्धुलीगढी सिन्धुलीमा, पूर्व उदयपुर गढी उदयपुरमा, दक्षिण पश्चिम चिसापानीगढीमै निर्माण गरि प्रशासनिक काम कारबाहि गर्ने गरेका थिए। २०१८ सालसम्म चिसापानी इलाका, मकवानपुरगढी मालअड्डा भनि भनिन्थ्यो।

उक्त स्थानहमध्ये गौडामा प्रायः कप्तान पद प्रमुख हुन्थ्यो भने गोश्वारामा भने प्रायः कर्णेल र गढीहरुमा प्रायः लेफ्टिनेन्ट पदका हुन्थे। तर, चिसापानी गढीमा प्रायः कर्णेल हुन्थ्ये। यो गढीमा विदेशीहरु तथा स्वदेशीहरु विदेश जाँदा राहदानी दिने र सुरक्षा जाँच यहाँ गर्नु पर्दथ्यो यो प्रशासनिक कार्यालयलाई अड्डा भनिन्थ्यो गढी गौडा र गोश्वारा अड्डाहरु घट्ने-बढ्ने भैरहन्थ्यो। प्रधानमन्त्री भिमसेन थापाको समयदेखि यो अड्डा राख्ने चलन चलाएको पाइन्छ। वार्षिक १/२ पटक दौडाहा टोली केन्द्रीय सरकारबाट पठाइन्थ्यो। दरबारी धरोलो (बालबच्चा हेर्ने)लाई ददा भनिन्थ्यो। भीमसेन थापा ददाको सन्तान भएकोले सानुमै दरबार प्रवेश पाएका थिए। यसैको फाइदा स्वरुप भीमसेन थापा चिसापानीगढी हेर्न २०१३ सालमा आएका थिए। त्यस समयमा चिसापानी मालअड्डाका हाकिम वडा हाकिम र मकवानपुरगढी मालअड्डाका हाकिम सुब्बा हुन्थ्ये। मकवानपुरगढीको मालअड्डा हालको मकवानपुरगढि गाउँपालिकाको वडा न ६ मा अवस्थित रहेको थियो।जाहा अदालतिय कारवाहि र प्रशासनिक कामकाज हुने गर्दथ्यो भन्ने ईतिहास रहेको छाउक्त डाँडालाइ हाल अदालत डाँडाको नाममा चिनिन्छ।

मकवानपुरगढीमा वार्षिक विजयोत्सव कार्यक्रम

मकवापनुर राज्यको पराजय पछि राजा दिगबन्धन सेन र मन्त्री कनकसिंह बानियाँको आग्रहमा पृथ्वी नारायण शाहको गोर्खाली सेनाविरुद्ध बंगालका तत्कालिन नवाव मिरकासिमले गुरगिल खाँको नेतृत्वमा मकवानपुरमा हमला गर्न पठाएका करिब २ हजार पाँच सय मुगल सेनाका फैजलाई गोर्खाली सेनापतिहरु बंशराज पाण्डे, केहरसिंह बस्नेत र रामकृष्ण कुवँर, नेतृत्वको गोर्खाली फौजले सन् १७६३ जनवरी २० मा परास्त गरी भगाएको सम्झनामा हरेक वर्ष माघ १० गते विजय उत्सव मनाइन्छ। गोर्खाली सेनाले विदेशी सेनासित लडेको पहिलो युद्धका रुपमा यसलाई लिइन्छ। पहिलो विजयोत्सव मनाउदा तत्कालीन राजा पृथ्वीनारायण शाह स्वयम् गढीमा उपस्थित भइ कार्यक्रमा सहभागि भएका थिए। सोही समयदेखि विजयोत्सव मनाउन थालिएका भए पनि व्यवस्थित र भव्य कार्यक्रम गरेर मनाउन थालेको भने २०६७ साल देखि भएको गढी, संरक्षण र व्यवस्थापनमा सक्रिय केदार प्रसाद न्यौपानेले जानकारी दिए।

ऐतिहासिक लेखक तथा प्राध्यापक दिनेशराज पन्तले मकवानपुरगढीबारे लेखिएको लेखका अनुसार विस १७९४ मा गोर्खाका युवराज पृथ्वीनारायण शाहको विवाह मकवानपुरका राजा हेमकर्ण सेनकी छोरी इन्द्रकुमारीसँग भएको थियो। हेमकर्ण सेनका छोरा दिग्बन्धन सेनसँग पृथ्वीनाराणको सम्बन्ध राम्रो थिएन। हेमकर्ण सेनले कन्यादानको समयमा छोरीलाई गजमोतीको हार लगाइदिएका थिए। र दुलाहा/दुलहीलाई एकदन्त हात्तीमा चढाएका थिए। पृथ्वीनारयाणले ती हार र हात्ती माग गर्दा दिग्बन्धन सेनसँग झगडा भएकै कारण बेहुली नै नलिइ फर्केका थिए। मकवानपुरगढी गाउँपालिकाको कार्यालयको आयोजनामा हाल वार्षिक विजय उत्स्व कार्यक्रम प्रत्यक महिनाको माघ १० गते मकवानपुरगढी दरवारको प्राङ्गणमा मनाउदै आउने चलन रहेको छ।द्दण्ठ७ साल माघ १० गते सम्म आईपुग्दा २५८ औं विजय उत्स्व कार्यक्रम सम्पन्न भएको देख्न सकिन्छ। २५६ औं वार्षिक विजय उत्स्व कार्यक्रमलाइ तात्कालिन महामहिम राष्ट्रपति विध्धा देवि भण्डारिद्वरा समुद्घाटन गरिएको थियो।

मकवानपुरगढी गाउँपालिकाले आयोजना गरेको २५६ औं विजय उत्सव समारोहमा राष्ट्रपति भण्डारिज्युबाट झण्डोत्लन र संघिय संरचनासहितको नेपालको नक्साको अनावरण गरि समारोहमा सम्बोधन गर्दै राष्ट्रपति भण्डारीले नेपालको एकीकरण अभियानलाई साकार पार्न महत्वपूर्ण भूमिका निर्वाह गरेको स्मरण गर्दै एकीकरणले देश स्वतन्त्र सर्वभौमसत्ता सम्पन्न स्वाधिन राष्ट्रको रुपमा स्थापित भएको दाबी समेत प्रस्तुर गर्नु भएको थिया।

त्यसैगरि राष्ट्र र राष्ट्रियताप्रति नेपाली जनताले गर्व गर्ने अवस्था सिर्जना गर्ने सवालमा मकवानपुरगढीको ऐतिहासिकताले प्रष्ट पार्ने विचार पनि राख्नुभयो । राष्ट्रपति भण्डारीले मकवानपुरगढीको संरक्षण र सुरक्षा गर्न जरुरी रहेको दाबी गर्दै राष्ट्रिय मार्गहरुले जोडिएको गढीको अझै महत्वका साथ अघि बढाउनु पर्ने बताउनु भयो । नेपाल सरकारले पनि गढीको संरक्षणका लागि र यस क्षेत्रमा पर्ने वन संरक्षण गर्नका लागि काम गरिरहेको राष्ट्रपतिले उल्लेख गर्नुभयो । गाउँपालिकाले अघि सारेको समृद्धिको आधार, शिक्षा, कृषि, पर्यटन र पूर्वाधार''को सपनालाई साकार पार्न यस क्षेत्रमा रहेका पुरातात्विक, सांस्कृतिक र ऐतिहीसिक सम्पदाको संरक्षणमा जोड दिएर पर्यटन परिक्रमा पथ निर्माण गर्न सकेमा पर्यटन प्रबर्द्धनमा टेवा पुग्ने धारणा राख्नुभयो । नेपाल सरकारले गढीलाई पर्यटकीय गन्तव्यको सूचीकृत गर्नु पर्यटकीय विकासमा निम्ति महत्वपूर्ण कदम भएको भन्दै राषट्रपतिज्यु बिदा हुनु भयो । त्यसैगरि मकवानपुरगढी गाउँपालिकाले आयोजना गरेको २५७ औं विजय उत्सव कार्यक्रम तात्कालिन बागमति प्रदेश मुख्य मन्त्रि माननिय डोरमणि पौडेलज्युको प्रमुख आथित्यमा सम्पन्न गरिएको हो ।

त्यस बिजयउत्सब समारोहमा मुख्यमन्त्रीज्युबाट झण्डोत्लन र सेते एकदन्ते हात्तिको प्रतिमा अनावरण गरि समारोहमा सम्बोधन गर्दै मुख्यमन्त्री पौडेलले गोर्खाली सेनाको वीरतालाई विश्वसामु सुपरिचित गराउने काम गोर्खा-मुगल युद्धले गराएको बताउनुभयो । मकवानपुरगढीको २ सय ५७ औ विजयोत्सवमा उनले गोर्खालीको साहसका कारण आज विश्वमा नेपालीको शिर उच्च रहेको, पुर्खाहरुले निर्माण गरेको विभिन्न संरचना युवाले संरक्षणमा जोड दिनुपर्ने, नेपालको रहनसहन, पुर्खाको योगदान, भौगोलिक अवस्था र विविधताका दृष्टिले सम्बृद्ध भएको हुँदा यसबारे युवा पुस्तामा पर्याप्त जानकारी हुनु आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो । प्रदेश सरकारले गढी र उक्त क्षेत्रको वन क्षेत्रका संरक्षणका लागि काम गरिरहेको र मकवानपुरगढीमा भएको एकीकरण बिजयप्राप्तिको दिनले पनि हालको सार्वभौम मुलुक बनेको भनि स्मरण गराउनुभयो ।

मकवानपुरगढी गाउँपालिकाको पार्यटकीय स्थलहरू

१. मकवानपुरगढी दरवार

मकवानपुरगढी दरवार मकवानपुरगढी गाउँपालिका अन्तरगत वडा न. २ मा अवस्थित रहेको छ। सेन वंशीय अन्तिम राजा दिग्बन्दन सेनले वंगालका नवाव मिरकासिम संग सैन्य सहयोग मागे पश्चात ई.सं. १७६२ जनवरीमा गुरगिन खाँ को नेतृत्वमा आएको करिब २५०० सेना हर्नामडीमा रहेको गोर्खाली सेनाको पोष्ट आक्रमण गरि शिखरकटेरी सम्म कब्जा जमाई सकेको अवस्थामा मकवानपुरगढ़िमा रहेको सरकार नन्दु शाह नेतृत्वोको सेना र दहचौक बाट पृथ्वी-नारायण शाहले पठाउनु भएको नेहर-सिंह बस्नेत र वंशी-राज पाण्डेको नेतृत्वमा रहेको गोर्खाली सेनाले मिति बि.सं. १८१९ माघ ९ गते राति उक्त सेना माथि हमला गरि लगातार भएको युद्ध पछी मिति वि.सं. १८१९ माघ १० गते विहान गुरगिन खाँको नेतृत्वमा रहेको सेनालाई परास्त गरि विजय प्राप्त गरेका थिए।

पहिलेको मकवानपुरगढी दरवार

हालको मकवानपुरगढी दरवार

मकवानपुरगढी दरवारले आफ्नै पृथक महत्व बोकेको क्षेत्र हो, नेपालको ईतिहासमा विदेशी सेनालाई पहिलो पटक नेपाली भूमिमा पराजित गरेकोले अन्य गढिहरुको तुलानामा यसले छुट्टै महत्व रहेको छ,

यस मकवानपुरगढीको लड़ाईमा गोर्खाली फौजले विजय प्राप्त नगरेको भए नेपाल एकिकरणमा ठुलो धक्का लाग्ने मात्र नभइ, नेपाल एकिकरणको माहान अभियान साकार हुन कठिन हुने अनुमान गरिन्छ। नेपालको इतिहासलाई केलाएर हेर्ने हो भने प्राचिनकालमा नेपाल एउटा सिङ्गो राज्यको रुपमा नभएर विभिन्न स-साना राज्यहरुमा विभाजित थिए। त्यसबेलाका राजाहरुले आफ्नो राज्यको सुरक्षाको निम्ति कोट, गढी, किल्लाहरु निर्माण गरी सैनिकहरुलाई तैनाथ गरेको कुरा अहिले देखिने पुरातात्विक महत्वका स्थानहरुबाटछ सजिलै अनुमान लगाउन सकिन्छ। आधुनिक नेपालको एकिकरणपूर्व मध्यकालमा निर्माण भएका विभिन्न गढीहरुमा मकवानपुर जिललाको मकवानपुर गडी पनि एउटा लामो र महत्वपूर्ण इतिहास बोकेको गढी हो । नेपालको एकिकरणपूर्व मकवानपुर एउटा स्वतन्त्र र प्रख्यात सेन राज्यको रुपमा चिनिन्थ्यो। पूर्वका तीनवटा सेन राजाहरुले स्थापना गरेका राज्यहरुमध्ये मकवानपुर राज्य पुरानो हो भने मकवानपुरगढी उक्त राज्यको प्रशासनिक, सामाजिक र व्यापारिक केन्द्र हो। मकवापनुगढी गाउँपालिकाको वडा नं. २ मा अवस्थित मुल गढी जिल्ला सदरमुकाम हेटौंडाबाट झण्डै १५ कि.मी. उत्तरमा पर्दछ।

मकवानपुरगढि दरवारलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्न निरन्तर काम भईरहेको छ, दरवार परिसरमा प्रवेश गर्नको लागि प्रवेशद्वार, सिंडि, फुट बल्क, सुचना गोल घर, सेतो एक दन्ते हात्ति, पिकनिक स्थलको निर्माण गरि मकवानपुरगढी गाँउपालिका दरवारको विकसमा निरन्तर लागिपर्दै आएको छ। आगामि दिनमा मकवानपुरगढी दरवारलाई पर्यटकिय क्षेत्रमा अझ बढी प्रभावकारि ढङ्गले विकास गर्न विभिन्न सरोकारवाला निकयाहरुसङग समन्वय पनि भइराखेको छ। जिर्ण रहेको दरवार पुन पहिलेकै संरचनामा निर्माण गरिने सहितको योजना अनुसार गाउँपालिका अगाढि बढेको छ।

२. दुंगे गढी

दुङ्गेगढी समुद्री सतहबाट १२९९ मी. को उचाइमा र २७ डिग्री २५ मि. १२ से. अक्षांश र ८५ डिग्री १० मि. ७ से. देशान्तरमा हाल मकवानपुरगढी गाउँपालिका अन्तरगत वडा न. २ मा अवस्थित छ जसको क्षेत्रफल १,०७,२०८ वर्ग मिटर छ। यस स्थानमा मानिसहरुका बस्ती दुंगाको मीथि भएकाले दुंगे गढी नाम राखिएको हो। यहाँ कालिका माई र शिव मन्दिर निमाएण भएको छ। समुन्द सतहबाट करिब १३०० फुट उचाईमा अवस्थित छ। यहाँबाट सूर्योदय र सूर्यास्त हेर्दा एकदमै मनोरम देखिन्छ साथै पर्यटकहरुको मनोरजनको लागि प्याराग्लाईडिङको सम्भाव्यता अध्ययन भैसकेको छ। यहाँबाट मौसम सफा भएको समयमा भारतीय भूमिको विहार सम्म अवलोकन गर्न सकिन्छ। यहाँ बाँस र गुरास फुल्ने समयमा वरिपरि रंगीचंगी देख्न सकिन्छ। यहाँ बिशाल दुंगा दुरदराज सम्म पुगेको छ भन्नी काहावत रहेका छ।

पहिलेको दुङ्गे गढी

दुङ्गे गढी डि.पि.आर

प्राचिनकाल अर्थात शेनकालिन देखि यहाँ बसोबास गर्ने मानिसहरुले पानी भर्ने कुवा उत्तर तर्फ रहेको छ र हाल सम्म पनि त्यहाँको पानी प्रयोग हुँदै आएको छ। प्राचिन सेन कालमा रानी रजस्वला हुँदा बस्ने ठाउँको रुपमा रानी खोपीलाई चिनिन्छ उक्त खोपि दुङ्गेगढीमा हाल सम्म पनि देख्न सकिन्छ। दुङ्गेगढी मुलगढीबाट ४ कि.मी उत्तर पूर्वमा अवस्थित छ। यो स्थान सदरमुकाम हेटांडाबाट १९ कि.मी. पूर्व उत्तरमा पर्दछ। रमणीय पहाड पुरै दुङ्गाको चट्टानबाट निर्मित भएकोले यसको नाम दुङ्गेगढी राखिएको हुनुपर्दछ। दुङ्गेगढी समुन्द्र सतहबाट १२९९ मी. को उचाईमा रहेकोले यहाँको हावापानी वर्ष भरि नै चिसो रहन्छ। हेटौंडा लगायत तराई तथा भित्री मधेशको अत्यधिक गर्मीबाट अत्तालिएका मानिसहरु यस ठाउँमा जाँदा स्वर्गीय आनन्द आउँछ। त्यसैले प्रस्तावित यो पार्कको नाम दुङ्गेगढी आनन्द पार्क राखिएको छ। दुङ्गेगढी सेनको राज्य कालमा बनेको भन्ने स्थानीय कथन छ। यस गढीमा दुङ्गाद्वारा निर्मित कुनै पनि संरचना वा त्यसका अवशेषहरु छैनन्।

दुङ्गेगढी धार्मिक, ऐतिहासिक, सामरिक तथा सांस्कृतिक दृष्टिकोणले निर्क महत्वपूर्ण हुनुको साथ हेटौंडा लगायत तराईका अन्य जिलालहरुबाट नजिक र कान्तिराजपथसँगै जोडिएको पार्क निर्माण पछि देश तथा विदेशबाट पर्यटकहरु उल्लेख्य मात्रामा भित्रिन गई गाउँपालिका, यसको आसपासको समुदाय तथा पर्यटन व्यवासायीलाई आथिृक फाइदा हुने प्रचुर सम्भावना देखिन्छ। मकवानपुरगढी गाउँपालिकाको कर्यालयले यसको विकासको लागि परियोजना निर्माण गरि काम गर्दै आएको छ।

३. रानीबास कृषि पर्यटन पार्क

नेपाल विश्वमा कृषि प्रधान देशका रुपमा चिनिन्छ। यहाँ कूल जनसंख्याको ६६ प्रतिशत भाग मानिसहरू प्रत्यक्ष रुपमा कृषि पेशामा संलग्न छन्। तर पनि यहाँका कृषकहरु अपेक्षाकृत रुपमा फाइदा लिन सकिरहेका छैनन् जीवनस्तर दयनिय अवस्थामा छ। यसको पछाडिको कारण कृषकहरुले अझै पनि परम्परागत कषि शैली अपनाइरहेका छन् र तिनीहरुलाई आधुनिक कृषि पद्धति र विचारहरुको बारेमा अनभिज्ञता छ। नेपाल प्राकृतिक सौन्दर्यता, विविध भूदृश्य, उपयुक्त हावापानी, अग्ला हिमश्रृङ्खला, छुट्टाछुट्टै परम्परा, भाषा र संस्कृतिको लागि प्रसिद्ध छ।



रानीबास कृषि पर्यटन पार्क डि.पि.आर

कृषि पर्यटनको महत्व र सम्भावनालाई मध्यनजर गर्दै मकवानपुरगढी गाँउपालिका वडा नं. १ स्थित उच्च समथर भुभाग र समुद्री सतहबाट ९५५ मी. को उचाइमा अवस्थित रानीबास १७,८०५ ब.मी. क्षेत्रफलमा फैलिएको छ। यस स्थानमा प्रायः रुखहरुमा ऐजेरु र फुलहरुमा सुनगाभाका फूलहरु फुलेका देखिन्छन्। जसले गर्दा यो ठाउँ बढी आकर्षक देखिन्छ। रानीसेरा क्षेत्र विकासको लागि रानीबास कृषि पर्यटन पार्कको विस्तृत अध्ययन प्रतिवेदन तयार गरिएका छ। सेन वंशीय राज्यकालमा मकवानपुरगढी दरबारबाट तराई यात्रा गर्ने क्रममा यस ठाउँमा रानी आएर बास बस्ने भएकोले यस ठाउँको नाम रानीबास रहन गएको हो। रानी बास बसेको निश्चित स्थानको कुनै भग्नावशेष र अन्य कुनै प्रमाणहरु भन पाईदैन यहाँसम्म पुग्नको निम्ति कच्ची बाटो छ भने निर्माणधिन काठमाडौं -तराई द्रुत मार्गबाट झण्डै १.५ कि.मी. को दुरि पार गरेपछी रानी बास पुग्न सकिन्छ।

४. पशुमैत्री पार्क

पशुमैत्री पार्क मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिका वडा नं ३ मा अवस्थित छ। उक्त स्थान मकवानपुरको जिल्ला सदरमुकाम हेटौडाबाट ७ कि.मी उत्तर-पश्चिममा पर्दछ। उक्त स्थल सामरी खोलाको किनारमा झन्डै ६२८१३ वर्ग कि. मी क्षेत्रफलमा मा फैलिएको छ, यहाँको हावापानी बर्ष भरि नै उष्ण रहने भएकोले पशुपालनको निम्ति उपयुक्त मनिन्छ। त्यसैले यस क्षेत्रमा बसोबास गर्ने मानिसहरुको मुख्य पेशा पनि कृषि र पशुपालन नै रहेको छ। यो क्षेत्र अक्षांश २७°२६'१९.००, देशान्तर ८४° ०४' ४९ मा फैलिएको छ।

पशु मैत्री पार्क डि.पि.आर

पशु मैत्री पार्क निर्माण हुने स्थान

यस पार्कमा विभिन्न प्रजानतिका घरपालुवा जनावरहरु जस्तै गाई,भैसि,बाख्राहरुको सालिक निर्माण हुनेछ,कृषि पेशा गर्नेहरुको लागि केहि जान्न र सिक्नको लागि यो ठाउँ उपयोगि रहनेछ साथै यस पार्कमा पोखरी लगायत पशुपालनको लागि आवश्यक पर्ने अन्य संरचना बन्ने हुदा यहाँ आउने पर्यटकहरुले कृषिबारे धेरै कुराहरु पनि सिक्न पाउनेछन।

समग्र गाउँपालिकाको समृद्धि र विकासको निम्ति "मकवानपुरगढी गाउँपालिकाको आधारः शिक्षा, कृषि, पर्यटन र पूर्वाधार" भन्ने मूल नारालाई आत्मसात गर्दै यस गाउँपालिकाले कृषि पर्यटन बिकासको निम्ति थुप्रै योजनाहरु अघि सारेको छ, जसमध्ये पशुमैत्री पार्क एउटा महत्वपूर्ण परियोजना हो। पशुमैत्री पार्क छोटो समय अवधिमा नै पर्यटकीय विकास गर्न सकिने सम्भावना बोकेको पर्यटकिय स्थल हो। हाल यस क्षेत्रमा दाना उद्योग संचालन गर्न एक भवन बनाईएको छ र सहकारीको कार्यालय बनेको छ।

५. मनकामना मन्दिर

२०१७ साल पौष २९ गते यो मनकामना स्थान हेटौंडा गाउँ पञ्चायतमा गाबिन पुग्यो। यस अघि गोठडाँडा भनिन्थ्यो। सेन कालिन समयमा मनकामना मन्दिरको पूर्व उत्तरतर्फ केही महिना सरकारी गोठहरु थिए।

हेटौंडा गाउँपञ्चायत हुँदा उत्तर सिमाना सामरी नदी भनिएकोले गोठडाँडा (कालिखोला) सबै सिमानाभित्र नै परिसकेको पाइन्छ। हेटौंडाको आबादी बढेर नगरका लागि तयार हुँदै गएकोले नेपाल सरकारबाट २०२६ साल श्रावणमा हेटौंडा नगरपञ्चायत घोषणा हुँदा यो स्थान मक्राञ्चुली गाउँपञ्चायत बन्न पुग्यो ,२०३६ सालको जनमत सग्रंह घोषणा हुँदा पञ्चायतद्वारा भौगोलिक नक्सा तयार गर्दा मक्राञ्चुली गाउंपञ्चायत हटाएर मकवानपुर गढी कायम हुन पुग्यो। हाल मनकामना क्षेत्र मकवानपुरगढी गाउँपालिको वडा न. ४ मा आवस्थित छ।

पहिलेको मनकामना मन्दिर

हालको मनकामना मन्दिर

यो मन्दिर हेटौंडा बजारबाट पूर्वको माथिललो भागमा अन्दाजी ३ कि.मी. दुरीमा पर्दछ। यहाँ धेरै पक्कि सडक हुँदै जान सकिन्छ। भक्तजनहरुलाई माताको दर्शन गर्न सहज होस भनि वि.सं. २०१६ मंसिरमा स्थानीय श्री कृष्ण प्रसाद दाहालले सिला मनकामनाको स्थापना गरेर सोहि वर्ष हेटौंडा २, हाल हेटौंडा २ बस्ने श्री स्वाः राम बहादुर श्रेष्ठबाट ढुंगा माटोको सानो मन्दिर निर्माण गराएका थिए। वि.सं. २०१७ सालदेखि पुजारी श्री थम बहादुर राना मगरले र त्यसपछि उनकै छोरा छत्र बहादुर राना मगरबाट निरन्तर नियमित पुज्ज आज चलिआएको छ। मनकामना मन्दिर क्षेत्रको इतिहास हेर्ने हो भने, छत्र शाहको भाई राम शाह १६६६ मा राजा भए, १६९३ मा उनको मृत्यु भयो। उनकी एक रानी थिइन् उनी दिनभर राजासगैं बस्ने रात परेपछि बेपत्ता हुने गरेकोले रानीको अवस्था बुझ्न गुप्तचर लखन थापालाई राजाले अह्राए। थापा रानिको पछि लागेर आउँदा हालको मनकामना मन्दिर भएको ठाउँमा सिंहमाथि चढेकी साक्षात देवी कै रुपमा देखे। देवीले भनिन् "मेरो चियोचर्चो गर्न राजाले तिमिलाई नियुक्त गरेको छ। अरुले सोधे मेरो कुरा नगर्नु, तिमी मेरै पुजारी भएर बस तिम्रा सन्तान-दर्शन्तानलाई मेरो सेवा गर्दा खाना लाउन दुःख हुँदैन भनिन्।" यसको केहो वर्षपछि राजा राम शाहको मृत्यु भयो रानिले आफ्नो लागि पानि चित्ता तयार गर्न लगाई छोरालाई दाहवत्तिको लागि भनिन। नदीमा स्नान गरेर चित्तामा बसिन्। दागबत्ती दिए, श्रृखण्ड, घ्यु, तिल, पवित्र ज्वलन पदार्थ राखियो तर आगोले उनलाई छुँदै छोएन। राजा जलिसके, रानीका लागि मलामीहरु नजलेर आजित भए। आगो बलिरहेको चिताबाट रानी उठिन् र नदीमा गएर स्नान गरेर मलामी र छोरातर्फ फर्केर सबैलाई प्रणाम गरिन्। उनले भनिन् "यो सृष्टीमा लोकचारका लागि पहिलो छोरी भएँ। विवाह भयो पत्नि भएँ। छोरा जन्माएँ आमा भएँ यति मात्र होइन यो संसारमा दुःखी पीडितहरुको सेवा गर्दै म यहीँ माथि थुम्कोमा बस्नेछु। मैले मेरो सेवा गर्न लखन थापालाई भनिसकेको छु। तपाईहरुलाई कष्ट भयो अब स्नान गरेर जानुस् भनिन्" र अलप भइन् भन्ने गोरखा मनकामनाको लोकोक्ती छ। पुजारीमा लखन थापाको वंशजहरु आज पनि छन्। उक्त घटनाले प्रभावित भएर देशका धेरै ठाउँमा मनकामनाको मुर्ति स्थापना गरियो।

त्यस्तै मकवानपुरको गोठडाँडामा मनकामना मन्दिर स्थापना गर्न थुम्को खार्ने कामको अगुवाई र जग्गा आवादी गर्न कृष्णप्रसाद दाहालले सरकारबाट स्वीकृति लिएका थिए। २०१६ साल मसिंरतिर दाहालले मनकामनाको मुर्ति स्थापना गरे। अब मन्दिर कसरी बनाउने होला भन्दै सरसल्लाह हुँदा सगंमचोक हेटौंडा बस्ने राम ब. श्रेष्ठ र उनको परिवारबाट ढुङ्गा-माटो लगाएर एकतले मन्दिर निर्माण गरेको ईतिहास पाईन्छ। लखन थापा पुजारी भएर २०६० सालसम्म सेवा गरे। २०३९ साल साउन १९ गते मनकामनामाइको सुन्दर मुर्तिको शिरोभाग चोरी भयो। प्रहरीमा लिखित उजुरी गर्दा पनि प्राप्त हुन सकेन। हेटौडा ३ निवासी जनकलालले १ हजार ५ सय र स्थानीय गोपीनाथ तिमाल्सिनाले २ हजार ५ सय रुपैयाँ संकलन गरि २०३९ साल साउन २७ गते मुर्तिको शिरोभाग जोड्ने काम सम्पन्न भयो। स्थानीय विकास मन्त्री कमल थापा हुँदा मकवानपुर जिल्ला विकास समितिलाई बजेट दिइ गोरखा मनकामनाको मन्दिर जस्तै कलात्मक मन्दिर निर्माण गर्नु भनी आदेश दिए। मन्दिरको उत्तर बायाँ पिपल, दायाँ वरवृक्षारोपन भएको छ। मन्दिरको दुईतलामध्ये तल्लो तलाको उत्तर र पुर्व प्रवेशद्वार छ। माथिल्लो तलामा आँखी झ्याल राखिएको छ। प्रतिक्षालय,सत्तल पनि निमार्ण भएको छ। हाल यसको इतिहासको जगेर्ना गर्नको लागि मकवानपुरगढी गाउँपालिका त्यस क्षेत्रको योजना सहित अगाडि बढेको छ।

६. सहिद रुद्रबहादुर पाखिन स्मृति वाटिका

यो स्थान हेटौंडा बजारबाट पूर्व पट्टी अग्लो डाँडामा ५ कि.मी दुरीमा पर्दछ। मकवानपुर गढी गाउँपालिकाको वडा नं. ४ कालिखोलाको शान्ति चोकमा करिब ४० रोपनी जग्गा र रानी सामुदायिक वन उपभोक्ता समिति चौघडाको जमिन समेत उपभोग गर्ने गरि पिकनिक स्थल, प्रतिक्षालय, शौचालय, सभा कक्षा र स्नान घर समेत निर्माण गरिएको छ। यहाँबाट हेटौंडा बजार हटिया, हर्नामाडी र औद्योगिक क्षेत्र स्पष्ट अवलोकन गर्न सकिन्छ।

२०६३ साल मंसिर ९ गते ७० जनाको भेलाले, रामहरि दाहालको संयोजकत्वमा ११ सदस्यीय सहिद रुद्र स्मृति उद्यान तदर्थ समिति गठन गरेको थियो। २०६३ पौष १८ गतेको प्रथम बैठकले राम शरण दाहालको अध्यक्षतामा सहिद रुद्र स्मृति बाटिका स्थापना गर्ने र दर्ता प्रक्रिया अगाडि बढाउन व्यवस्थापन समिति गठन गठन गरि कार्यको सुरुवात गरेका थिय। २०५२ साल फाल्गुण १ गते देखि नेपाल कम्यूनिष्ट पार्टी (माओवादी) पार्टीले सशस्त्र जनयुद्धको प्रारम्भ गरेको मिति बाटै रुद्र बहादुर पाखिन यस जनयुद्धमा भूमिगत हुँदै २०५४ सालाबाट पूर्ण भूमिगत हुनु भयो। उहाँले आफ्नो जिलला मात्र नभई पार्टीको निर्देशनमा विभिन्न जिललाहरुमा पार्टीको अगुवाई गर्दै आउनु भएको थियो। वहाँकै नेतृत्वमा मकवानपुर जिल्लामा जनसरकार घोषणा गर्ने सिलसिलामा २०५९ पौष २८ गते फापरबारी जाने क्रममा बाटोमा भेटेको शाही सेना र प्रहरीको टोलीले छतिवनमा नियन्त्रणमा लिइ हत्या गरे र सँगै गएका साथी राजेन्द्र नेपालको पनि भोलिपल्ट हत्या भयो।

यसरी क. रुद्र पाखिैन 'रमेश' जनताको मुक्तिको लागि लड्दा लड्दै सहिद हुनु भयो। वहाँ अत्यन्तै मिलनसार, इमान्दार, हतियार र पदको दम्भ नगर्ने, अरुको कमजोरीको टिप्पणी गर्नु भन्दा आफ्नो कमजोरीप्रति सहज र सचेत हुने व्यक्तित्वको रुपमा चिनिनु हुन्थ्यो। यसैको सम्मान र सम्झनामा मकवानपुरगढी गाउँपालिकाको कार्यालयले शहिद रुद्रबहादुर पाखिन स्मृति वाटिका निर्माण गरेको हो।

७. एकीकरण बिजयी पार्क

१८१९ भद्र ९ गते गोर्खाली फौजले मकवानपुरे राजा दिग्बन्धन सेनलाई पराजित गरेका थिए। मकवानपुरे सेन राज्य तराई समेत समावेस भएको ठुलो राज्य थियो, बंगालीहरुको मुगल मुसलमानी शासकसंग परिचय

थियो । गोर्खालीबाट पराजित भए पश्चात राजा दिग्बन्धन सेन र सेनका परिवार समेत मकवानपुर राज्य अन्तर्गत हरिहरपुर गढीमा गइ बसेका थिय र त्यहाँ पनि गोर्खाली सेनाहरु पुगेर बि.स.१८१९ असोज २२ गते कब्जा गरे । त्यहाँबाट पनि भागेका पराजित राजा दिग्बन्धन सेन र मन्त्रि कणकशिंह बनियाँ समेत भएर बंगालका नबाब मिरकासिम समक्ष आफ्नो कुरा पुऱ्याय । मिर कासिमल पनि पाहाड तर्फ कुनै प्रदेशमा अधिपत्य जमाउन खोज्दै थिए, त्यस समयमा अन्ग्रेजसंग पनि लड्न पर्ने अवस्था सिर्जना हुँदै आएकोले सेन राजा र मिरकासिम दुबै विचको कुरा मिलेर सहमति जनाए ।

गुरगिल खाँलाई सेनापति बनाएर मिरकासीमको सेना पठाए । १८१९ पौष २७ गते हर्नामाडी चौकी आक्रमण गरे । मधेशका मुसलमानी फौज पहाडतर्फ उक्लन नसकेर फेदिमा अस्थाई मुकाम कायम गर्ने तर्फ लगे । फेदि तर्फ गोठ र गोठमा अन्नबालि पनि भण्डारण गरेका थिए । मिरकासीमका सेनाहरु देखेर गोठमा भएका गोठालाहरुपनि त्यहाँबाट भागेर घर माथिको गढीमा गएर सबैलाई फिरग्गीको फौज आइ हाम्रा गोठमा भएका खाद्यान्नहरु लिएर खाईरहेका छन् भनेर खबर गाउँ भरि हल्ला हल्ला गरिदिए,मिरकासिमका सेनाहरु चुन डाँडा, सालक पार्क शिखर कटेरी जानको लागि बाटो बनाउन जाँदा सिस्नु र अल्लो ले पोलेकोले अगाडि बढ्न सकेनन् । गोर्खाली सेनापति ननार्सिंग बस्नेत, केहर सिंह बस्नेत, बंस राज पांडे, हर्क पन्त, जीव शाह र राम कृष्ण आदिले मगद नबाब मिर कासिमका सेना माथि डाँडाबाट गोर्खालीहरुले ढुंगा मुडा बारुलो, अरिंगाल आदि लगाएर एक्कासि आक्रमण गरे ।

अहिलेको एकिकरण विजय पार्क



डि.पि.आर. एकिकरण विजय पार्क

यो बिदेशीसँगको पहिलो युद्द गोर्खालीले बिजय गरेको थियो । यो युद्द बाट गोर्खालीहरुलाइ ५०० जति बन्दुग २ तोप र अन्य हातहतियार लाभ भएको थियो । आफ्नो सेनालाई अझ ससक्त रुपमा अगाढी बढाउन राजा पृथ्वी नारायण शहाले बि.स.१८१९ मा गोरख कम्पनि स्थापना गरेका थिय । गुरिल्ला युद्ध गर्दा गर्दै अन्तिम युद्ध १८१९ माघ १० गते सम्म मिरकासिमको १७०० सेनालाइ युद्द भूमिमै ढले, बचेका सेना लिएर गुर्गरिल खाँ आफ्नै घरतर्फ भागे र गोर्खालीहरुकोको बिजयी भएको थियो त्यहिँ बिजयको सम्झनामा मकवानपुरगढी वडा नं. ३ मा एकिकरण विजय पार्क निर्माण कार्य सुरु गरिएको छ साथै त्यहिँ बिजयको सम्झनामा बार्षिक रुपमा बिजय जुलुस मनाउने गरिएको छ ।

८. ऋषेश्वोर गुफा

यो गुफा गढी गा.पा. वडा न.८ बुडिचौरमा आवस्थित छ । यो प्राचिन गुफा हो । यहाँ आएर भक्तजनहरुले ऋषेश्वर महादेव-माणिको पूजा आज गर्ने गर्दछन । यहा विभिन्न देबी देवताका विभिन्न मूर्तिको आकार प्रकारहरु स्वयम निर्माण भएको पाइन्छ । यहाँ विभिन्न चाड पर्व र बिशेष गरि फागु पूर्णिमाको दिन मेला लाग्ने गरेको छ । ऋक्षेत्रश्वर गुफाको अवलोकन गर्दा कास्कि जिल्ला, पोखरा स्थित पाताले छाङ्गोको अनुभव संगाल्न सकिन्छ ।

पहिलेको ऋषेश्वर गुफा



अहिलेको ऋषेश्वर गुफा

मकवानपुरगढी गाउँपालिका ऋषेश्वर गुफालाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नको लागि गुफा प्रवश गर्ने सडकको स्तरउन्नति (स्ल्याब ढलान) गरिएको छ, कोशेली घरको निर्माण, पैदल यात्राको लागि सिडि सँगै रेलिङको निर्माण गरेको छ। आगामि दिनमा यसलाई अझ बढि प्रभावकारी ढङ्गले विकास गर्न गुफा स्थित भरना अवलोकन गर्नको लागि पक्कि पुल निर्माण गरी बन्जि-जम्पको संरचना समेत व्यवस्था साथै गुफा प्रवेश गर्ने स्थान नजिकै गौतम बुद्धको मुर्ति निर्माण गरिने योजना सहित गाउँपालिका अगाढि बढेको छ।

९. खुँडेधार ऐतिहासिक पदमार्ग

मकवानपुरगढी गाउँपालिका अन्तरगत वडा न. ८ बुढिचौरमा अवस्थित ऐतिहासिक खुडेधार डाँडाले आफ्नै ऐतिहासिक महत्व बोकेको छ। पृथ्वी नारायण शाहको नेपाल एकिकरण गर्ने समयमा मकवानपुरमाथि पनि आफ्नो कब्जा जमाउने सोच राखे र त्यसबखत मकवानपुर तर्फ जान र आउनको लागि प्रयोग गरिने मार्गको रुपना खुडेधार पदमार्गलाई लिईन्छ।

यस मार्गलाई पृथ्वि नारायण शाहको ससुरालि आवतजावत गर्ने मार्गको रुपमा पानि चिनिने गरिन्छ । जुन करिब १ घण्टा समय लाग्ने पैदल मार्ग, बिच बिचमा चिसो हावा र मनमोहक प्राकृतिक दृश्य अवलोकन गर्दै उकालो तर्फ साना साना खुड्किलो चढि डाँडामा पुग्न सकिन्छ। हेटौडा देखि २५ किमि टाढा र कान्तिलोकपथदेखि करिब १२ किमि. टाढा पर्दछ। यहि खुडेधार पदमार्गहुदै शाहाकलिन राजाहरु घोडा सवारि गर्ने गरेका भन्ने भनाई रहेको छ। यसको ऐतिहासिक जगेर्नाको लागि गाउँपालिकाले संरक्षण र प्रवर्दन गर्दै आएको छ।

१०. पल उग्रेन देछेन छोईलिङ गुम्बा

मिति २०७४ सालमा स्थापना गरिउको सुकौरा स्थित पल उग्रेन देछेन छोईलिङ गुम्बा रमणिय स्थानमा अव्यवस्थित रहेको छ। यस गुम्बा बौद्ध धर्मावलम्बीको लागि लक्षित गरि निर्माण गरिएको छ। स्थापनाको क्रममा २०७४ सालमा लामा गुरुद्वारा सिलान्यास गरि निर्माण कार्यको सुरुवात गरिएको थियो। वडा

कार्यालय र सुकौरा बासिको पहल र प्रस्तावमा यस गुम्बाको निर्माण कार्य सुरु भएको हो । यो गुम्बाको पश्चिम तर्फ ७ नं. वडा कार्यालय रहेको छ भने दक्षिण तर्फ सूर्य बहादुर वि.क.को जेथा रहेको छ। मुख्य मागृबाट १५ मिनेटको पैदल यात्रा पछि गुम्बामा पुगन सकिनेछ, जहाँबाट प्राकृतिक सौन्दर्य हेर्न सकिनेछ।

वार्षिक रुपमा मकवानपुरगढी गाउँपालिकाको आर्थिक साहयतामा यो गुम्बाको निर्माण कार्य हुँदै छ। वि.सं. २०७६ सालमा रु दस लाख र २०७७ सालमा १५ लाख रुपैया विनियोजन गरी यो गुम्बालाई भव्यताका साथ सम्पन्न गर्ने लक्षका साथ गाउँपालिका लागि परेको छ।

पर्यटकीय क्षेत्रहरू झल्कने नक्सा:



श्रोतहरू

भौगोलिक अवस्थिति

- स्रोत संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७४

गा.वि.स विवरणस्

- राष्ट्रिय जनगणा २०६८ अनुसार
- सरसफाई रणनीतिक कार्य योजना २०६७
- जिल्ला वस्तुगत विवरण २०७१ मकवानपुर
- वालवोधमा वि.हिरक जन्मोत्सव २०६७ गोकर्णराज मस्त पृष्ट २७-३१
- रामजी प्रसाद वाँस्कोटाको भनाइ
- मकवापनुर परिचय लेखक आफै प्रकाशक शंकर लाल श्रेष्ठ
- वरियापुरको गढीमाइ सम्बन्धी लेख ।
- नेपालको समिक्षात्मक इतिहास प्रा.डा. रामप्रसाद उपाध्याय
- जिल्ला कृषि विकास कार्यालय मकवानपुरको तथ्याङक
- जिल्ला वस्तुगत विवरण-२०७१
- सामुदायिक वन समूहको पुस्तिका २०७४
- हेटौडा सन्देश दैनिक आलेख
- गोरखा पत्र दैनिक २०३५ पौष ०९ गते

मकवानपुरको चण्डीनिदेवी

- नेपालको प्राचीन र मध्यकालिन इतिहासमा प्रा.डा. रामप्रसाद उपाध्यायले लेखेका छन् ।
- केदार प्रसाद न्यौपाने, हेटौंडा सन्देश दैनिक हेटौंडा

मकवानपुरगढीमा सिक्रीले बाधेको मुर्ति

- बाबुराम आचार्य नेपालको इतिहास ।
- मेची-महाकाली २०३१ जेष्ठ सूचना विभाग काठमाडौं ।
- डिल्लीराज शर्मा २०५५ नेपालका किल्ला र वास्तुकलाहरु ।
- प्राचीन नेपाल १४७(२०५८ पुरातत्व विभाग काठमाडौं ।
- गढीहरुको प्रतिवेदन २०६० पुरातत्व विभाग काठमाडौं ।
- मकवानपुर परिचय लेखक आफ्नो पृष्ठ १-२९ ।
- प्रकाश दर्नाल हाम्रो संस्कृति धरोहरहरु पृष्ठ-१०५-१०८ ।

सेन राज्य

- बासुदेव लाल दास मकवानपुरको ऐतिहासिक रुपरेखा पृ.७६
- पुरातत्व पत्र संग्रह भाग २ शङकर मान राजवंशी पृ. ८
- बासुदेव लाल दास पूर्व क.पृ. ५६
- बाल चन्द्र शर्मा नेपालको इतिहासबाट

- बासुदेवलाल दास मकवानपुरको पृ. ५७
- केदार प्रसाद न्यौपाने मकवानपुर परिचयबाट
- बासुदेवलाल दास ऐ.ऐ. पृ. ५८
- बासुदेवलाल ऐ. ऐ. पृ. १३६, १३७

ईन्द्रकुमारिको विवाह,घर माइतीका कुरा

- सहिद रुद्रस्मृति ब्रुसर
- आफैले लेखेको तत्कालिन हेटौंडा सन्देश दैनिकको लेख ।
- तत्कालिन प्रत्यक्ष भएको वार्तालाभ ।
- राजा पृथ्वीनारायण शाहको जिवानी र दिव्योउपदेश इतिहास शिरोमणी बाबु राम आचार्य ।

नेपालमा सेनवशीं राजाहरु

- प्राचीन नेपाल सेन वंशीय राजाहरु र राज्यकाल पूर्वप्रधानमन्त्री मातृका प्रसाद कोइराला र मध्यकालिन इतिहास प्रा.डा. रामप्रसाद उपाध्याय पृ. १५५
- सेन वंशी राजाहरुको ऐतिहासिक परिचर्चा कुलचन्द्र कोइराला प्राचीन नेपाल सम १०५ पुरातत्व विभाग काठमाडौं ई.स. १९८८ पृ.१८
- मकवानपुरको ऐतिहासिक रुपरेखा बासुदेबलाल दास पृ. २७-२८
- मकवानपुरको ऐतिहासिक रुपरेखा बासुदेबलाल दास पृ. २८-२९
- कल्चरल हेरिटेज अफ मिथिला अण्डर दी कर्नाटक इलाहावाद मिथिला प्रकाशन इ.स. १९७९ विजयकान्त मिश्र पृ. ४८
- हिस्ट्री अफ विहार राधाकृष्ण चौधरी मध्यपुरा विहार ई.स. १९५८ पृ. ९८-९९
- मेचीदेखि महाकालीखण्ड पूर्वाञ्चल सूचना विभाग वि.स. २०३१ पृ. ८०९ काठमाडौं
- मकवानपुरको सेनवंश मातृका प्रसाद कोइराला प्राचिन नेपाल पुरातत्व विभाग ई.स. १९६८ पृ. १७
- दिडिस एपी एरलेन्स एण्ड रिऐपी यरेन्स अफ जनकपुर कैलाश रिचर्ड वर्घट भाग-६, संख्या-४
- रत्न पुस्तक भण्डार इ.स. १९७८ पृ. २६७
- प्राचीन नेपाल सेन वंशीय मातृका प्रसाद कोइराला पृ. १७
- एम. एस. रान्धवा पूर्वोक्त पृ. ११०
- मकवानपुरको सेन वंश पृ. १७
- बराह क्षेत्र र केही अन्य स्थल प्राचीन नेपाल संख्या-४, जनकलाल शर्मा पुरातत्व विभाग ई.स. १९६८ पृ. २८-३०
- मकवानपुरको ऐतिहासिक रुपरेखा बासुदेवलाल दास वि.स. २०६८ पृ. ३१
- मधुसुधन मुखोपाध्यय पश्चिम हिमालय सेन राजवंश देश पाक्षिक पत्रिका कलकत्ता आनन्द बजार ३० जुलाई १९९४ पृ. ६५७५
- दि ब्रिटेनीका एटलस सिकागो इन्साइकलोपोडिया ब्रिटेनीका इन्क इ.स. १९७९ पृ. ११६
- हिन्दी विश्वकोष खण्ड ५ बाराणसी प्रचारिणी सभा इ.स. १९६५ पृ. ३४५
- मकवानपुरको सेन वंश मातृका प्रसाद कोइराला पृ. १८
- साँस्कृतिक सम्पदाको प्रारम्भिक सर्वेक्षण प्रतिवेदन साफल्य अमात्य वि.स. २०४२-२०४६ भाग-८, पुरातत्व विभाग २०४६ पृ. ८९-९०

सेन राज्यका राजाहरुस्लोहनसेन देखि दिगवन्दनसेन

- सेन वंशावली शंकरमान राजवंशी विर पुस्ताकालय काठमाडौं पृ.३
- मेचीदेखि महाकाली खण्ड, पूर्वाञ्चल, सूचना विभाग काठमाडौं वि.स.२०३१ पृ.८२२

- साफल्य अमात्य सप्तरीको चन्द्रभागा र कान्छा खोरियाका भग्नावशेषहरु प्राचिन नेपाल संख्या पृ ४९ ५२ पुरातत्व विभाग
- सेन वंशावली शंकरमान ऐ.ऐ
- राजवंशीद्वारा सम्पादीत पुर्वोक्त पृ.२३
- मकवानपुर परिचय लेखक केदारप्रसाद न्यौपाने, प्रकाशक शंकरलाल श्रेष्ठ पृ. २
- पाल्पा राज्यको इतिहास खण्ड-१ विष्णुप्रसाद धिमिरे वि.स. २०४५ पृ. ३१ चितवन
- सेन वंशावली ऐ.ऐ.ऐ. पृ. ३
- हिष्ट्री अफ बिहार मधिपुरा राधाकृष्ण चौधरी ई.स. १९५८ पृ. ११३
- मैथली अकादमी उमापति पटना
- रामदेव झा ई.स. १९८० पृ. १२
- पुरातत्व पत्र संग्रह शंकरमान राजवंशी ऐ.ऐ.
- एन एकाउण्ट अफ दि किङ्डम अफ नेपाल एण्ड अफ दि टेरिटोरिज ऐनेकस टु दिस डोमिनियन बाइ दि हाउस अफ गोर्खा ई.स. १९८६
- सेन वंशावली पृ. ४
- अधबारा नदी बिहारमा भनिन्छ
- ह्यामिलटन ऐ.ऐ. पृ. १३४/१३५
- मकवानपुरको ऐतिहासिक रुपरेखा बासुदेवलाल दास विरगञ्ज पृ. ४६
- मकवानपुरको ऐतिहासिक रुपरेखा पृ. ४६
- वरघट नियर दि दृष्य पियररेन्स एण्ड रिरे पियररेन्स अफ जनकपुर भाग-६, संख्या ४
- ज्ञानमणी नेपाल निरुक्त काठमाडौं नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान वि.सं. २०४० पृ.२१३
- सेन वंशी राजाहरुको ऐतिहासिक परिचर्चा प्राचिन नेपाल पृ. संख्या १०५
- मकवानपुरको ऐतिहासिक रुपरेखा बासुदेब लालदास ठाकुरराम बहुमुखी क्याम्पस विरगञ्ज पृ.४७
- मकवानपुर परिचय केदार प्रसाद न्यौपाने प्रकाशक शंकरलाल श्रेष्ठ पृ.४
- कुलचन्द्र कोइराला पूर्वो तर पृ.१८
- कुलचन्द्र कोइराला
- डिल्लीरमण रेग्मी मोर्डन नेपाल पूर्वोक्त पृ.७१
- बालचन्द्र शर्मा नेपालको ऐतिहासिक रुपरेखा वाराणसी पृ. २०६
- मकवानपुरको ऐतिहासिक रुपरेखा ऐ.ऐ.पृ.४७-४८
- रामदेव झा. उमापति पटना मैथली एकेडेमी इ.स. १९८० पृ. १९
- सुरेन्द्र सुमन झा., रामदेव झा. सम्पादित मैथली प्राचीन गीताली पटना इ.स. १९७७ पृ. १८
- लक्ष्मी आचार्य देशको माटो देशको ढुङ्गा भाग-२ धरान, वि.स. २०३० पृ. १५९
- स्टीलर लुडविग एफ. पृथ्वी नारायण शाह इन दि लाइट अफ दिव्य उपदेश काठमाडौं इ.स. १९६८
- पृ.४३
- बाबुराम आचार्य श्री ५ वडामहाराज पृथ्वी नारायण शाहको संक्षित जीवन १७२३(१७७५ इ.स. भाग-४ पृ. १२०-१२८
- मकवानपुरको ऐतिहासिक रुपरेखा ऐ.ऐ.ऐ. पृ.४८
- मकवानपुर परिचय भाग-१ ऐ.ऐ.ऐ. पृ. ४
- मकवानपुर परिचय ऐ.ऐ.ऐ. पृ. ५
- मकवानपुरको ऐतिहासिक पुरानो परिचय पृ.४९
- रामदेवको उमापति पूर्वोक्त पृ. २३
- मकवानपुरको ऐतिहासिक परिचय ऐ.ऐ.

- मकवानपुर परिचय ऐ.ऐ.
- बासुदेव लाल दास मकवानपुरको ऐतिहासिक रुपरेखा पृ.७६
- पुरातत्व पत्र संग्रह भाग २ शङ्कर मान राजवंशी पृ. ८
- बासुदेव लाल दास पूर्व क.पृ. ५६
- बाल चन्द्र शर्मा नेपालको इतिहासबाट
- बासुदेवलाल दास मकवानपुरको पृ. ५७
- केदार प्रसाद न्यौपाने मकवानपुर परिचयबाट
- बासुदेवलाल दास ऐ.ऐ. पृ. ५८
- बासुदेवलाल ऐ. ऐ. पृ. १३६, १३७

मकवानि सेन राजाको वंशावली

- वशुद्धनन्द पाठक उत्तर भारतका राजनीतिक इतिहास ६००-१२०० ई.सं. प्रदेश हिन्दी संस्थान लखनउ पृ.३१५
- इण्डियन हिस्टोरिकल भाग ३ विशुद्धनन्द पाठक पृ.१८८
- मकवानपुरको ऐतिहासिक रुपरेखा बासुदेवलाल दास पृ.२८
- निर्मल श्रेष्ठ सेनकालिन इतिहास कला र संस्कृति प्रकाशक केशलक्ष्मी श्रेष्ठ पृ.८-९
- केदारप्रसाद न्यौपाने मकवानपुर परिचय भाग-२ बुक आर्ट नेपाल कुलेश्वर काठमाण्डौ पृ.१-६

गोर्खालीहरुबाट मकवानपुर विजय

- श्री ५ वडा महाराजधिराज पृथ्वीनारायण शाहको जीवनी बाबुराम आचार्य, साझा प्रकाशन
- नेपालको तथ्य इतिहास डा. राजाराम सुवेदी, साझा प्रकाशन
- नेपालको समिक्ष्यात्मक इतिहास डा. रामप्रसाद उपाध्याय साझा प्रकाशन
- दिव्य उपदेश सम्पादक बाबुराम आचार्य र योगी नरहरिनाथ।

पल उग्रेन देछेन छोईलिङ गुम्बा

- वडा न. ७ वडा अध्यक्ष

मनकामना मन्दिर

- प्राचीन नेपाल मातृकाप्रसाद कोइराला
- मकवानपुर परिचय लेखक आफ्नै पृष्ठ १२४
- हाम्रो सांस्कृतिक, प्रकाश दर्नाल पृष्ठ १३१
- नेपालको प्राचीन इतिहास प्रा.डा. रामप्रसाद उपाध्याय पृष्ठ ३०६
- नेपालका धार्मिक स्थलहरु घटराज भट्टराई पृष्ठ २२२

ऋषेश्वोर गुफा

जिल्ला कृषि विकास कार्यालय मकवानपुरको ०७१/०७२ को तथ्याङ्क

- जिलला विकासको बुलेटिन
- नेपालको तथ्य इतिहास प्रा.डा राजाराम सुवेदी
- हेटौंडा सन्देश दैनिक आफ्नै लेख।

सहिद रुद्रबहादुर पाखिन स्मृति वाटिका

- सहिद रुद्रस्मृति ब्रुसर
- आफैले लेखेको तत्कालिन हेटौंडा सन्देश

.....

.....

.....

.....

.....

.....

वासुदेव पार्क

वासुदेव पार्क

दुङ्गेगढी

दुङ्गेगढी

दुङ्गेगढी

दुङ्गेगढी

गुम्बा बुढीचौर

गुम्बा बुढीचौर मन्दिर

हेलीग्राफ

.....

.....

.....

पाराग्लाईडिङ्ग

कुवा

लङ दुङ्गा

मकवानपुरगढी

मकवानपुरगढी

मकवानपुरगढी

.....

रानी खोपा

.....

.....

.....

.....

रानीसेरा

रानीसेरा

रानीबास

रिकेश्वर गुफा

रुद्र बाटिका

शहिद रुद्र बाटिका

मकवानपुरगढी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मक्रान्चुली, मकवानपुर

बागमती प्रदेश, नेपाल

सम्पर्क : ९८५५०८८९६६

Email: info@makawanpurgadhimun.gov.np,
makawanpurgadhi.rmc@gmail.com

Website: www.makawanpurgadhimun.gov.np